# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोत्रपत्रको शीर्षक 'समालोचक राममणि रिसाल' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँपत्रको आंशिक परिपूर्ति गर्नु प्रस्तुत शोधकार्यको प्रयोजन रहेको छ ।

## १.३ विषय परिचय

कुनै पनि साहित्यिक कृतिको अध्ययन गरी तटस्थ रूपमा त्यसका सवल र दुर्वल, उत्कृष्ट र अनुत्कृष्ट पक्षको निर्धारण गर्नु समालोचना हो । साहित्यिक कृतिको विशेष तरिकाले परीक्षण, विश्लेषण गरी त्यस सम्बन्धी आफ्नो सहमती वा निर्णय दिनु समालोचना हो । सामान्यतया समालोचनालाई 'आलोचना' शब्दले पनि बुझाउने गरेको पाइन्छ । तैपनि यी दुई शब्दका बीच तात्विक अर्थगत भिन्नता पाइन्छ । आलोचना व्यापक, सन्तुलित र सर्वाङ्गपूर्ण भएपछि मात्र समालोचना हुन सक्दछ अर्थात कृतिकारको कुनै पनि कृति वा लेखको अन्तवार्ह्य पक्षको व्याख्या विवेचना गरी पूर्वाग्रह रहित भएर वैज्ञानिक रूपमा मूल्याङ्कन गर्ने पद्धतिलाई समालोचना भनिन्छ । सैद्धान्तिक निरूपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मष्तिकको महत्त्व बढी हुन्छ ।[१] त्यसैले समालोचनामा भावुकता वा कल्पनाभन्दा पर तुलना र विश्लेषणको मद्दतले आलोच्य कृतिको मूल्य निर्धारण गरिन्छ । साहित्य जीवन र जगतको समालोचना र

[१] कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), **साझा समालोचना** (काठमाडौं: साझा प्रकाशन, २०२५), पृ. ३ ।

व्याख्या हो भने समालोचना साहित्यको व्याख्या हो । त्यसैले समालोचना जीवनको व्याख्याको पनि व्याख्या हो ।

नेपाली समालोचनाको प्रारम्भ मोतीराम भट्टद्वारा लेखिएको **कवि भानुभक्त आचार्यको जीवनचरित्र** (१९४८) बाट भएको हो । मोतीराम भट्टद्वारा सुरू भएको नेपाली समालोचनाको परम्परा सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्म, बाबुराम आचार्य डा. इश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान, वासुदेव त्रिपाठी, अभिसुवेदी, इन्द्रबहादर राई, आनन्ददेव भट्ट, दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी, हिरामणि शर्मा, ठाकुर पराजुली, राममणि रिसाल, गोविन्द भट्ट, मोहनराज शर्मा, महादेव अवस्थी आदि हुँदै नवसमालोचकहरू रमेश भट्टराई, नेत्र एटम, रामप्रसाद ज्ञवाली आदिसम्म आइपुगेको देखिन्छ ।

उल्लिखित समालोचकहरू मध्ये प्रथम नेपाली समालोचक मोतीराम भट्टद्वारा भानुभक्तप्रति श्रद्धा गर्दै लेखिएको **कवि भानुभक्त आचार्यको जीवनचरित्र** बाट नेपाली प्रभाववादी समालोचनाको प्रारम्भ भएको पाइन्छ । मोतीराम भट्टद्वारा सूत्रपात गरिएको यसै प्रभाववादी नेपाली समालोचनाको परम्परामा २०२५ सालतिर समालोचक राममणि रिसाल देखापरेका हुन् । उनको पुस्तकाकार रूपमा दुईवटा समालोचनात्मक कृति **नेपाली काव्य र कवि** (२०३१) र 'माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना' (२०६३) प्रकाशित छन् । पुस्तकाकार रूपमा प्रकाशित यी दुई कृतिबाहेक उनका विभिन्न पत्रपत्रिकामा समालोचनात्मक लेखहरू प्रकाशित भएका छन । उनका समालोचनात्मक कृतिहरूको अध्ययन विश्लेषण भएको पाइँदैन । तसर्थ उनका समालोचनात्मक कृतिहरूको अध्ययन एवं विश्लेषण गरी रिसालको समालोचनाकारिताको मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मुख्य विषय रहेको छ ।

## १.४ समस्या कथन

प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छः–

(क) राममणि रिसालको जीवनी र व्यक्तित्व के कस्तो छ ?

(ख) नेपाली समालोचनाक्षेत्रमा राममणि रिसालको आगमन र यात्रा कहिले र कसरी भयो ?

(ग) राममणि रिसालका समालोचनात्मक कृतिहरू के कस्ता छन् ?

## १.५ शोधको उद्देश्य

उपर्युक्त समस्याहरूको समाधान प्रस्तुत गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । यस शोधपत्रका उद्देश्यहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छः–

(क) राममणि रिसालको जीवनी र व्यक्तित्वको परिचय प्रस्तुत गर्नु ।

(ख) नेपाली समालोचनाका क्षेत्रमा राममणि रिसालको आगमन र उनको समालोचनायात्राको विवेचना गर्नु ।

(ग) राममणि रिसालका समालोचनात्मक कृतिहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

राममणि रिसालको समालोचनाकारिताका बारेमा आजसम्म अध्ययन भएको पाइँदैन । उनको जीवनी र निबन्धकारिताका बारेमा मात्र चर्चा गरिएको छ । त्यसदेखि बाहेक उनका समालोचनात्मक कृति र उनका समालोचकीय प्रवृत्तिका बारेमा अध्ययन विश्लेषण भएको पाइँदैन । उनका बारेमा आजसम्म गरिएका चर्चा परिचर्चाहरू यसप्रकार छन्ः–

(क) रामलाल अधिकारीले **नेपाली निबन्धयात्रा** मा 'नेपाली साहित्यमा निबन्ध' शीर्षक भित्र निबन्धकारहरूको नाम टिपोट गर्ने क्रममा राममणि रिसालको पनि नाम उल्लेख गरेका छन् ।[२]

---

[२] रामलाल अधिकारी, **नेपाली निबन्ध यात्रा,** (दार्जिलिङः नेपाली साहित्य संचयिका, २०३२), पृ. ३१ ।

(ख) तारानाथ शर्माले 'नेपाली साहित्यको इतिहास' मा क्रान्ति उत्तर युगका नेपाली निबन्धकारहरूको नाम टिपोट गर्ने क्रममा राममणि रिसालको पनि नाम उल्लेख गरेका छन् ।[३]

(ग) डा. वासुदेवले त्रिपाठीले राममणि रिसालको **अक्षरपछि अक्षर** निबन्ध संग्रहमा भूमिका लेख्ने क्रममा उक्त संग्रहमा सङ्कलित निबन्धहरूका परिप्रेक्ष्यमा उनको निबन्धकारिताको विश्लेषण गरेका छन् ।[४] यही नै राममणि रिसालको निबन्धकारिताका बारेमा गरिएको पहिलो विस्तृत तथा सघन विश्लेषण पनि हो ।

(घ) ईवर बल्लभले पनि **अक्षरपछि अक्षर** निबन्ध संग्रहको भूमिका लेख्ने क्रममा राममणि रिसालको निबन्धकारिताका बारेमा चर्चा गरेका छन् ।[५]

(ङ) राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टिः द्रष्टा दृष्टि** मा नेपाली निबन्धको वर्तमान चरणको विवेचना गर्ने सन्दर्भमा राममणि रिसालको निबन्धकारिताको बारेमा पनि संक्षिप्त चर्चा गरेका छन् ।[६]

(च) गोपीकृष्ण शर्माद्वारा सम्पादित स्नातक तहको ऐच्छिक नेपाली विषयको पाठ्यपुस्तक **नेपाली निबन्ध** भाग २ मा राममणि रिसालको 'दुःख किन दुख्ने गर्छ' शीर्षकको निबन्ध सङ्कलित छ । यसमा निबन्धकार रिसालको संक्षिप्त जीवनी, उनका प्रकाशित कृतिहरू र उनको निबन्धकारिताको बारेमा छोटो चर्चा गरिएको छ ।[७]

---

[३] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** दो.सं., (काठमाडौं: संकल्प प्रकाशन, २०३९), पृ. २३३ ।

[४] वासुदेव त्रिपाठी, "राममणि रिसालका निबन्धहरू पढ्दा", **अक्षरपछि अक्षर,** (काठमाडौं: साझा प्रकाशन: २०४१), पृ. ङ ।

[५] ईश्वरवल्लभ, "निबन्धभित्र निबन्धकार", **अक्षरपछि अक्षर,** पूर्ववत्, पृ. ड ।

[६] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टिः द्रष्टा दृष्टि,** (काठमाडौं: साझा प्रकाशन, २०४३), पृ. १९० ।

[७] गोपीकृष्ण शर्मा (सम्पा.), **नेपाली निबन्ध,** (भाग १) (ललितपुर: साझा प्रकाशन, २०४८), पृ. १३९ ।

(छ) घटराज भट्टराईले नेपाली साहित्यकार परिचयकोशमा साहित्यकारहरूको परिचय दिने क्रममा राममणि रिसालको छोटो परिचयका साथै उनका प्रकाशित कृतिहरूको नामावली पनि प्रस्तुत गरेका छन् ।[८]

(ज) पुनम भट्टराईले **राममणि रिसालः जीवनी, व्यक्तित्व र कृतित्व** अप्रकाशित शोधपत्रमा रिसालको जीवनी, व्यक्तित्वका साथै कृतित्वको बारेमा सङ्क्षिप्त रूपमा चर्चा गरेकी छिन् ।[९]

(झ) जयदेव भट्टराईद्वारा सङ्कलित र सम्पादति **साहित्यकार परिचय र अभिव्यक्ति** मा साहित्यकारहरूको परिचय दिने क्रममा राममणि रिसालको परिचय दिनुका साथै उनका कृतिहरूको पनि उल्लेख गरेका छन् ।[१०]

(ञ) ललिजन रावल र उदय निरौलाले **सरकारी सेवा भित्रका साहित्यिक स्रष्टा र सिर्जना** मा राममणि रिसालको परिचयका साथै उनका कृतिहरू र उनको 'मलाई नसोध कहाँ दुख्छ घाउ' निबन्ध सङ्कलित गरेका छन् ।[११]

(ट) राजेन्द्र सुवेदीले अनुसन्धात्मक साहित्यिक पत्रिका **वाङ्मय** मा 'आधुनिक नेपाली निबन्ध शिक्षण' शीर्षकमा रागात्मक संवेदनाका उत्कर्षतिर ढल्केको निबन्धकारहरू भनी राममणि रिसालको नाम पनि उल्लेख गरेका छन् ।[१२]

(ठ) डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको संक्षिप्त इतिहास** मा नेपाली निबन्ध शीर्षक अन्तर्गत आधुनिक कालका निबन्धकारहरूको चर्चा गर्ने

---

[८] घटराज भट्टराई, **नेपाली साहित्यकार परिचयकोश,** (काठमाडौंः नेशनल रिसर्च एशोसियट्स, २०५१), पृ. ४२६ ।

[९] पुनम भट्टराई, **राममणि रिसालः जीवनी व्यक्तित्व र कृतित्व,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५४) ।

[१०] जयदेव भट्टराई (सम्पा.), **साहित्यकार परिचय र अभिव्यक्ति,** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४), पृ. ४०९ ।

[११] ललिजन रावल र उदय निरौला (सम्पा.), **सरकारी सेवाभित्रका साहित्यिक स्रष्टा र सिर्जना,** (काठमाडौंः अनुराग साहित्यिक प्रकाशन, २०५६), पृ. ११ ।

[१२] राजेन्द्र सुवेदी, 'आधुनिक नेपाली निबन्ध शिक्षण', **वाङ्मय,** (वर्ष १०, पूर्णाङ्क १०, २०५७।५८), पृ. १८ ।

क्रममा र नेपाली समालोचना शीर्षक अन्तर्गत नेपाली आलोचना क्षेत्रमा दरो र खरो पाराले लाग्नेहरूमा राममणि रिसालको नाम पनि उल्लेख गरिएको छ ।[१३]

(ड) ईश्वर वल्लभले राममणि रिसालको **म एक म अनेक** निबन्ध संग्रहको भूमिका लेख्ने क्रममा राममणि रिसालको निबन्धकारिताको चर्चा गर्दै रिसाल यदाकदा शोधक यदाकदा विश्लेषक तथा अन्वेषक भएको कुरा बताएका छन् ।[१४]

(ढ) पुष्पराज खतिवडाले **राममणि रिसालको निबन्धकारिता** अप्रकाशित शोधपत्रमा रिसालका निबन्धहरूको कालक्रमिक विवेचना गर्दै रिसालको निबन्धकारिताको बारेमा चर्चा गरेका छन् ।[१५]

(ण) राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** पुस्तकमा राममणि रिसाल सम्वेदनशील र प्रभावपरक मूल्यका समिक्षक सिद्ध भएको कुरा उल्लेख गरेका छन् ।[१६]

(त) राजु भुसालले **समालोचनाको स्वरूप र प्रकार** शीर्षकको लेखमा प्रभाववादी नेपाली समालोचकको नाम टिपोट गर्ने क्रममा राममणि रिसालको नाम पनि उल्लेख गरेका छन् ।[१७]

यसरी हेर्दा राममणि रिसालको निबन्धकारिताका बारेमा थुप्रै चर्चा परिचर्चाहरू भएको देखिन्छ । तर उनका समालोचनात्मक कृति र समालोचकीय प्रवृत्तिहरूको बारेमा भने अध्ययन र मूल्याङ्कन भएको पाइँदैन । तसर्थ राममणि रिसालका

[१३] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सक्षिप्त इतिहास,** छै.सं., (काठमाडौंः साझा प्रकाशन, २०५९), पृ. १२९ र १६७ ।

[१४] ईश्वरवल्लभ, 'अहिलेको सर्वोपरि विषय', **म एकः म अनेक,** (ललितपुरः श्रीमती अरूणा रिसाल, २०६०), पृ. ग ।

[१५] पुष्पराज खतिवडा, **राममणि रिसालको निबन्धकारिता,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६१) ।

[१६] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** (वाराणसीः भूमिका प्रकाशन, २०६१), पृ.

[१७] राज भूसाल, समालोचनाको स्वरूप र प्रकार', **कुञ्जिनी**, (वर्ष १२, अङ्क ५, २०६१।६२), पृ. १८१ ।

समालोचनाहरूको अध्ययन गरी उनको समालोचनाकारिताको मूल्याङ्कन गर्नु प्रस्तुत शोधपत्रको प्रमुख लक्ष्य रहेको छ ।

## १.७. शोधकार्यको औचित्य र महत्त्व

नेपाली समालोचनाको क्षेत्रमा पुस्तकाकार रूपमा दुईवटा समालोचनात्मक कृति र अन्य थुप्रै फुटकर समालोचनात्मक लेखहरू पत्रिकामा प्रकाशित गरिसकेका राममणि रिसालको समालोचनात्मक कृतिमा केन्द्रित भएर उनको समालोचकीय योगदान पर्गेल्ने कार्य अहिलेसम्म भएको पाइँदैन । त्यसैले उनका समालोचनात्मक कृतिहरूको अध्ययन एवं विश्लेषण गरी ती समालोचनामा उनले दिएको योगदानको विस्तृत रूपमा चर्चा गरिएको यो शोधकार्य स्वतः औचित्यपूर्ण छ, यसको आफ्नै महत्त्व पनि छ । भविष्यमा समालोचक राममणि रिसालको बारेमा जानकारी लिन चाहने सम्पूर्ण व्यक्तिहरूका लागि यो शोधपत्र महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

निबन्धकार तथा समालोचक राममणि रिसालका दुई वटा पुस्तकाकार समालोचनात्मक कृति, आठवटा निबन्धसंग्रह तथा विभिन्न पत्रपत्रिकामा थुप्रै फुटकर समालोचनात्मक लेखहरू प्रकाशित भइसकेका छन् । यस शोधपत्रको क्षेत्र समालोचना भएको हुँदा समालोचना बाहेकका अन्य कृतिहरूको अध्ययन यसमा गरिएको छैन ।यस शोधपत्र राममणि रिसालको जीवनी र व्यक्तित्वका विविध पक्षहरूको संक्षिप्त अध्ययन गर्दै उनका सबै समालोचनाहरूको अध्ययन विश्लेषण गरिएको छ । साथै उनका समालोचनात्मक चेत भएका निबन्धहरूको पनि संक्षिप्त रूपमा चर्चा गरिएको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य गर्दा आवश्यक सामाग्रीको सङ्कलन मुख्य रूपमा पुस्तकालयीय विधिको आधारमा गरिएको छ । यसका साथै अध्ययनको सिलसिलामा आवश्यकतानुसार शोधनायकसँग तथा शोधनायकका परिवारजन, आफन्त नातेदारसँग प्रत्यक्ष भेटवार्ता गरी सामाग्री सङ्कलन गरिएको छ । यसका साथै सम्बद्ध क्षेत्रका विद्वानहरूसँग सोधपुछ गरी आवश्यक जानकारी लिइएको छ ।

### १.९.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधपत्रमा सङ्कलित सामाग्रीलाई विश्लेषण गर्दा व्याख्यात्मक, विश्लेषणात्मक तथा विवेचनात्मक विधि प्रयोग गरिएको छ । पूर्वीय र पाश्चात्य साहित्य समालोचना सिद्धान्तमा रहेका विभिन्न वाद र प्रवृत्तिहरूको अध्ययनलाई पनि शोधको आधार बनाइएको छ ।

## १.१० शोधको अवधि

प्रस्तुत शोधपत्रको तयारीका लागि सामाग्री सङ्कलन दुई महिना, सामाग्रीको वर्गीकरण, व्याख्या, विश्लेषण, लेखन र परिष्कारका लागि चार महिना र टङ्कन, गातावन्दी र प्रस्तुतीकरणका लागि दुई महिना गरी जम्मा आठ महिनाको समय लागेको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्कलित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न लिखित ५ परिच्छेदहरूमा विभाजन गरिएको छ–

प्रथम परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : राममणि रिसालको संक्षिप्त जीवनी र व्यक्तित्व

तेस्रो परिच्छेद : नेपाली समालोचनापरम्परामा राममणि रिसालको आगमन र उनको समालोचनायात्रा

चौथो परिच्छेद : राममणि रिसालका समालोचनात्मक कृतिहरूको विश्लेषण

पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

यसरी प्रस्तुत शोधपत्रलाई उपर्युक्त पाँच परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकतानुसार यसका प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उपशीर्षकहरूमा समेत विभाजित गरिएको छ । यसको पहिलो परिच्छेदमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा राममणि रिसालको संक्षिप्त जीवनी र व्यक्तित्वको चर्चा गरिएको छ । तेस्रो परिच्छेदमा नेपाली समालोचनापरम्परामा राममणि रिसालको आगमन र उनको समालोचनायात्राको निरूपण गर्ने प्रयास गरिएको छ । चौथो परिच्छेदमा राममणि रिसालका समालोचनात्मक कृतिहरूको विश्लेषण गरिएको छ । पाचौं परिच्छेदमा उपसंहार तथा निष्कर्ष दिइएको छ ।

**सन्दर्भ विवरण:**

यस शोधपत्रको अन्त्यमा सन्दर्भ ग्रन्थ शीर्षकअन्तर्गत पुस्तक तथा पत्रपत्रिकाहरूको सूची प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# राममणि रिसालको जीवनी र व्यक्तित्व

## २.१ राममणि रिसालको जीवनी

### २.१.१ जन्म र जन्मस्थान

राममणि रिसालको जन्म वि.सं. १९९७ साल भाद्र २४ गते रविसप्तमी तिथिमा हालको ललितपुर जिल्लाको भैंसेपाटी गा.वि.स. वार्ड नं. ३ को सैंबु भन्ने ठाउँमा भएको थियो ।[१८] विश्वनाथ रिसालकी दोस्री धर्मपत्नी चित्रकुमारीका कोखबाट पहिलो सन्तानका रूपमा राममणि रिसालको जन्म भएको थियो ।[१९] यिनको न्वारानको नाम नीलनाथ थियो ।[२०] राममणि रिसालका बाबु विश्वनाथ रिसाल धार्मिक आस्था भएका व्यक्तित्व थिए ।[२१] उनको सम्पूर्णजसो जीवन पुराण-कथा वाचन र समाजसेवा गर्न नै व्यतित भएको थियो । उनका घरमा सधैं रूद्रीपाठ हुने गर्दथ्यो । उनी कुशल पुरणवाचक थिए । यसले गर्दा जनसाधारणका साथै तत्कालीन प्रभावशाली राणाप्रधानमन्त्री श्री ३ जुद्धशमशेर समेत यदाकदा उनका श्रोता हुन पुगेका थिए ।[२२] पण्डित विश्वनाथ रिसाल पुराणवाचनका साथै अन्य समाज उपयोगी असल कार्यमा पनि संलग्न रहन्थे ।[२३] उनी नाउँ चलेका ज्योतिष पनि थिए । ज्योतिष विद्याको अध्ययन, प्रचार र सेवामा पनि उनले आफूलाई संलग्न तुल्याएका थिए । त्यसैले हरेक दिन बिहानैदेखि उनका घरमा ग्रहदशा देखाउनेहरूको भीड लाग्दथ्यो ।[२४]

---

[१८] पुनम भट्टराई, **राममणि रिसालः जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५४), पृ. ८ ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन, पृ. ६ ।

[२२] ऐजन ।

[२३] ऐजन, पृ. ७ ।

[२४] ऐजन ।

पण्डित विश्वनाथ रिसालको पहिलो विवाह टेककुमारी आचार्यसँग भएको थियो ।[२५] टेककुमारीको निसन्तान अवस्थामै देहावसान भएकाले विश्वनाथ रिसालको दोस्रो विवाह भक्तपुर दुवाकोटस्थित न्यौपाने गाउँ निवासी तुलसीराम पराजुलीको सुपुत्री चित्रकुमारी पराजुलीका साथ भएको थियो ।[२६] विश्वनाथ रिसालकी यिनै कान्छी धर्मपत्नी चित्रकुमारीको कोखबाट काठमाडौं उपत्यकाको मध्यमवर्गीय ब्राह्मण परिवारमा राममणि रिसालको जन्म भएको थियो ।

राममणि रिसालको जन्मकाललाई राष्ट्रिय ऐतिहासिक सन्दर्भमा हेर्दा उनको जन्म काठमाडौं उपत्यकाको त्यस राजनैतिक प्रशासनिक समय सन्दर्भमा भएको देखिन्छ जतिखेर नेपालमा सहिदकाण्ड घटेको थियो ।[२७] शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठजस्ता चारजना नेपाली सपूतहरूले राणाशासनको अन्त्य र प्रजातन्त्र स्थापनाका लागि सहिद बन्नु परेको थियो । यी चार सपूतहरूले ज्यान दिएको १० वर्षपछि अर्थात् २००७ सालमा नेपालमा प्रजातन्त्र आएको थियो । राममणि रिसाल जन्मदा नेपालका राजा श्री ५ त्रिभुवन विरविक्रम शाहदेव र प्रधानमन्त्री जुद्ध शमशेर थिए । यस्तै राष्ट्रिय परिवेशमा काठमाडौं उपत्यकाभित्र पर्ने एक जिल्ला ललितपुरको सैंबुमा वि.सं. १९९७ मा राममणि रिसालको जन्म भएको थियो ।

### २.१.२ बाल्यकाल

राममणि रिसालको बाल्यकाल आफ्नो घर सैंबु र मामाघर दुवाकोटमा बितेको थियो ।[२८] यिनका मामाहरू थिएनन् । चित्रकुमारी तुलसीराम पराजुलीकी एउटै मात्र सन्तान थिइन् ।[२९] त्यसैले राममणि रिसाल सानैदेखि मामाघरकी हजुरआमा

---

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा,** (वाराणसीः कृष्णकुमारी देवी २००८), पृ. ३६० ।

[२८] पुनम भट्टराई, पूर्ववत्, पृ. ८ ।

[२९] ऐजन ।

रिक्षाकुमारीका निम्ति सहारा बन्न पुगेका थिए ।[३०] हजुरआमाकै ममतामय काखमा हुर्किएका राममणि रिसालका मनमा सम्पूर्ण नारीहरू अत्यन्त कोमल र स्नेहमयी हुन्छन् भन्ने अमिट छाप बसेको पाइन्छ । आफ्ना मामाघरका हजुरबुबा तुलसीरामको देहान्त भएपछि राममणि रिसालले हजुरआमालाई बृद्धावस्थामा आफ्नै घरमा राखी आमरण सेवा सेवा सुश्रुषा गरेका थिए । २०४५ साल भाद्र ३ गते उनकी हजुर आमाको मृत्यु भएको थियो ।[३१]

हिन्दू संस्कार र परम्पराअनुसार २००४ साल बैशाख १७ गते सातवर्षको उमेरमा राममणि रिसालको चुडाकर्म, सम्पन्न भएको थियो ।[३२]

यसरी राममणि रिसालको बाल्यकाल एकातिर हजुरआमाको ममतामा र अर्कातिर बाबु विश्वनाथको धार्मिक, पौराणिक र समाजसेवी व्यक्तित्वका स्नेहमय छहारीमा बितेको थियो ।

### २.१.३ शिक्षा-दीक्षा

आफ्नै घरमा बाबुसँग अक्षर चिनिसकेपछि पाँच वर्षको उमेरमा राममणि रिसाल घरबाट नजिकै पर्ने ललितपुरको खोकना भाषा पाठशालामा २००२ सालतिर भर्ना भएका थिए ।[३३] यो प्राथमिक स्तरको पाठशाला थियो । प्राथमिक स्तरसम्मको शिक्षा हासिल गरेपछि उनी मामाघर दुवाकोट बस्न थाले र चाँगुनारायणस्थित निम्न माध्यमिक स्तरको पाठशालामा भर्ना भई पढ्न थाले । यही पाठशालाबाट उनले निम्न माध्यमिक स्तरसम्मको शिक्षा हासिल गरेका थिए ।[३४] यो पाठशाला निम्न माध्यमिक स्तरसम्मको मात्र भएकाले यसपछिको पढाइका निम्ति उनी रानीपोखरी संस्कृत प्रधान

---

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] ऐजन, पृ. ९ ।

[३४] ऐजन ।

पाठशालामा भर्ना भएका थिए र २०१३ सालमा उनले त्यहाँबाट तृतीय श्रेणीमा पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरेका थिए ।[३५]

पूर्वमध्यमा परीक्षा उत्तीर्ण भएपछि रिसालले २०१५ सालमा काठमाडौंस्थित राजकीय संस्कृत महाविद्यालयबाट प्रथम श्रेणीमा उत्तरमध्यम परीक्षा उत्तीर्ण गरेका थिए ।[३६] त्यसपछि २०१७ सालमा उनले त्रिभुवन विश्वविद्यालयबाट द्वितीय श्रेणीमा शास्त्री परीक्षा उत्तीर्ण गरेका थिए ।[३७] यसपछिका दुई तीन वर्ष उनी घरायसी कायमै अल्मलिए । त्यसपछि २०२०  सालमा त्रिभुवन विश्वविद्यालय कलेजमा भर्ना भइ उनले नेपाली विषयमा एम.ए. को पढाइ सुरू गरे र २०२३ सालमा उनले द्वितीय श्रेणीमा एम.ए. को परीक्षा उत्तीर्ण गरेका थिए ।[३८] यसै साल उनले मदन पुरस्कार गुठीबाट विदतव्त्ति पनि पाएका थिए । २०३५ सालमा उनले पूर्वीय प्राचिन न्यायदर्शनमा प्रथम श्रेणीमा प्रथम भई आचार्य परीक्षा उत्तीर्ण गरेका थिए ।[३९] यो सफलताका निम्ति उनले २०३८ सालमा महेन्द्र विद्याभूषण पदक पनि प्राप्त गरेका थिए ।[४०]

यसरी राममणि रिसालले नेपाली र संस्कृत (प्राचिन न्याय) विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका थिए । उनको विद्यालय स्तरसम्मको पढाइ सामान्य देखिए तापनि महाविद्यालय तथा विश्वविद्यालय स्तरका कक्षाहरूमा उनी राम्रो श्रेणीमा उत्तीर्ण हुन पुगेका थिए । विद्यार्थी जीवनदेखि नै उनमा पाठ्यक्रममा निर्धारित पुस्तकहरूबाहेक अरू बाह्य पुस्तक तथा पत्रपत्रिकाहरू पनि पढ्ने रूचि थियो । त्यसैले उनी फुर्सदका समयमा पुस्तकालयमा बसेर अध्ययन गर्ने गर्दथे ।

---

[३५] ऐजन ।

[३६] ऐजन ।

[३७] ऐजन, पृ. २० ।

[३८] ऐजन ।

[३९] ऐजन ।

[४०] ऐजन ।

### २.१.४ दाम्पत्य जीवन र सन्तति सुख

राममणि रिसाल चौध वर्षको उमेरमा नै बैवाहिक जीवनमा आवद्ध भएका थिए ।[४१] २०११ सालमा भक्तपुर दुवाकोटस्थित न्यौपाने गाउँ निवासी रेवतीनाथ न्यौपानेकी तेह्र वर्षिया कान्छी छोरी अरूणा न्यौपानेसित राममणि रिसालको विवाह भएको थियो ।[४२]

राममणि रिसाल र अरूणा रिसालका कोखमा तीन छोरा र एक छोरी पैदा भएका थिए ।[४३] ती मध्ये जेठा छोरा कुमारमणि रिसाल र कान्छा छोरा सुजन मणि रिसाल हाल आफ्ना पेसामा संलग्न छन् ।[४४] आफ्ना चार सन्ततिमध्ये माहिलो छोरा जीवनमणि रिसालको सत्र वर्षको कलिलो उमेरमा देहावसान भएको थियो[४५] भने एकमात्र छोरी ममता रिसालको पनि २०५९ साल पुस १९ गते २९ वर्षको उमेरमा असामयिक निधन भएको थियो ।[४६] आफ्ना जीवनमा खप्नुपरेको यस सन्तति वियोगका पीडाबाट राममणि र अरूणा अत्यन्त मर्माहत हुनु स्वभाविकै हो । यहि सन्तति वियोगबाट व्यथित राममणि रिसाल दुःखले नै लेखाउँदो रहेछ भन्ने धारणा राख्दछन् ।[४७] यस दुःखद घटनापछि उनी अझ बढी भावुक बन्दै गए र आफ्ना प्रिय पुत्र र पुत्रीको संस्मरणमा उनले थुप्रै आत्मपरक र संस्मरणात्मक नित्रन्धहरू पनि लेखेका छन् ।

### २.१.५ बसोबास र आजीविका

राममणि रिसालको पैतृक जन्मथलो सैंबु भैंसेपाटी भए पनि जागिरका सिलसिलामा सहरतिरै बस्नुपर्ने परिस्थिति पैदा भएकाले उनी २०३२ सालदेखि

---

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] ऐजन, पृ. ११ ।

[४४] ऐजन ।

[४५] राममणि रिसाल, 'शरशय्याबाट', **म एक : म अनेक,** (ललितपुरः श्रीमती अरूणा रिसालः २०६०), पृ. ३४ ।

[४६] ऐजन, पृ. ३५ ।

[४७] पुनम भट्टराई, पूर्ववत्, पृ. ११ ।

ललितपुरस्थित झम्सीखेलमा नयाँ घर बनाई परिवारसहित त्यहाँ बसोबास गर्न थालेका हुन् ।[४८]

उच्च शिक्षाको अध्ययन पूरा भइसकेपछि आजिविकाका सिलसिलामा उनी प्रथमतः २०२३ सालदेखि नेपाल नेसनल कलेजमा प्राध्यापन पेसामा संलग्न हुन पुगेका थिए ।[४९] यसै सिलसिलामा २०२६ सालदेखि उनले पाटन कलेजमा पनि पढाउन थालेका थिए ।[५०] २०३० देखि २०३५ सम्म उनले नेसनल कलेज छोडेर पाटन कलेजमै पूरा समय प्राध्यापन गरेका थिए ।[५१]

राममणि रिसाल २०३६ सालदेखि प्राध्यापन पेसाबाट प्रशासन सेवातर्फ गएका थिए । २०४५ सम्म उनले आंशिक रूपमा प्राध्यापन कार्य गरेका थिए । २०३६ सालमा उनी प्रसार विभाग, रेडियो नेपालका उपनिर्देशक भएका थिए ।[५२] त्यहाँ केही वर्ष काम गरेपछि २०४१ सालदेखि उनी मन्त्रीपरिषद् सचिवालयमा उपसचिव पदमा कार्यरत हुन पुगेका थिए ।[५३] यसै क्रममा २०४४ देखि २०४६ सम्म रिसालले मन्त्रीपरिषद् सचिवालयका कायम मुकायम कार्यालय प्रमुख भएर काम गरेका थिए ।[५४] २०४६ देखि २०४९ सालसम्मका चार वर्षमा उनी प्रमुख जिल्ला अधिकारी भएर क्रमशः जुम्ला, मनाङ, रोल्पा र मुगुजस्ता विकट जिल्लाहरूमा कार्यरत रहेका थिए ।[५५] त्यसपछि उनी गृह मन्त्रालयमा कार्यरत रहेका थिए । २०५१ र ०५२ सालमा पुनः प्रमुख जिल्ला अधिकारी भएर उनले कैलाली र चितवनमा काम गरेका थिए ।[५६] २०५३ सालमा उनले

[४८] ऐजन, पृ. १२ ।
[४९] ऐजन ।
[५०] ऐजन ।
[५१] ऐजन ।
[५२] ऐजन ।
[५३] ऐजन ।
[५४] ऐजन ।
[५५] ऐजन ।
[५६] ऐजन ।

कारागार व्यवस्थापन विभागमा महानिर्देशक पदमा रहेर कार्य गरेका थिए ।[५७] २०५४ सालमा उनी पुनः प्रमुख जिल्ला अधिकारीका रूपमा ललितपुरमा कार्यरत रहेका थिए ।[५८] २०५६ सालमा उनले निर्वाचन आयोगको निमित्त सचिव भएर कार्य गरेका थिए ।[५९] २०५८ साल फागुन २२ गतेदेखि उनले सरकारी सेवाबाट अवकाश पाएका थिए ।[६०] हाल उनी अवकाश प्राप्त जीवन बिताइरहेका छन् ।

यसरी राममणि रिसालको आजीविकाका क्रममा पूर्वार्द्धमा उनी श्री ५ को सरकारको सेवामा संलग्न भई प्राध्यापन कार्य गरेका थिए भने उत्तरार्धमा चाहिँ उनले श्री ५ को सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूमा प्रशासनिक सेवामा संलग्न भएर आफ्नो प्रशासनिक जिम्मेवारी पूरा गरेका थिए ।

राममणि रिसालले सुरूमा नेपाल नेशनल कलेजमा नेपाली विषयका अस्थायी प्राध्यापकका रूपमा काम गर्न थालेका थिए भने वि.सं. २०२६ मा श्री ५ को सरकारको शिक्षा सेवा अन्तर्गत उनी स्थायी सरकारी प्राध्यापक (राजपत्राङ्कित तृतीय श्रेणी) बन्न पुगे ।[६१] सेवा प्रवेश गरेको आठ वर्षपछि २०३५ सालमा उनको राजपत्राङ्कित द्वितीय श्रेणीमा पदोन्नती भएको थियो ।[६२] २०५१ सालमा उनको राजपत्राङ्कि प्रथम श्रेणीमा पदोन्नति भएको थियो ।[६३] यसरी सरकारी सेवामा कार्यरत रहँदा राममणि रिसालको तीनपटक पदोन्नति भएको थियो ।

प्राध्यापकका रूपमा कार्यरत रहँदा उनले नेपाली भाषा साहित्यको अध्यापन कार्य गरेका थिए र आफ्ना विद्धतापूर्ण पठनपाठनका कारणले पाटन कलेजमा पढ्ने विद्यार्थीहरूका बीचमा उनी आदरणीय गुरूको रूपमा स्थापित हुन पुगेका थिए भने

[५७] ऐजन ।

[५८] ऐजन ।

[५९] शोधनायकबाट प्राप्त जानकारी ।

[६०] ऐजन ।

[६१] पुनम भट्टराई, पूर्ववत्, पृ. १३ ।

[६२] ऐजन ।

[६३] ऐजन ।

प्रशासनिक दायित्वलाई सम्हालेर काम गर्दा पनि उनले आफूलाई एक निष्ठावान, कुशल प्रशासकका रूपमा स्थापित गरेका थिए ।

### २.१.६ भ्रमण

रामणि रिसालले आजीविकाकै सिलसिलामा देश विदेशका विभिन्न स्थलहरूको भ्रमण गरेका छन् । उनले स्वदेशका चौध अञ्चल पचहतरै जिल्लाको भ्रमण गरिसकेका छन् । श्री ५ को सरकारको प्रशासनिक सेवामा कार्यरत रहँदा उनी प्रमुख जिल्ला अधिकारी भएर देशका विभिन्न जिल्लाहरूमा खटिएका थिए र स्वदेशको १४ अञ्चल पचहतरै जिल्लाको भ्रमण गर्ने अवसर पाएका थिए भने तालिम तथा सेमिनारमा भाग लिने सिलसिलामा उनले संसारका विभिन्न देशहरूको पनि भ्रमण गरेका छन् २०५४ सम्ममा उनले नेपालका पचहतरै जिल्लाको भ्रमण गरिसकेका छन् भने नेपाल बाहिर भारत, श्रीलङ्का, मलेसिया, सिङ्गापुर, थाइलैण्ड, जर्मनी, फ्रान्स, बेल्जियम जस्ता राष्ट्रको भ्रमण गरिसकेका छन् ।[६४] उनका यस्ता भ्रमणहरूबाट पनि उनको सिर्जना पर्याप्त प्रभावित भएको पाइन्छ । उनले आफ्नो स्वदेश तथा विदेश भ्रमणका अनुभवहरूलाई सँगालेर 'कताकताको कथा' (२०५९) र 'माटोभित्रकै कथा' (२०६२) शीर्षकका दुईवटा यात्रा संस्मरणात्मक टिपोट डायरी प्रकाशित गरेका छन् ।

### २.१.७ सम्मान तथा पुरस्कार

राममणि रिसाल जागिरे हुँदा आफूलाई सुम्पिएका जिम्मेवारीहरू कुशलतापूर्वक सम्पन्न गरे वापत उनले अनेक पदक तथा पुरस्कारहरू प्राप्त गरेका छन् । उनले सर्वप्रथम २०३१ सालमा शुभराज्याभिषेक पदक प्राप्त गरेका थिए ।[६५] २०३७ सालमा जनमत सङ्ग्रहका सिलसिलामा आफूलाई सुम्पिएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेवापत उनले जनमत सङ्ग्रह पदक प्राप्त गरेका थिए ।[६६] उनले प्रथम श्रेणीमा प्रथम

---

[६४] ऐजन, पृ. १४ ।

[६५] ऐजन, पृ. १५ ।

[६६] ऐजन ।

भई आचार्य परीक्षा उत्तीर्ण गरेवापत २०३८ सालमा महेन्द्र विद्याभूषण पदक प्राप्त गरेका थिए ।[६७] यस्तै २०४२ सालमा उनले जानपद सेवापदक प्राप्त गरेका थिए । यसै सिलसिलामा आफूलाई सुम्पिएका कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेवापत २०४५ सालमा उनी प्रवल गोरखा दक्षिणबाहु चौथो श्रेणीद्वारा विभूषित भएका थिए ।[६८] नेपालका जुम्ला, मनाङ, रोल्पा जस्ता दुर्गम जिल्लामा कार्य गरे वापत २०४८ सालमा उनले दुर्गम सेवापदक प्राप्त गरेका थिए । दैवी प्रकोपका सङ्कटापन्न अवस्थामा सेवा गरे वापत उनले २०५० सालमा दैवीप्रकोप पीडितोद्धारपदक पनि प्राप्त गरेका थिए ।[६९]

रिसालले २५ वर्षसम्मको लामो अवधिसम्म निजामती सेवामा काम गरेवापत २०५२ सालमा दीर्घ सेवापदक समेत प्राप्त गरेका थिए । साहित्यसिर्जना तर्फ रिसालले 'कताकताको कथा' (२०५९) यात्रा संस्मरणात्मक टिपोट डायरीका निम्ति २०५९ सालको 'उत्तम शान्ति पुरस्कार' प्राप्त गरेका थिए ।

### २.१.८ सृजनाका लागि प्रेरणा र प्रभाव

राममणि रिसाललाई साहित्यलेखनका लागि प्रेरणा दुई कुराबाट प्राप्त भएको थियो । किशोरावस्थामा उनलाई गाउँका अनपढ महिलाहरूले परदेशबाट आफ्ना पतिले पठाएका चिठी बाच्न लगाउँथे र चिठी लेख्न पनि लगाउँथे ।[७०] यसरी चिठी लेखिदिँदा उनी ती महिलाहरूका आन्तरिक भावहरूलाई चिठीमा समेटन सक्दैनथे । उनलाई ती महिलाहरूका मनोभावनाहरूलाई चिठीमा समेटिदिन सके कस्तो आनन्द हुन्थ्यो भन्ने लाग्दथ्यो र ती लाहुरेनीहरूका भावनालाई ठीक भाषा र अनुवाद गरी लेखिदिन नसक्दा उनी आफै लज्जित हुन पुग्दथे ।[७१] किशोरावस्थामा पैदा भएको यही सृजनात्मक

---

[६७] ऐजन ।

[६८] ऐजन ।

[६९] ऐजन ।

[७०] राममणि रिसाल, 'हिमालयदेखि समुद्रसम्मः समुद्रदेखि हिमालयसम्म', **अन्यथा,** (काठमाडौंः साझा प्रकाशन, २०५९), पृ. ४ ।

[७१] ऐजन ।

चेतनाबाट प्रेरित प्रभावित भएर राममणि रिसालले युवावस्थादेखि नै आफूलाई सृजनामा प्रवृत्त गराएका थिए ।

यसै गरी दुःख नै लेखनको कच्चा पदार्थ हो भन्ने[७२] राममणि रिसालले पुत्रशोकको असह्य पीडा भोग्नुपरेको थियो । यस दुःखद घटनाबाट मर्माहत र भावुक बनेका रिसालले आफ्ना हृदयका पीडा र वेदनालाई आफ्ना सृजनामा अभिव्यक्त गर्न थाले । यसरी राममणि रिसालको मन सानै उमेरदेखि नै सृजनातर्फ अभिप्रेरित भएको थियो ।[७३]

### २.१.९ सृजनाको प्रारम्भ र प्रकाशनको थालनी

राममणि रिसालले सृजनाको पूर्वाभ्यास ग्रामीण लाहुरेनीहरूका पत्रलेखनबाट प्रारम्भ गरेका थिए । उनको औपचारिक सृजनायात्रा भने २०२५ सालदेखि मात्र सुरू भएको थियो । २०२५ सालको 'जमरा' वर्ष १ अङ्क १ मा उनको 'रङ्गमञ्चः दुईशब्द' शीर्षकको समालोचनात्मक लेख प्रकाशित भएको थियो । नेपाल नेसनल कलेजबाट श्री शंकरदेव पन्तका सम्पादकत्वमा निस्किएको 'जमरा' पत्रिकाको उक्त लेखबाट रिसालले आफ्नो औपचारिक सृजनायात्रा थालनी गरेका थिए । यो नै उनको पहिलो समालोचनात्मक लेख पनि हो । यसरी २०२५ सालदेखि उनी सृजनामा संलग्न हुन थालेको देखिन्छ ।

राममणि रिसालको पहिलो निबन्ध २०३५ सालको 'ललिता' वर्ष ११ फागुनमा प्रकाशित 'अगतिलो लेख' हो । रिसालको पहिलो पुस्तकाकार कृति 'नेपाली काव्य र कवि' (२०३१) हो र यो उनको पहिलो पुस्तकाकार समालोचनात्मक कृति पनि हो । यसपछि उनी समालोचनाभन्दा निबन्ध लेखनतिर केन्द्रित हुँदै गए र आजसम्म उनका **अक्षरपछि अक्षर** (२०४१), **भिजेका पलपल** (२०४५), **मेरो चेतनाको अन्तर्यात्रा**

---

[७२] ऐजन ।

[७३] पुनम भट्टराई, पूर्ववत्, पृष्ठ १६ ।

(२०५२), **अन्यथा** (२०५९), **म एकः म अनेक** (२०६०), **क्षणप्रतिक्षण** (२०६१), **भूमिका** (२०६२) र **पत्रम पुष्पम्** (२०६३) समेत गरी जम्मा ८ वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् ।

राममणि रिसाल प्रथमतः पीडा र वेदनाका प्रसङ्गहरूबाट प्रेरित भई सृजनाका क्षेत्रमा प्रवेश गरेका थिए । उनी आफ्नो सृजनायात्राको प्रारम्भमा समालोचना लेखनमा केन्द्रित भएका थिए । त्यसपछि उनी क्रमशः आत्मपरक निबन्ध लेखनमा सक्रिय हुँदै गए यसरी उनी विगत साढे तीन दशकभन्दा बढी समयदेखि निरन्तर सृजनामा सक्रिय रहँदे आएका छन् ।

### २.१.१० पत्रपत्रिकाको सम्पादनमा संलग्नता

राममणि रिसालले विद्यार्थी जीवनदेखि नै पत्रपत्रिकाको सम्पादन गरेका थिए । रिसालले सर्वप्रथम २०१८ सालमा राजकीय संस्कृत महाविद्यालयमा अध्ययन गरिरहेका बखत 'अरूणोदय' पत्रिकाको सम्पादन तथा प्रकाशन गरेका थिए । त्यसपछि प्राध्यापन सेवामा र प्रशासनिक क्षेत्रमा कार्यरत रहँदा पनि उनले निक्कै पत्रपत्रिकाको सम्पादन गरेका थिए । सम्पादन प्रकाशनमा उनले सहयोग गरेका तथा स्वयम्ले सम्पादन गरेका पत्रपत्रिकाहरू यसप्रकार छन्–

(क) 'अरूणोदय' : २०१८ (संस्कत छात्रावास रानीपोखरी, काठमाडौं)

(ख) जमरा : २०२५ (नेपाल नेसनल कलेज, काठमाडौं

(ग) ललिताः : २०२८ (पाटन कलेज, काठमाडौं)

(घ) प्राञ्जल : २०३४ (झंसीखेल, ललितपुर)

(ङ) सौरभ : २०३५ (धोविघाट, ललितपुर)

(च) झङ्कार : २०३६ (रेडियो नेपाल, काठमाडौं)

(छ) जिज्ञासा : २०४० (गुणराज स्मारक समिति, काठमाडौं)

### २.१.११ प्रकाशित पुस्तकाकार कृतिहरू

रामममणि रिसालका आजसम्म प्रकाशित पुस्तकाकार कृतिहरू यसप्रकार छन्:

(क) नेपाली काव्य र कवि (समालोचना : २०३१)

(ख) अक्षरपछि अक्षर (निबन्ध सङ्ग्रहः २०४१)

(ग) भिजेका पलपल (निबन्ध सङ्ग्रह : २०४५)

(घ) मेरो चेतनाको अन्तर्यात्रा (निबन्ध सङ्ग्रह : २०५२)

(ङ) अन्यथा (निबन्ध सङ्ग्रह : २०५९)

(च) कताकताको कथा (यात्रा संस्मरण : २०५९)

(छ) म एक : म अनेक (निबन्ध सङ्ग्रह : २०६०)

(ज) जीवन ममता (भजन सङ्ग्रह : २०६०)

(झ) क्षण प्रतिक्षण (निबन्ध सङ्ग्रह : २०६१)

(ञ) नेपालका मन्त्रीहरू (सहलेखन : २०६१)

(ट) माटो भित्रैको कथा (यात्रा संस्मरण : २०६२)

(ठ) भूमिका (निबन्ध सङ्ग्रह : २०६२)

(ड) माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना (सम्पादनः २०६३)

(ढ) पत्रम् पुण्पम् (निबन्ध सङ्ग्रह : २०६३)

## २.२ राममणि रिसालको व्यक्तित्वका विभिन्न पाटाहरू

### २.२.१ साहित्यिक व्यक्तित्व

राममणि रिसालको व्यक्तित्वको प्रमुख पाटो साहित्यिक व्यक्तित्व हो । उनी नेपाली समाजमा साहित्यकारका रूपमा परिचित छन् । राममणि रिसाल युवावस्थादेखि साहित्यलेखनमा प्रवत्त भए र हालसम्म पनि उनी साहित्यलेखनमा सक्रिय रहँदै आएका छन् । राममणि रिसालले साहित्यका गद्य तथा पद्य दुवै विधातर्फ कलम चलाएका छन् । गद्यकारका रूपमा प्रथमतः समालोचना लेखनमा लागेका राममणि रिसालले 'नेपाली काव्य र कवि' जस्तो महत्त्वपूर्ण समालोचनात्मक ग्रन्थ प्रस्तुत गरी आफूलाई

समालोचकका रूपमा चिनाएका छन् । त्यसपछि उनी मूलतः निबन्ध सृजनामा केन्द्रित भए र २०६४ सम्म उनका आठवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । यसैगरी राममणि रिसालले आफ्नो साहित्यिक यात्रामा गीतिरचनाहरू पनि प्रस्तुत गर्दै आएका छन् । गीतकारका रूपमा उनले केही आधुनिक गीत, केही बालगीत र केही भजनहरू रचना गरेका छन् । उनको 'जीवनममता' भजन सङ्ग्रह पनि निस्किसकेको छ । यसरी राममणि रिसालले समालोचना, निबन्ध तथा भजन, गीत जस्ता विधामा कलम चलाई आफ्नो बहुमुखी साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् तापनि उनी तुलनात्मक रूपमा निबन्धकारका रूपमा नै बढी परिचित छन् ।

### २.२.२ साहित्येत्तर लेखक व्यक्तित्व

राममणि रिसालले साहित्यदेखि बाहेकका क्षेत्रमा पनि कलम चलाएका छन् । उनले राजनीति र प्रशासनका विषयमा पनि पुस्तकहरू लेखेका छन् । राजनीतिसँग सम्बन्धित उनको कृति **नेपालका मन्त्रीहरू** (२०६१) हो भने प्रशासनसँग सम्बन्धित उनको कृति **नेपालमा कारागार** (२०६३) हो । **नेपालका मन्त्रीहरू**को २०६४ मा परिमार्जित दोस्रो संस्करण आइसकेको छ जसमा रिसालले २००७ सालको जन आन्दोल र प्रजातन्त्र स्थापनादेखि २०६४ बैशाख ११ गतेको श्री ५ ज्ञानेन्द्र विर बिक्रम शाहदेवको शाही घोषणा सम्मका कुराहरूलाई प्रस्तुत गरेका छन् । **नेपालमा कारागार** (२०६३) रिसालको नेपालमा कारागारहरूको स्थितिको चर्चा गर्दै लेखिएको कृति हो । यसरी रिसालले साहित्यदेखि बाहेकका क्षेत्रमा समेत कलम चलाइ आफूलाई साहित्येत्तर लेखक व्यक्तित्वको रूपमा समेत उभ्याएका छन् ।

### २.२.३ प्राध्यापक व्यक्तित्व

राममणि रिसाल एक कुशल प्राध्यापकका रूपमा पनि सुपरिचित छन् । 'शिक्षाको उद्देश्य नैतिकवान चरित्र तयार पार्नु हो' भन्ने आदर्श राखी प्राध्यापनका क्षेत्रमा संलग्न रिसालले तेईस वर्षसम्म प्राध्यापन कार्य गरेको देखिन्छ ।[७४] उनले २०२३ सालदेखि २०४६ सालसम्म काठमाडौं उपत्यकाका विभिन्न महाविद्यालयहरूमा

[७४] ऐजन, पृ. १९ ।

प्राध्यापन गरेका थिए ।[७५] नेपाली भाषा साहित्यमा एम.ए. उत्तिर्ण गरी प्राध्यापन पेसामा प्रवेश गरेका रिसालले महाविद्यालयस्तरमा नेपाली विषय पढाएका थिए ।[७६] विषयवस्तुको सूक्ष्म विवेचना गर्न सक्ने र धारा प्रवाह रूपमा उत्कृष्ट प्रवचन दिनसक्ने सामर्थ्य उनमा थियो ।[७७] उनमा अन्तर्निहित यहि विशेषताका कारण उनी आफ्ना विद्यार्थीहरूका मानसिकतामा एक विद्वान् प्राध्यापकका रूपमा सम्मानित रहेका थिए ।[७८]

### २.२.४ प्रशासक व्यक्तित्व

रामममणि रिसाल आफ्ना जागिरे जीवनका प्रारम्भिक तेईस वर्षसम्म प्राध्यापकका रूपमा रहेका थिए भने त्यसपछि उनी प्रशासनमा कार्यरत रहेका थिए । प्रशासनमा कार्यरत रहँदा पनि २०४५ सालसम्म उनले आंशिक रूपमा प्राध्यापन पेसा अंगाली रहेकै थिए तर २०४६ सालदेखि प्राध्यापन कार्यलाई चटक्के छोडेर उनी प्रशासन कार्यमा मात्र संलग्न हुन पुगेका थिए ।[७९] २०६६ सालदेखि उनी प्रशासनतर्फ लागेका थिए ।[८०] यसक्रममा २०३६ सालदेखि २०४१ सम उनी प्रसारविभाग रेडियो नेपालका उपनिर्देशक भएर काम गरेका थिए भने २०४१ सालदेखि उनी मन्त्रीपरिषद सचिवालयमा कार्यरत रहन पुगेका थिए ।[८१] यसै क्रममा २०४४ देखि २०४६ सम्म उनले मन्त्रीपरिषद् सचिवालयका कायम मुकायम कार्यालय प्रमुख भएर काम गरेको देखिन्छ ।[८२]

उनले २०४६ देखि मुलुकको गृह प्रशासनमा आबद्ध भएर नेपालका धेरै जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीको प्रशासनिक दायित्व पनि सम्हालिसकेका छन् ।[८३] हाल उनले अवकाश प्राप्त जीवन व्यतीत गरिरहेका छन् ।[८४]

---

[७५] ऐजन ।

[७६] ऐजन, पृ. २० ।

[७७] ऐजन ।

[७८] ऐजन ।

[७९] ऐजन ।

[८०] ऐजन ।

[८१] ऐजन ।

[८२] ऐजन, पृ. १२ ।

[८३] ऐजन, पृ. २० ।

यसरी २०३६ सालदेखि प्रशासन क्षेत्रमा प्रवेश गरेका राममणि रिसालले प्रशासनिक सेवामा रहँदा कुशलतापूर्वक आफ्नो कार्यसम्पादन गरेर आफूलाई एक कुशल प्रशासकका रूपमा स्थापित गराएका छन् ।

### २.२.५ सामाजिक व्यक्तित्व

समाजको एक प्रवुद्ध नागरिकका हैसियतले राममणि रिसालमा सामाजिक सुधारको चेतना निकै तीव्र छ । राममणि रिसाल समाजोपयोगी असल कार्यमा पनि संलग्न रहने व्यक्तित्व हुन् । राममणि रिसालका पिता विश्वनाथ रिसालले नेवार समुदायमा प्रचलित गुठीको परम्परालाई अनुसरण गरी २०११ सालमा कालिका गुठीका नामबाट सैंबुमा धर्मगुठीको स्थापना गरेका थिए ।[८५] राममणि रिसाल आफ्ना पिताद्वारा सञ्चालित उक्त गुठीतर्फ पनि क्रियाशील रहँदै आएका छन् ।[८६] उनको जन्मस्थान सैंबुमा सञ्चालित उक्त गुठीमा सम्मिलित भएर राममणि रिसालले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा समाजसेवाको कार्य पनि गर्दै आएका छन् ।[८७] समाजका दुःखी गरिब तथा असहायप्रति उनमा उदार भावना छ र उनी सकेसम्म गरिब, दुःखी, असहायहरूको हितका निम्ति काम गर्न चाहन्छन् । राममणि रिसाल समाजका अशक्तहरूप्रति सेवाभाव राख्छन् र आफ्नै गाउँठाउँका सामाजिक कार्यमा प्रवृत्त हुन्छन् ।[८८] यसबाट राममणि रिसाल आफ्ना गाउँठाउँमा समाजसेवी व्यक्तिका रूपमा समेत परिचित छन् ।

## २.३ राममणि रिसालको जीवनवृत र कृतित्वको अन्तसम्बन्ध

राममणि रिसालको जीवनी र कृतित्वका बीच पनि गहिरो सम्बन्ध देखापर्छ । राममणि रिसालका आजसम्म प्रकाशित आठवटै निबन्धसङ्ग्रह आत्मपरक छन् र आफ्ना सबै निबन्धमा रिसालले आफ्नो जीवनका विविध सन्दर्भ र भोगाइलाई नै

---

[८४] शोधनायकबाट प्राप्त जानकारी ।

[८५] ऐजन, पृ. ७ ।

[८६] ऐजन, पृ. २१ ।

[८७] ऐजन ।

अभिव्यक्त गरेका छन् । रिसालले आफ्नो माहिलो छोरा जीवनमणि रिसाल र छोरी ममता रिसालको उपचारका क्रममा विभिन्न स्थानमा जाँदाका अनुभवहरूलाई पनि आफ्ना धेरैजसो निबन्धमा व्यक्त गरेका छन् । राममणि रिसालको माहिलो छोरा जीवनमणि रिसालको २०३७ सालमा बीर अस्पतालको बेड नं. ५९ मा मृत्यु भएको थियो ।[८९] राममणि रिसालकी एकमात्र छोरी ममता रिसालको २०५९ पौष १९ गते मृत्यु भएको थियो ।[९०] आफ्ना जीवनमा खप्नुपरेको यस सन्तति वियोगको पीडालाई रिसालले आफ्ना धेरैजसो निबन्धमा व्यक्त गरेका छन् । आफ्ना प्रिय पुत्र र पुत्रीको सम्झनामा रिसालले थुप्रै आत्मपरक र संस्मरणात्मक निबन्धहरू लेखेका छन् । रिसालले रेडियो नेपालमा काम गर्दा रेडियो प्रसारण सम्बन्धी तालिम लिन एसिया तथा युरोपका विभिन्न देशमा गएका बेलाका तितामिठा अनुभवहरूलाई संगाली ‘कताकताको कथा’ शीर्षकको यात्रा संस्मरण पनि प्रकाशित गरेका छन् । त्यस्तै रिसालले २०५३ सालमा ‘कारागार व्यवस्थापन विभाग’ मा कार्य गरेका थिए[९१] र कारागारका बारेमा जान्ने अवसर पाएका थिए । यसै सन्दर्भमा उनले नेपालमा कारागारहरूको स्थितिको चर्चा गर्दौ ‘नेपालमा कारागार’ (२०६३) शीर्षकको कृति पनि रचना गरेका थिए ।

‘लेख्नेहरू अरू लेखुन् म त आफ्नै लेखछु’[९२] भन्ने राममणि रिसालले जीवनमा आफूले देखे भोगेका घटना, जीवनमा आइपरेका समस्याहरू, विभिन्न साहित्यिक व्यक्तित्वहरूसँगको भेट, तिनबाट आफूमा परेको प्रभावलाई नै आफ्ना कृतिमा व्यक्त गरेका छन् त्यसैले उनको जीवनी र कृतित्वका बीच गहिरो सम्बन्ध देखापर्छ ।

---

[८८] ऐजन ।

[८९] राममणि रिसाल, ‘शरशय्याबाट’, पूर्ववत्, पृ. ३४ ।

[९०] ऐजन, पृ. ३५ ।

[९१] राममणि रिसाल, ‘विनाविराम जेल गएँ म’, **म एकः म अनेक**, पूर्ववत्, पृ. ३१ ।

[९२] राममणि रिसाल, ‘म त आफ्नै लेख्छु’, **अन्यथा,** पूर्ववत, पृ. ७८ ।

# तेस्रो परिच्छेद

# नेपाली समालोचना परम्परामा राममणि रिसालको आगमन र उनको समालोचनायात्रा

## ३.१ नेपाली समालोचना परम्परा

### ३.१.१ पृष्ठभूमि

साहित्य जीवनको समीक्षा हो भने समालोचना साहित्यको समीक्षा हो । साहित्यमा हार्दिक र रागात्मक पक्ष बढी देखिन्छ भने समालोचनामा बोद्धिकता र बस्तुपरकताको मात्रा बढी हुन्छ । साहित्यमा मात्र सिर्जनात्मकता हुने होइन समालोचनामा पनि सिर्जनात्मकताको अंश हुन्छ नै । फरक के मात्र छ भने सिर्जनात्मक साहित्यको जन्म सुरूमा हुन्छ अनिमात्र समालोचनाको जन्म हुन्छ । सिर्जनात्मक साहित्यको रचना पश्चात मात्र समालोचनाको जन्म हुने हुनाले यसलाई साहित्यका विविध विधाहरू मध्ये नवीन र पश्चवर्ती विधाका रूपमा लिन सकिन्छ । कुनैपनि साहित्यिक कृतिको व्याख्या र मूल्याङ्कन गर्दै सिर्जित कृति र कृतिकारको मूल्य र महत्त्वलाई दर्शाउने समालोचना पनि अन्य साहित्य जस्तै एक सिर्जनात्मक विधा हो । यसले पाठकको जिज्ञासा र कुतूहललाई शमन गर्दै मार्ग निर्देशन समेत गर्दछ ।

पूर्व र पश्चिम दुवैतिर समालोचनाको लामो र दिगो परम्परा पाइन्छ । पश्चिममा एरिष्टोटलको **काव्यशास्त्र** पूर्वमा भरतको **नाट्यशास्त्र** र भामहको **काव्यालङ्कार**बाट समालोचनाको प्रारम्भ भएजस्तै औपचारिक नेपाली समालोचनाको प्रारम्भ माध्यमिककालिन बहुमुखी प्रतिभा मोतीराम भट्टको **कवि भानुभक्त आचार्यको जीवनचरित्र** (१९४८) बाट भएको मानिन्छ । साहित्यका नवरस मध्ये हास्यरसलाई सर्वश्रेष्ठ मानेर लेखिएको प्राथमिककालीन साहित्यकार शक्तिबल्लभ अर्यालको **हास्यकदम्व** (१८५५) सङ्गीतका विभिन्न सातरागको चर्चा गरिएको हीनव्याकरणी

विद्यापतिको **सातराग** (१८८८) छन्द भङ्ग नगर्ने निहुँमा आफ्ना कविता दुर्बोध्य भएको स्वीकार गर्ने पतञ्जलि गजुऱ्यालको अनुनयपत्र र भानुभक्तका कविताको रसास्वादन पक्षको चर्चा गरिएको छविलाल नेपालको भानुपरिचय आदिलाई नेपाली समालोचनाका प्रारम्भिक प्रयास वा पृष्ठभूमिका रूपमा लिन सकिन्छ । समालोचनाको सङ्केत पाइने उक्त लेखहरू समालोचनाका असचेत प्रयास मात्र हुन् तापनि मोतीराम भट्ट पूर्वको नेपाली समालोचना धर्ती पूर्ण रूपमा बाँझो थिएन भन्ने प्रमाण यिनले दिन्छन् ।

### ३.१.२. चरण विभाजन

नेपाली साहित्यका अन्य विधाको चरण विभाजनमा एकरूपता नपाए जस्तै नेपाली समालोचनाको चरण विभाजनमा पनि एकरूपता पाइदैन । विभिन्न साहित्यकार तथा समालोचकहरूले आ-आफ्नो दृष्टिकोण बाट नेपाली समालोचनाको चरण विभाजन गर्ने प्रयत्न गरेका छन् तर प्रायः सबैजसो समालोचकले मोतीराम भट्ट पूर्वको समालोचनात्मक प्रयासलाई पृष्ठभूमि मान्दै नेपाली समालोचनाको प्रारम्भ विन्दु भने मोतीराम भट्टद्वारा रचित **कवि भानुभक्त आचार्यको जीवनचरित्र**लाई नै मानेका छन् । नेपाली समालोचनाको चरण विभाजन गर्ने कार्य सर्वप्रथम कृष्णचन्द्रसिहं प्रधानद्वारा गरिएको हो । उनले नेपाली समालोचनालाई प्रथम चरण (१९४८ - १९९८) द्वितीय चरण (१९९९ - २००६) र तृतीय चरण (२००७- हाल सम्म) गरी ठोस चरणमा विभाजन गरेको देखिन्छ ।[९३] उनका उत्तरवर्ती प्रायः सवै समालोचकहरूले प्रथम र द्वितीय चरणलाई यथावत स्वीकार गरी यसपछिको समयावधिलाई थप दुई वा तीन चरणमा विभाजन गर्दै नेपाली समालोचनाको बर्गीकरण गरेका छन् । जसमध्ये समालोचक घनश्याम कँडेलले २००७ देखि २०२५ सम्मको समयलाई तृतीय चरण र त्यसपछिको समयलाई चतुर्थ चरण भनी वर्गीकरण गरेका छन् ।[९४] समालोचक द्धय दयाराम श्रेष्ठ र मोहनराज शर्माले २००८ देखि २०१९ सम्मको समयलाई तेस्रोचरण र

---

[९३] कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), **साझा समालोचना,** (काठमाडौँ: साझा प्रकाशन, २०२५) पृ. ९ ।

[९४] घनश्याम कडेल, (सम्पा.), **नेपाली समालोचना,** (काठमाडौँ: साझा प्रकाशन, २०५५), पृ. ६ ।

२०२० देखि हालसम्मको समयलाई चौथो चरण[९५] गरी चार चरणमा विभाजन गरेका छन् भने केशवराज पोखरेलले २००८ देखि २०२२ सम्मलाई तृतीय चरण २०२३ देखि २०४६ सम्मको समयवधिलाई चतुर्थ चरण  र २०४७ देखि हालसम्मलाई पञ्चमचरण गरी पाँच चरणमा विभाजन गरेका छन् ।[९६]

समालोचक राजेन्द्र सुवेदीले नेपाली समालोचनाको १९७८ सम्मको समयलाई पूर्वार्द्ध र त्यसपछिको समयलाई उत्तरार्द्ध गरी दुई कालखण्डमा विभाजन गरेका छन् । सुवेदीले मोतीराम भट्टको आगमन अर्थात् १९४७ पूर्वको समयलाई नेपाली समालोचनाको प्रागभूमि तथा १९४८ देखि १९७८ अर्थात् मोतीराम भट्टदेखि सूर्यविक्रम ज्ञवाली पूर्वको समयलाई समालोचनात्मक प्रचेष्टाको संज्ञा दिदै पूर्वार्द्ध कालखण्डलाई दुई खण्डमा विभाजन गरेका छन् भने उत्तरार्द्ध कालखण्ड (१९७९ देखि हालसम्म) लाई पहिलो उठान (१९६९-२००२) दोस्रो उठान (२००३-२०२०) र तेस्रो उठान (२०२१-हालसम्म) गरी तीन समयखण्डमा विभाजन गरेका छन् ।[९७] यसरी नेपाली समालोचनाको इतिहासलाई विभिन्न समालोकहरूले जे-जस्ता चरणहरूमा विभाजन गरेका भए तापनि मोतीराम भट्ट पूर्वको समयलाई पृष्ठभूमि मान्दै तथा मोतीराम भट्टको कवि भानुभक्त आचार्यको जीवनचरित्रलाई प्रारम्भ विन्दुका रूपमा स्वीकार गरी नेपाली समालोचनाको विकासक्रमलाई समग्रमा निम्नलिखित पाँच चरणमा विभाजन गर्नु सार्न्दभिक देखिन्छ –

१. प्रथम चरण (१९४८-१९९८)
२. दोस्रो चरण (१९९९-२००७)
३. तेस्रो चरण (२००८-२०२२)
४. चौथो चरण (२०२३-२०४६)

---

[९५] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली सहित्यको संक्षिप्त इतिहास,** (काठमाडौँः साझा प्रकाशन, २०५९), पृ.१५८-१५९ ।

[९६] केशवराज पोखरेल, **नेपाली समालोचना र प्रतिनिधि समालोचक,** (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार २०५८), पृ. २१ ।

[९७] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** (बाराणसीः भूमिका प्रकाशन २०६१), पृ. ७२-७३ ।

५. पाँचौ चरण (२०४७- हालसम्म)

### ३.१.२.१ प्रथम चरण (१९४८-१९९८)

नेपाली समालोचनाको थालनी गर्ने पहिला व्यक्ति मोतीराम भट्ट मानिन्छन् । नेपाली साहित्यमा समालोचनाको सुरूवात गर्ने मोतीराम भट्टदेखि रामकृष्ण शर्माको आगमन पूर्वको समयावधिलाई नै नेपाली समालोचना परम्पराको प्रथम चरण मान्नु सान्दर्भिक हुन्छ । यस चरणका प्रमुख समालोचकहरू मोतीराम भट्ट, राममणि आ.दी. र सुर्यविक्रम ज्ञवाली हुन् भने अन्य समालोचकहरूमा शम्भुप्रसाद ढुङ्ग्याल, दीननाथ सापकोटा, नरदेव पाण्डे, कुलचन्द्र गौतम, ब्रह्मशमशेर जबरा आदि पर्दछन् । नेपाली समालोचनाका प्रवर्तक मोतीराम भट्टको कवि भानुभक्त आचार्यको जीवनचरित्र (१९४८) जीवनीपरक कृति हो । जीवनी बाहेक यसमा आलोच्य कवि र काव्यको विवेचना पनि गरिएको छ । यस विवेचनामा प्रभाववादी आलोचनाका केही टड्कारा झिल्काहरू देखापर्दछन् ।[९८] यस ग्रन्थमा भट्टले आदिकवि भानुभक्तको जीवनी कवि व्यक्तित्व, कविता र यसको सृष्टिजन्य प्रभावको समेत व्याख्या, विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरेका छन् । भानुभक्तका कवि व्यक्तित्वको सतही विवेचना र मूल्याङ्कन गर्नु उनका समालोचना मूलतः प्रभावपरक जीवनीपरक र प्रशंसापरक हुनु अनि दोष पक्षको बेवास्ता गरी गुणगान मात्र बढी गरिनु जस्ता समालोचकीय प्रवृत्तिहरूले समालोचकका रूपमा भट्टको सीमा निर्धारण गर्दछन् ।[९९] भानुभक्तको भाषा, विशेषता कविहृदय, कलासौन्दर्य, अभिव्यक्तिसामर्थ्य र वैचारिक गुणसमेत पहिचान गर्नु मोतीराम भट्टको आलोचकीय दृष्टिकोण हो ।[१००] उनले प्रथम कोटीका कविमा पाइने  सहजता, संवेद्यता, नैसर्गिकताजस्ता गुणका आधारमा भानुभक्तको कवित्वको समीक्षा गरेका छन् ।[१०१] यसरी कसैको देखासिकी वा अनुसरणबिना नै भानुभक्त सम्बन्धी सर्वप्रथम

---

[९८] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १५९

[९९] घनश्याम कँडेल, पूर्ववत्, पृ. छ-ज ।

[१००] कृष्णचन्द्रसिहं प्रधान, पूर्ववत्, पृ. ९ ।

[१०१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ८१ ।

समालोचकीय खुवी देखाउन सफल मोतीराम भट्टलाई नेपाली समालोचनाका उषाकिरणका रूपमा लिन सकिन्छ ।

मोतीराम भट्ट पछि प्रथम चरणको प्रतिनिधित्व गर्ने अर्का समालोचक शम्भुप्रसाद ढुङ्गयाल हुन् । वि.स १९७२ तिर लेखिएको कवि भानुभक्तको कवित्व चेतनालाई मूल्याङ्कन गर्दै उनको जीवनीलाई समेत आलोचमा ल्याउन सफल **भानुभक्ताचार्यको जीवनचरित्र** (२०४९) नामक पुस्तकाकार कृति र लेखनाथ पौड्यालका कवित्वको बारेमा प्रकाश पारिएको **कविताको फल** (१९७६ गोरखापत्र) दुवै ढुङ्गयालको समालोचक व्यक्तित्वको परिचय गराउने उल्लेखनीय रचना हुन् ।

प्रथम चरणका अर्का महत्त्वपूर्ण समालोचक राममणि आ. दी. हुन् । माधवी (१९६५) पत्रिकामा धारावाहिक रूपमा प्रकाशित भई पछि पुस्तकाकार रूपमा प्रकाशित **कविता रीति** (१९६६) छन्द, अनुप्रास, भाषशैली अर्थ, विषयबस्तु आदिमा केन्द्रित भएर लेखिएको राममणि आ.दी. को उल्लेखनीय समालोचनात्मक कृति हो । उनको यस प्रयासमा पूर्वीय साहित्यशास्त्रको प्रभाव देखापर्छ । कविता रचनाको पूर्वीय सैद्धान्तिक मान्यतालाई आधार बनाइएको उक्त कृतिमा कविता रचनाका लागि आवश्यक सामग्री प्रस्तुत गरिएको छ । माध्यमिककालीन कवितामा देखिने श्रृंगारिक प्रवृत्तिको आधिक्य र नैतिक पक्षको उपेक्षाप्रति उनले प्रकट गरेको अस्वीकृतिबाट राममणि आ.दी. को साहित्यसम्बन्धी धारणा नीतिवादी रहेको कुरा छर्लङ्ग हुन्छ ।[१०२]

सूर्यविक्रम ज्ञवाली मुख्यतः इतिहासकार भए पनि नेपाली समालोचनामा उनको योगदान महत्त्वपूर्ण रहेको छ । विशुद्ध समालोचनालेखनको सूत्रपात गर्ने सूर्यविक्रम ज्ञवाली यस चरणका प्रखर समालोचक हुन् । धरणीधर कोइरालाको नैवेद्य कविता सङ्ग्रहमाथि नैवेद्य समालोचना (१९७९) लेखी नेपाली समालोचनालाई नवीन दिशातर्फ उन्मुख गराउन सफल ज्ञवालीले नेपाली साहित्यमा कृतिका आधारमा समालोचना गर्ने परिपाटीको जग बसालेको पाइन्छ । उनका समालोचकीय व्यक्तित्वलाई उजागर गर्ने

---

[१०२] घनश्याम कँडेल, पूर्ववत्, पृ. ज ।

अन्य कृतिहरू **भानुभक्तको जीवनचरित्र** (१९८४), **भानुभक्तीय रामायणको भूमिका** (१९९०), **नेपाली साहित्याकाशका दुई नयाँ तारा** (१९९३) **लक्ष्मीपूजा नाटकको समीक्षा** (१९९४), **कथाकुसुमको सम्पादकीय भूमिका** (१९९४) र विश्वेश्वरप्रसाद कोइरालाको कथासङ्ग्रह दोषीचश्मा (२००६) को भूमिका उल्लेख्य छन् । कृतिको सामान्य परिचय मात्र दिने तत्कालीन समालोचना परम्परा भन्दा पृथक कृतिको गुणदोष केलाई समालोचना गर्ने पद्धतिको थालनी गरेर आधुनिकतातर्फ डोऱ्याउने महत्त्वपूर्ण कार्य सूर्यविक्रम ज्ञवालीले गरे ।

अलङ्कारका लक्षण र उदाहरणद्वारा चन्द्रशमशेरको गुणगान गरेर पूर्वीय समालोचनाशास्त्रके छनक दिन खोजिएको कुलचन्द्र गौतमको अलङ्कार चन्द्रोदय (१९७८) दीनानाथ सापकोटा र रघुनाथ भट्टका रामायण सुन्दरकाण्डको समालोचकीय भूमिका (१९७९) ब्रह्मशमशेर जबराको कवि भानुभक्त (१९९५), नरेन्द्रमणि दीक्षितको युरोपीय साहित्यको नमूना (१९९५) र नरदेव पाण्डेको कविवर मोतीराम भट्टको जीवनी (१९९५) आदि यस चरणका अन्य उल्लेख्य समालोचनात्मक कृतिहरू हुन् । यसका साथै गोरखापत्र, नेपाली साहित्य सम्मेलन शारदा गोर्खाली आदि पत्रिकाहरूले पनि नेपाली समालोचनाको प्रथम चरणको विकासमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ ।

प्रथम चरणमा समालोचना फुटकर र पुस्तकाकार दुवै रूपमा प्रकाशित पाइन्छन् । यतिखेर केही सैद्धान्तिक प्रकृतिका समालोचना लेखिएका भए तापनि धेरै व्यावहारिक प्रकृतिका समालोचना नै लेखिएका छन् । प्रवृत्तिका दृष्टिले नेपाली समालोचनाको प्रथम चरण मूलतः गुणग्राही, प्रभावपरक, जीवनीमूलक आस्वादनमूलक परिचयात्मक पद्धतिमा आधारित देखिन्छ । यस चरणमा सौन्दर्यशास्त्रीय दृष्टिकोणबाट साहित्यिक कृति र कृतिकारको सन्तुलित व्याख्या विवेचना, मूल्याङ्कन र निर्णय गर्ने पद्धतिको विकास भएको देखिदैन । समग्रमा साहित्यिक गतिविधिको साधारण निरीक्षण गरी परिचय दिनु, व्यक्तिगत प्रभावका आधारमा कृति र कृतिकारको गुणदोष छुट्याई कृतिको मूल्याङ्कन गर्नु प्रथम चरणका प्रमुख वैशिष्ट्य हुन् ।

### ३.१.२.२ दोस्रो चरण (१९९९-२००७)

दोस्रो चरणका प्रमुख समालोचकहरूमा रामकृष्ण शर्मा र यदुनाथ खनाल विशेष उल्लेखनीय छन् । नेपाली समालोचनालाई आधुनिकतातर्फ डोऱ्याउने दिशामा यी दुईको ठूलो योगदान छ ।

नेपाली साहित्यका वरिष्ठ साहित्यकार त्रय लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र धरणीधर कोइरालाका कवितामा देखिने पाश्चात्य प्रभावलाई सोदाहरण प्रस्तुत गर्दै वि.स. १९९९ को शारदा पत्रिकामा रामकृष्ण शर्माको ‘अङ्ग्रेजी साहित्यको प्रभाव’ शीर्षक समालोचना प्रकाशित भएपछि नेपाली समालोचनाको दोस्रो चरण आरम्भ भएको मानिन्छ । उक्त समालोचनामार्फत रामकृष्ण शर्माले त्यसताक विद्यमान गुणग्राही समालोचनापद्धतिको सट्टा खरो आलोचनापद्धतिलाई भित्र्याउने पूर्वीय सिद्धान्तका आधारमा कृतिको विश्लेषण गर्ने पूर्वपरम्परा विपरीत पाश्चात्य समीक्षा पद्धतिलाई प्रवेश गराउने, परिचयमूलक, जीवनीपरक, नीतिपरक समीक्षाका विपरित स्रष्टाका सिर्जनामा निहित गुण र दोषलाई निर्भीक रूपमा प्रकाशमा ल्याउने जस्ता नवीन दृष्टिकोणको सूत्रपात गरेका छन् । यी विभिन्न दृष्टिकोणको फलस्वरूप शर्मा नेपाली समालोचना परम्परामा आधुनिक युगको प्रादुर्भाव गर्ने प्रथम समालोचकका रूपमा चर्चित हुन पुगेका छन् ।[१०३] **सप्तशारदीय** (२०२४), **दशगोर्खा** (२०२६), **टेबुल गफः नौ बैठक** (२०२७), **एक बिसाउनी** (२०३७) आदि उनका अन्य समालोचनात्मक कृतिहरू हुन् । समग्रमा रामकृष्ण शर्मालाई निर्णयात्मक समालोचनाको सूत्रपात गर्ने बौद्धिक तार्किक प्रभाववादी समालोचकको रूपमा लिन सकिन्छ ।

नेपाली समालोचनाको दोस्रो चरणमा देखापर्ने अन्य समालोचकहरूमा हृदयचन्द्रसिहं प्रधान, रत्वध्वज जोशी, बाबुराम आचार्य, माधवलाल कर्माचार्य, जगदीश शमशेर राणा, लक्ष्मीप्रसाद देवकोटा तथा भवानी भिक्षु आदिलाई लिन सकिन्छ । हृदयचन्द्रसिंह प्रधान नेपाली समालोचनापरम्परामा प्रगतिवादी दृष्टिकोण अवलम्बन

---

[१०३] ऐजन, पृ. ५३ ।

गर्ने प्रथम प्रयोक्ता समालोचक मानिन्छन् तापनि उनको यो दृष्टिकोण दोस्रो चरणमा देखा नपरी तेस्रो चरणमा आएर मात्र प्रस्फुटित हुन पुगेको छ । उनका केही नेपाली नाटक (२००२), साहित्य एक दृष्टिकोण (२००४) भानुभक्तः एक समीक्षा (२०१३) नेपाली काव्य र उसका प्रतिनिधि कवि (२०२१) आदि समालोचनात्मक कृतिहरु छन् । हृदयचन्द्रसिहं प्रधानका समालोचनात्मक लेखहरूमा धेरथोर जे जति भएपनि यथार्थवादी र प्रगतिवादी दृष्टि पाइन्छ । तर उनी विषयवस्तुको प्रस्तुति वस्तुगत र बौद्धिक किसिमले भन्दा आदर्शवादी र भावनात्मक किसिमले बढी गर्छन् ।[१०४] छिन्द्रान्वेषक छद्मनामले साहित्यको पथमा (१९९९) शीर्षक लेखमार्फत समालोचनाको क्षेत्रमा प्रवेश गरेका रत्नध्वज जोशी पूर्वीय सैद्धान्तिक मान्यताको अनुसरण गरी समालोचना लेख्ने प्रभाववादी समालोचक हुन् । यिनका मानसालङ्कार (२००२) हाम्रो काव्य परम्परामा उसैका लागि (२०१९) नेपाली साहित्यको झलक (२०२१) नेपाली कथाको कथा (२०२५) नेपाली नाटकको इतिहास (२०२६) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित छन् । नीतिवादी र आदर्शवादी दृष्टि अवलम्बन गर्ने जोशीका समालोचना व्याख्यात्मक, विवेचनात्मक र निर्णयात्मक खालका भए तापनि मूलतः ती प्रभावपरक नै रहेका छन् ।

आधुनिक नेपाली समालोचनाका अर्का प्रमुख स्तम्भ यदुनाथ खनाल पूर्वीय एवं पाश्चात्य साहित्यशास्त्रीय मान्यताको तुलनात्मक अध्ययन गरी यसका आधारमा समालोचनात्मक सिद्धान्तको निर्माण गर्ने एक चर्चित समालोचक हुन् । सैद्धान्तिक तथा व्यावहारिक दुवै खालका समालोचनामा सिद्धहस्त यदुनाथ खनालका विविध समलोचनात्मक कृतिहरूमध्ये समालोचनाको सिद्धान्त (२००३) शास्त्रीय समालोचनाको मापदण्डलाई नेपालीमा भित्र्याउन सफल सैद्धान्तिक समालोचनात्मक ग्रन्थ मानिन्छ । साहित्यक चर्चा (२०३४) यदुनाथ खनालको अर्को एक व्यावहारिक समालोचना सङ्ग्रह हो । यस कृतिलाई हेर्दा उनका व्यवहारिक समालोचना मूलतः व्याख्यात्मक र

---

[१०४] ऐजन, पृ. १७ ।

विवेचनात्मक छन् भन्ने कुरा स्पष्ट हुन्छ तर यिनमा प्रयुक्त समालोचनात्मक दृष्टि भने प्रभाववादबाट पूर्णतः मुक्त हुन सकेको छैन । समग्रमा यदुनाथ खनाल कृतिको मूल्याङ्कन संयमित रूपमा गर्ने तथा तुलनात्मक समीक्षाप्रणालीलाई मूलधार मान्ने प्रवल नीतिचेतना भएका समालोचक हुन् ।

मूलतः इतिहासकारका रूपमा प्रतिष्ठित भए पनि समालोचनाको क्षेत्रमा समेत अविस्मरणीय योगदान पुऱ्याउन सफल बाबुराम आचार्य यस चरणका अर्का प्रमुख समालोचक हुन् । तुलनात्मका सुन्दरकाण्ड (२००२) र पुराना कवि र कविता (२००३) बाबुराम आचार्यका समालोचकीय उपलब्धि हुन् । सर्वप्रथम नेपाली साहित्यको काल विभाजन गर्ने, विधागत समालोचनाको थालनी गर्ने तथा ऐतिहासिकता केलाउँदै कवि र कविताको अन्वेषण एवं विश्लेषण गर्ने[१०५] आचार्य तुलनात्मक आधारमा कृतिको विश्लेषण गर्न सकिन्छ भन्ने[१०६] एक सिद्धहस्त समालोचक हुन् । माधवलाल कर्माचार्य पनि यसै चरणमा देखापरेका प्रभाववादी समालोचक हुन् । यिनका सौगात (२००८) तीन कविका केही कविता (२०१९) र **आयोजना र साहित्य** शीर्षक तीन पुस्तकहरू प्रकाशित छन् । जगदीश शमशेर राणाको मुनामदन भ्रमण (२००३) पनि यसै चरणमा देखापरेको कृति हो । यस अवधिमा लक्ष्मीप्रसाद देवकोटा भवानी भिक्षुका पनि समीक्षात्मक लेखहरू छापिएका छन् । लवबहादुर प्रधानका विवेचनात्मक लेख २००५ तिर उद्योग पत्रिकामा प्रकाशित छन् ।

नेपाली समालोचनाको दोस्रो चरणमा सैद्धान्तिक र व्यवहारिक दुवै किसिमका समालोचनात्मक लेख एवं पुस्तकहरू प्रकाशित भएका पाइन्छन् । यस चरणमा प्रथम चरणमा प्रयुक्त प्रभावपरक जीवनीपरक प्रशंसाधर्मी र आस्वादनमूलकजस्ता समालोचनात्मक प्रवृतिहरूका अतिरिक्त व्याख्यात्मक, वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक, ऐतिहासिक, निर्णयात्मक र विधापरक जस्ता समालोचनात्मक पद्धतिले

---

[१०५] ऐजन, पृ. ञ ।

[१०६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ९२ ।

पनि प्रश्रय पाएको देखिन्छ । साथै यस चरणमा पूर्वीय एवं पाश्चात्य समालोचना सिद्धान्तको आधारमा कृतिको तुलनात्मक अध्ययन गर्ने कृतिका गुण दोषमा मात्र केन्द्रित नरही सौन्दर्यशास्त्रीय दृष्टिले कृतिको मूल्यनिर्धारण गर्नेजस्ता नवीन दृष्टिकोणको समेत प्रादुभार्व भएको देखिन्छ ।

### ३.१.२.३. **तेस्रो चरण** (२००८-२०२२)

नेपाली जीवनचेतना र नेपाली साहित्यचेतनामा युगान्तर उपस्थित गर्ने अवधि २००७ साल हो २००७ सालको क्रान्तिपछि नेपाली जीवन र साहित्य दुवैमा परिवर्तन आएको देखिन्छ । साहित्यमा परिवर्तन आएपछि साहित्यलाई हेर्ने दृष्टि (समालोचना) मा पनि परिवर्तन आउनु स्वभाविक कुरो भएको हुँदा सात सालकै सेरोफरोमा विश्वले सामाजिक, राजनीतिक रूपान्तरणमा मारेको फड्को, नेपाली सचेत वर्गमा मार्क्सवादप्रति बढ्दै गएको आकर्षण र साहित्यमा यसको प्रभाव नै नेपाली समालोचना परम्परामा तेस्रो चरणलाई छुट्टयाउने कसी हुन्

यस चरणमा समालोचकका रूपमा प्रसिद्धि पाउन सफल अनेकौं समालोचकहरू देखा पर्छन् । यस चरणका प्रमुख समालोचकहरु ईश्वर बराल, कृष्णचन्द्रसिहं प्रधान, तारानाथ शर्मा, बालचन्द्र शर्मा र डि. पी. अधिकारी हुन् भने अन्य समालोचकहरूमा चूडानाथ भट्टराय्, डिल्लीराम तिमसिना, आनन्ददेव भट्ट, नित्यराजपाण्डे, राजनारायण प्रधान , जनकलाल शर्मा, कमल दीक्षित, श्यामप्रसाद शर्मा, यज्ञराज सत्याल, माधव भँडारी, सरिता ढकाल, कृष्णप्रसाद पराजुली। अम्विकाप्रसाद अधिकारी, टी. आर. विश्वकर्मा, गणेश भण्डारी आदि पर्दछन् ।

पूर्वीय एवं पाश्चात्य दुवै समीक्षाशास्त्रसित परिचित ईश्वर बरालले सैद्धान्तिक तथा व्यवहारिक समालोचना लेखी आफ्नो समालोचनात्मक कुशलता प्रदर्शन गरेका छन् । ऐतिहासिक सामग्रीको अन्वेषण गरी त्यसको सङ्कलन एवं सम्पादन गर्नु नै उनको प्रमुख कार्यक्षेत्र रहेको देखिन्छ । प्रभाववादी समीक्षालाई समालोचनाको आधार

मान्न अस्वीकार गर्ने ईश्वर बरालका आख्यानको उद्भव (२०३९) देवकोटा र उनका काव्य (२०५५) छरिएका समीक्षा (२०५६) जस्ता मौलिक समालोचनात्मक कृतिहरूमा बौद्धिकता विश्लेषणात्मकता एवं तार्किकतालाई स्थान दिइएको पाइन्छ ।

यस चरणको प्रमुख प्रवृत्ति भनेको प्रगतिवाद हो । यसको सैद्धान्तिक शुभारम्भ गर्ने व्यक्तित्व समालोचक कृष्णचन्द्रसिहं प्रधान हुन् । भञ्ज्याङनिरै (२००८) कविता सङ्ग्रहको भूमिका लेखी आफूलाई प्रगतिवादी समालोचकको रूपमा चिनाउन पुगेका प्रधानको यसै कृतिमार्फत् नेपाली समालोचनाको क्षेत्रमा प्रगतिवादको सैद्धान्तिक स्वरूपले प्रवेश पाएको मानिन्छ । यसरी प्रगतिवादी नेपाली समालोचनाको थालनी र विकासमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रधानका प्रगतिवादी अडानमा आधारित समालोचनात्मक लेखहरूमा 'नेपाली साहित्यमा प्रगतिवाद र पथभ्रान्त आलोचक' प्रगतिशील साहित्यः केही समस्या आदि पर्दछन् भने कवि व्यथित र काव्यसाधना (२०१४) पछि उक्त अडान क्रमशः परिवर्तन हुँदै गएको देखिन्छ । यसरी प्रारम्भमा प्रगतिवादी दृष्टिकोणलाई आत्मसात गरी समालोचना लेखनमा सक्रिय रहेका प्रधानका पछिल्ला समालोचना भने बढी बौद्धिक र विश्लेषणात्मक हुँदाहुँदै पनि स्वतन्त्र प्रकृतिका छन् ।

बालचन्द्र शर्मा यस चरणका अर्का प्रमुख समालोचक हुन् । मूलतः पुराना कृति र कृतिकारप्रति सजग रहेका शर्मा साहित्येतिहासपरक समालोचकका रूपमा परिचित छन् । उनका भानुभक्त (२०१४) र नेपाली साहित्यको इतिहास (२०३९) जस्ता समालोचनात्मक कृति प्रकाशित छन् । चूडानाथ भट्टराय पूर्वीय समालोचनाशास्त्रका आधारमा सैद्धान्तिक र प्रायोगिक समालोचना लेख्ने समालोचक हुन् । उनका तरूणतपसी मीमांसा (२००८) र कवि कविता र कविताको सिद्धान्त (२०१९) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित छन् । यज्ञराज सत्यालको नेपाली साहित्यको भूमिका (२०१७) लाई प्रथम प्रकाशित साहित्यतिहासपरक समालोचनात्मक कृति मानिन्छ । डिल्लीराम तिम्सिनाको माधव भँडारीसँगको सहलेखनमा 'हाम्रो साहित्य र

साहित्यकार’ (२०१०) नामक साहित्यतिहासपरक कृति प्रकाशित छ । कमल दीक्षितका **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७), **कागतीको सिरप** (२०२६) जस्ता ऐतिहासिक र अनुसन्धनात्मक कृति प्रकाशित छन् । यी कृतिका आधारमा उनलाई ऐतिहासिक र अनुसन्धानात्मक समालोचकको रूपमा लिन सकिन्छ । श्यामप्रसाद शर्मा प्रगतिवादी समीक्षासिद्धान्तलाई मूलाधार मानी कृतिको विवेचना गर्ने यस चरणका अर्का समालोचक हुन् । **उनका लेखक कसरी बन्ने ?** (२०१०), **साहित्यसम्बन्धी दुई चार कुरा** (२०२२), **साहित्यका पात्रपात्रीहरू** (२०३५) जस्ता समालोचनात्मक कृतिहरू रहेका छन् ।

प्रगतिवादी समालोचनाको क्षेत्रलाई उर्वर बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने यस चरणका अर्का समालोचक डी.पी. अधिकारी हुन् । उनका **यथार्थवादी समालोचना** (२०१७) र **नेपाली साहित्य र आलोचना** (२०३२) जस्ता समालोचनात्मक पुस्तकहरू प्रकाशित छन् । आनन्ददेव भट्टका **समालोचनाको बाटातिर** (२०१९) **हाम्रा प्रतिभाहरू** (२०१९), **व्यवहारिक समालोचना** (२०४८) र **जनताको साहित्य** (२०४८) गरी चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यी दुवै प्रगतिवादी सैद्धान्तिक मापदण्डलाई आधार मानी कृति र कृतिकारको व्याख्या एर्व मूल्याङ्कन गर्ने समालोचक हुन् । यस चरणका समालोचकहरूमध्ये तारानाथ शर्मा अपेक्षाकृत बढी चर्चित छन् । सुरूमा मार्क्सबादबाट प्रभावित र तदनुसार समालोचना लेख्ने तारानाथ शर्मा[१०७] पछि स्वतन्त्र समालोचकका रूपमा देखापर्छन् । उनका **घोत्ल्याईहरू** (२०२१), **पश्चिमका केही महान् साहित्यकार** (२०२६), **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **नेपाली साहित्यको इतिहास** (२०२७), **सम र समका कृति** (२०२९) जस्ता अनेकौं समालोचनात्मक कृतिहरू प्रकाशित छन् । पाश्चात्य साहित्यको गहन अध्ययन गरेका तारानाथ शर्माका समालोचनामा उक्त अध्ययनको प्रभाव प्रस्ट रूपमा देख्न सकिन्छ ।

---

[१०७] घनश्याम कँडेल, पूर्ववत्, पृ. ठ ।

शर्मा निर्भीकता र स्पष्टताका साथ कृति र लेखकको विश्लेषण गरी मूल्याङ्कन गर्ने समालोचक हुन् ।[१०८]

सात सालको क्रान्तिसँगै देखापरेको नेपाली समालोचनाको तेस्रो चरणमा पूर्वीय एवं पाश्चात्य काव्यशास्त्रको व्यापक अध्ययन गरी त्यसका आधारमा कृतिको समीक्षा गर्ने पद्धतिले प्रश्रय पाएको देखिन्छ । तेस्रो चरणमा नेपाली समालोचना पूर्ववर्ती चरण भन्दा अझ विकसित र आधुनिक भएको पाइन्छ । यस चरणमा सैद्धान्तिक समालोचना सम्बन्धी पनि गहकिला रचना प्रकाशित भएका पाइन्छन् । प्रथम चरणदेखि नै नेपाली समालोचनामा आफ्नो प्रभुत्व जमाउँदै आएको प्रभाववादको अंश यस चरणमा पनि भेटिन्छ तापनि विशेषतः गुण-दोषात्मक, व्याख्याविवेचनात्मक, विश्लेषणात्मक र मूल्याङ्कनात्मक पद्धति नै यस चरणका प्रवृत्ति हुन् । साथै यस चरणमा मूलत : प्रगतिवादी विचारले प्राथमिकता पाउनुका साथै यस भन्दा अगाडिदेखि नै देखा परिसकेका अन्वेषणात्मक, तुलनात्मक, विधापरक, साहित्येतिहासपरकजस्ता समालोचनाले समेत अझ बढी मौलाउने अवसर पाएको देखिन्छ । मनोवैज्ञानिक समालोचनाको समेत प्रादुर्भाव भए तापनि यस चरणमा मुख्य रूपमा भने प्रगतिवादको नै वर्चस्व रहेको पाइन्छ ।

### ३.१.२.४. **चौथो चरण** (२०२३-२०४६)

वि.स. २०२३ देखि २०४६ साल सम्मको समयावधिलाई नेपाली समालोचनाको चौथो चरणका रूपमा लिन सकिन्छ । २०१७ सालको राजनीतिक परिवर्तनपछिको असहज परिस्थितिको परिणामस्वरूप तेस्रो चरणमा जल्दोबल्दो रूपमा रहेको प्रगतिवाद ओझेलमा पर्न थाल्यो भने नेपाली साहित्य तथा समालोचनाको क्षेत्रमा विविध आन्दोलन तथा प्रयोगहरू देखापर्न थाले । यिनै प्रयोग तथा आन्दोलनहरू नै चौथो चरणलाई तेस्रो चरणबाट अलग्याउने कारक हुन् । पञ्चायती व्यवस्थाको सूत्रपातपछि देखापरेका प्रमुख आन्दोलन प्रयोगवादी र आयामेली आन्दोलन हुन जसका उन्नायक

---

[१०८] ऐजन ।

इन्द्रबहादुर राईलाई मानिन्छ । अतः उनको समालोचना टिपेका टिप्पणीहरू (२०२३) लाई चरणप्रवर्तक कृति मानी उनलाई यस चरणका शिलान्यासकर्ता समालोचक मान्नु युक्तिसंगत देखिन्छ ।

यस चरणका प्रमुख समालोचकहरू ईन्द्रबहादुर राई, केशवप्रसाद उपाध्याय, मोहनराज शर्मा, गोविन्द भट्ट, ठाकुर पराजरली, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, घटराज भट्टराई, शरदचन्द्र शर्मा भट्टराई, भानुभक्त पोखेल, चूडामणि बन्धु घनश्याम कँडेल, राजेन्द्र सुवेदी, हीरामणि शर्मा पौड्याल, कुमारबहादुर जोशी, रविलाल अधिकारी, गोपीकृष्ण शर्मा र कृष्ण गौतम हुन् ।

प्रभावपरक तथा अन्वेषणात्मक प्रवृतिमार्फत समालोचना क्षेत्रमा संलग्न हुन पुगेका इन्द्रबहादुर राईका समालोचना बढी मात्रामा बौद्धिक र तथ्यपरक छन् । उनले व्याख्यात्मक, विश्लेषणात्मक तथा तुलनात्मक जस्ता समालोचना विधिको प्रयोग गरेका भए तापनि उनी मूलतः कृतिकेन्द्री समालोचक हुन् । इन्द्रबहादुर राईका नेपाली उपन्यासका आधारहरू (२०३१) सन्दर्भमा इश्वर बल्लभका कविता (२०३३) अर्थहरूका पछिल्तिर (२०५१)जस्ता बौद्धिक एवं विश्लेषणात्मक समालोचनात्मक कृतिहरू प्रकाशित छन् ।

पूर्वीय एवं पाश्चात्य साहित्यसिद्धान्तका धुरन्धर विद्वान् केशवप्रसाद उपाध्यायका 'साहित्य प्रकाश' (२०३०), 'पूर्वीय साहित्य सिद्धान्त' (२०३४), 'विचार र व्याख्या' (२०४०), 'मन्थन' (२०५९) नेपाली नाटक र नाटककार (२०६१) जस्ता विविध समालोचनात्मक कृतिहरू प्रकाशित छन् । सैद्धान्तिक तथा व्यवहारिक दुवै समालोचनामा सिद्धहस्त उपाध्यायको लेखनमा प्रभाववादको अंश पाइए पनि ती बढी मात्रामा व्याख्यात्मक र विश्लेषणात्मक नै रहेका देखिन्छन् । मोहनराज शर्मा शैलीवैज्ञानिक समालोचकका रूपमा परिचित छन् ।[१०९] उनका 'नेपालीका केही आधुनिक साहित्यकार (२०३६) कथाको विकास प्रक्रिया (२०३५) शैलीविज्ञान (२०४८)

---

[१०९] ऐजन, पृ. त ।

समकालीन समालोचना सिद्धान्त र प्रयोग (२०५५) जस्ता विविध समालोचनात्मक पुस्तकाकार कृतिहरू प्रकशित छन् । गोविन्द भट्ट मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिलाई मूलाधार मानेर कृति र कृतिकारको मूल्याङ्कन गर्ने प्रसिद्ध प्रगततिवादी समलोचक हुन् । सैद्धान्तिक एवं विश्लेषणात्मक दुवै प्रकृतिका समालोचना लेख्ने भट्टका समालोचना बौद्धिक एवं विश्लेषणात्मक रहेका देखिन्छन् । उनको गोविन्द भट्टका समालोचना (२०५५) नामक  पुस्तकाकार ग्रन्थलगायतका अनेकौं फुटकर समालोचनात्मक लेखहरू पत्रपत्रिकामा छरिएर रहेका छन् ।

पूर्वीय साहित्यशास्त्रसँग परिचित ाकुर पराजुलीका 'नेपाली साहित्यको परिक्रमा (२०४५) नामक समालोचनात्मक ग्रन्थ प्रकाशित छ । वौद्धिक एवं विश्लेषणात्मक ढङ्गले कृतिको व्याख्या, विवेचना एवं मूल्याङ्कन गर्नु तथा कृतिका रूपगत प्रवृत्ति केलाई त्यसमा निहित कलात्मक सौन्दर्यको उद्घाटन गर्नुलाई पराजुलीका समालोचनात्मक बैशिष्ट्यका रूपमा लिन सकिन्छ ।[११०]

बासुदेव त्रिपाठी यस चरणका सशक्त समालोचक हुन् । उनका नेपाली कविताको सिहावलोकन (२०२७) विचरण (२०२८) पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (२०३०) पहलमानसिहं स्वारको पुनर्मूल्याङ्कन (२०३३), लेखनाथ पौड्यालका कविताको विश्लेषण तथा मूल्याङ्कन (२०३४) जस्ता अनेकौं सैद्धान्तिक एवं व्यवहारिक समालोचनात्मक पुस्तकहरू प्रकाशित छन् । पूर्विय एवं पाश्चात्य साहित्यशास्त्रीय मान्यतासित सुपरिचित त्रिपाठीका समालोचना बौद्धिक एवं विश्लेषणात्मक प्रकृतिका छन् । समालोचनामा कुनै एउटा सिद्धान्त र पद्धतिसित मात्र सीमित नरही परिस्थिती अनुकुल उपयुक्त हुनसक्ने सबैथरी साहित्यसिद्धान्तको प्रयोग गरेको हुनाले त्रिपाठीलाई बहुलवादी समालोचकको रूपमा लिन सकिन्छ । दयाराम श्रेष्ठ विश्लेषणात्मक एवं वस्तुवादी ढङ्गले कृतिको मूल्याङ्कन गर्ने साहित्येतिहासपरक एवं कृतिकेन्द्री समालोचक हुन । उनका 'सन्दर्भ र मूल्याङ्कन' (२०२५), 'नेपाली साहित्यका केही पृष्ठ' (२०३२),

---

[११०] ऐजन ।

'प्रारम्भिककालीन नेपाली साहित्य इतिहास र परम्परा' (२०३८) जस्ता पुस्तकाकार समालोचनात्मक कृतिहरू प्रकाशित छन् ।

शोधखोजपरक परिचयमूलक एवं जीवनीपरक समालोचनाका क्षेत्रमा सक्रिय रहदै आएका घटराज भट्टराईका **भीमनिधिः व्यक्ति र कृति** (२०३२) **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०४०) , खोजखाज (२०५४) जस्ता दर्जनौ पुस्तकाकार कृतिहरू प्रकाहित छन जसले उनर्ला मूलतः परिचयात्मक र विवरणात्मक समालोचकको रूपमा चिनाएका छन् । शरदचन्द्र शर्मा भट्टराई अन्वेषणात्मक एवं साहित्येतिहासपरक समालोचनाको क्षेत्रमा सक्रिय रहँदै आएका समालोचक हुन । बसाइँ परिचय (२०१९) रसिकको लगन एक अभ्ययन (२०२२) नाटक एकाङ्की विचरण (२०३३) ओझेलमा परेकाहरू (२०७) नेपाली सापहत्यको इतिहास (२०३७) प्राचिन गद्याख्यान (२०४२) नेपाली वाङमय : केही खोजी केही व्याख्या (२०४४) कवि बाबुराम आचार्य र उनका कविता (२०४७) जस्ता समालोचना लेख्ने भट्टराईका समालोचना बर्णनात्मक र विश्लेषणात्मक रहेका छन् । भानुभक्त पोखेलका  साहित्यिक अनुशीलन (२०३५) माधव घिमिरे र उनको काव्य चिन्तन (२०३९) माधव घिमिरेका विशिष्ट खण्डकाव्य (२०३९) साहित्यिक समीक्षासङ्ग्रह (२०५५) कवि घिमिरेको रचना योग (२०५८) जस्ता विविध समालोचनात्मक पुस्तक प्रकाशित छन् । मूलत : भाषाशास्त्रीको रूपमा परिचित चूडामणि बन्धुका महाकवि लक्ष्मीप्रसाद देवकोटा (२०१८) देवकोटा (२०३६) जस्ता खोजपरक विवेचनात्मक पुस्तक प्रकाशित छन् ।

घनश्याम कँडेल पूर्वीय एवं) पाश्चात्य साहित्यशास्त्रका मर्मज्ञ विद्धान हुन् । उनका केही अन्वेषण : केही विश्लेषण (२०४०) र 'पाश्चात्य यथार्थवादी नाटक' ( २०४६) गरी दुई पुस्तकाकार कृतिका अतिरिक्त विभिन्न पत्रपत्रिकामा अनेकौ समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । आलोच्य कृतिको बौद्धिक विश्लेषण र विना पूर्वाग्रह मूल्याङ्कन गर्ने कँडेलका उक्त समालोचनामा बस्तुवादी र यथार्थवादी दृष्टि प्रतिविम्वित भएको पाइन्छ । तार्किक रूपमा कृतिको आलोचना गर्न सिपालु

राजेन्द्र सुवेदी यसै चरणका प्रगतिवादी समालोचक हुन । उनका स्रष्टा सृष्टि : द्रष्टा दृष्टि '(२०४३)' केही समीक्षण : केही विश्लेषण (२०४९) नेपाली उपन्यास : परम्परा र प्रवृत्ति (२०५२) नेपाली समालोचना : परम्परा र प्रवृत्ति (२०६१) जस्ता धेरै समालोचनात्मक कृतिहरू प्रकाशित छन् । हीरामणि शर्मा पौड्यालका समालोचनाको बाटोमा (२०४१) परिक्रमा (२०४४) र 'रचना-विवेचना' (२०४६) आदि समालोचनात्मक कृतिहरू प्रकाशित छन् । राममणि रिसाल यसै चरणका एक समालोचक हुन् । उनका नेपाली काव्य र कवि (२०३१) र माध्यामिककालीन कवि वैजनाथ न्यौपाने (२०६३) दुईवटा समालोचनात्मक ग्रन्थहरू प्रकाशित छन् ।

नेपाली समालोचनाको चौथो चरणका अन्य समालोचकहरू मध्ये कुमारबहादुर जोशी ब्याख्यावादी खोजमुलक एवं विधाकेन्द्री समालोचक हुन । उनका देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन (२०४७) देवकोटाका कविताको कालक्रमिक विवेचना (२०४९), कविता चर्चा (२०४०) जस्ता पुस्तकाकार कृतिहरू प्रकाशित छन् । प्रगतिवादी समालोचक रविलाल अधिकारीका प्रगतिवादी नेपाली कविता (२०४४) अनुभव र आँखाहरू (२०४६) प्रगतिवादी नेपाली समालोचना (२०५६), नेपाली समालोचनाको रूपरेखा (२०५१) जस्ता समालोचनात्मक कृति प्रकाशित छन् । त्यसैगरी पूर्वीय एवं पाश्चात्य दुवै साहित्यशास्त्रीय मान्यतासँग परिचित गोपीकृष्ण शर्माका नेपाली निबन्ध परिचय (२०४०), अवलोकन र विवेचना (२०४४) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित छन् । शैलीवैज्ञानिक समालोचनातर्फ समेत राम्रो दखल भएका अभिसुवेदी नयाँ दृष्टि भएका आलोचकका रूपमा देखा पर्छन् ।[१११] यिनका 'पाश्चात्य काव्य सिद्धान्त' (२०२९), 'सिर्जना र मूल्याङ्कन' (२०३८), 'रचना र माध्यम' (२०५४) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित छन् । कृष्ण गौतम पनि व्याख्यात्मक र विवेचनात्मक पाराले कृतिको आलोचना गर्ने समालोचक हुन् । उनका 'आधुनिक आलोचनाः अनेक रूप, अनेक पठन' (२०५०), 'पाश्चात्य महाकाव्य' (

[१११] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १६५ ।

२०५५), 'सिर्जनाको सुवास' (२०५६), 'रचनाको रोमाञ्च' (२०५६) जस्ता समालोचनात्मक ग्रन्थ प्रकाशित छन् । 'प्रगतिवाद र नेपाली उपन्यास' (२०४०), 'प्रगतिवाद' (२०४९), 'मार्क्सवाद र उत्तरआधुनिकतावाद' (२०५२), 'उपन्यासको सौन्दर्यशास्त्र' (२०५६) जस्ता समालोचनात्मक ग्रन्थ लेख्ने ऋषिराज बराल यस चरणका अर्का सशक्त प्रगतिवादी समालोचक हुन् ।

नेपाली समालोचनाको चौथो चरणमा अन्य चरणको अलावा बहुसख्यक समालोचकहरूले आफ्नो सक्रियता प्रदर्शन गरेका छन् । यस चरणमा माथि चर्चित समालोचकहरू बाहेक चूडामणि रेग्मी, कृष्णप्रसाद पराजुली, बामदेव पहाडी, गणेबहादुर प्रसाइँ, अच्युतरमण अधिकारी, गणेश भण्डारी, तुलसीप्रसाद भट्टराई, केशव सुवेदी, रामदयाल राकेश, टीकाराम पन्थी, रमा शर्मा, चन्द्रेश्वर दुवे, लख्खीदेवी सुन्दास, नरहरि आचार्य, भिक्टर प्रधान, माधवप्रसाद पोखेल, मोहनहिमांशु थापा, वासुरिमाल यात्री, नरेन्द्र चापागाइँ आदि समालोचकहरूको महत्त्वपूर्ण योगदान रहेको छ ।

उल्लिखित समालोचक तथा तिनका कृतिहरूको अध्ययन, विश्लेषणबाट निष्कर्षमा के भन्न सकिन्छ भने नेपाली समालोचनाको चौथो चरण व्याख्यापरक, बहुलबादी अन्वेषणात्मक, शैलीवैज्ञानिक आदि विविध समालोचना लेखनको काल हो । यस चरणमा प्रथम चरणदेखि नै विकसित हुँदै आएको प्रभाववादी समालोचनाको प्रभाव पाइए तापनि मूल रूपमा विशलेषणात्मक र मूल्याङ्कनात्मक समालोचना पद्धतिको नै बोलवाला रहेको देखिन्छ । सुरुका केही वर्षहरूमा प्रगतिवाद ओझेलमा परेको भए तापनि त्यसपछिका वर्षहरूमा भने प्रगतिवादले समेत आफ्नो वर्चस्व कायम गरेको देखिन्छ ।

### ३.१.२.५ पाँचौ चरण (२०४७ देखि वर्तमानसम्म)

वि.सं. २०४७ मा पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुनर्स्थापना भएपछि देखि हालसम्मको समयावधिलाई नेपाली समालोचनाको पाँचौ चरणको संज्ञा

दिन सकिन्छ । कतिपय समालोचकहरूले यस चरणलाई चौथो चरण अन्तर्गत नै राखी समालोचनात्मक प्राप्तिको निर्धारण गरेको पाइन्छ तापनि २०४६ को राजनीतिक परिवर्तनले ल्याएको अभिव्यक्ति स्वतन्त्रताको प्रभाव यस अवधिका समालोचनाहरूमा प्रायः देखिएको हुनाले यस चरणलाई पाँचौ चरणको रूपमा अलग्याउनु युक्तिसंगत ठहर्दछ ।

यस चरणलाई अघिल्ला चरणदेखि नै स्थापित भइसकेका समालोचकहरूले नै उर्वरशील बनाउन सहयोग पुऱ्याएका छन् । मोहनराज शर्माको शैलीविज्ञान (२०४८) लाई धेरैजसो विद्वान्हरूले यस चरणको प्रवर्तककृति मानेको पाइन्छ । उनको 'समकालीन समालोचना: सिद्धान्त र प्रयोग' (२०५६) पनि प्रकाशित छ । चौथो चरणदेखि वस्तुवादी समालोचनाप्रणालीलाई आत्मसात गर्दै आएका समालोचक इन्द्रबहादुर राईका 'सन्दर्भमा ईश्वर वल्लभका कविता' (२०३३) र 'अर्थहरूका पछिल्तिर' (२०५२) वस्तुवादी एवं मिथकीय समालोचनात्मक कृति हुन् । त्यसैगरी चौथो चरणमा नै आफ्नो स्थान कायम गर्न सफल कृष्ण गौतमको 'आधुनिक आलोचना: अनेक रूप, अनेक पठन' (२०५०) यसै चरणमा प्रकाशित छ । घनश्याम नेपालका 'आख्यानका कुरा' (२०४४), 'नेपाली साहित्यको परिचयात्मक इतिहास' (२०४९) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित छन् । यी कृतिहरूका आधारमा घनश्याम नेपाललाई वस्तुवादी र भाषापरक समालोचकका रूपमा चिन्न सकिन्छ ।

यस चरणका सक्रिय समालोचकहरूमा देवी गौतम जगदीश भण्डारी, ताराकान्त पाण्डेय, रविलाल अधिकारी आदि उल्लेख्य छन् । देवी गौतमको 'प्रगतिवाद: परम्परा र मान्यता' (२०४९), जगदीश भण्डारीको 'प्रगतिवादी नेपाली काविता: रेखाङ्कन र विश्लेषण' (२०५५), ताराकान्त पाण्डेयको 'प्रगतिवाद र कविता' (२०५६) र रविलाल अधिकारीको 'प्रगतिवादी नेपाली समालोचना' (२०५६) जस्ता प्रगतिवादी अनुसन्धनात्मक ग्रन्थहरू पनि यसै चरणमा प्रकाशित भएका देखिन्छन् । यसका अतिरिक्त यस चरणमा देखापरेका स्थापित तथा नवोदित समालोचकहरमा मधुसुदन

गिरी, लक्ष्मणप्रसाद गौतम, महादेव अवस्थी, कृष्णहरि बराल, फणिन्द्र नेपाल, खगेन्द्रप्रसाद लुइँटेल, रामहरि पौड्याल सुधा त्रिपाठी, विष्णुप्रभात, कृष्ण घिमिरे, रामप्रसाद ज्ञवाली, नेत्र एटम, जीवलाल बस्याल, रमेश भट्टराई, शारदा अधिकारी, प्रभात सापकोटा, रमेश गोर्खाली, शैलेन्द्र नेपाल, यादवप्रसाद लामिछाने, विष्णु पौडेल, इश्वरकुमार श्रेष्ठ आदि पर्दछन् ।

पाश्चात्य साहित्यका प्रभावस्वरूप नेपाली समालोचनाको पाँचौ चरणमा उत्तरआधुनिकतावादी धारणाले अझ विकसित हुने मौका पाइरहेको छ । परिणाम तः विनिर्माणवाद, नारीवाद, पाठपरक, रूपवाद, संरचनावाद, उत्तरमार्क्सवाद, शैलीविज्ञान आदिले समालोचनामा व्यापक प्रभाव पार्न थालेको देखिन्छ । यस चरणमा एकथरी समालोचकहरूले पुरानै समालोचना सिद्धान्त (प्रभाववाद, निर्णयात्मक, तुलनात्मक, जीवनीमूलक आदि) लाई आत्मसात् गरी अगाडि बढिरहेका छन् भने अर्काथरी वस्तुतथ्यात्मक समालोचना प्रणालीका अतिरिक्त उपर्युल्लिखित नवीन सैद्धान्तिक मापदण्डलाई आधार मानी समालोचना कार्यमा संलग्न हुँदै आएका छन् ।

## ३.२ नेपाली समालोचना परम्परामा राममणि रिसालको आगमन

नेपाली समालोचनाको प्रभाववादी धारामा कलम चलाउने समालोचक राममणि रिसालको आगमन नेपाली समालोचना परम्पराको चौथो चरणको प्रारम्भतिर (२०२५) भएको हो । प्रथम नेपाली, समालोचक मोतीराम भट्टद्वारा सूत्रपात गरिएको प्रभाववादी नेपाली समालोचनाको क्षेत्रमा २०२५ सालतिर समालोचक राममणि रिसाल देखापरेका हुन् । वि.सं. २०२५ सालको जमरा वर्ष १ अङ्क १ मा प्रकाशित रङ्गमञ्च दुई शब्द नै रिसालको पहिलो समालोचनात्मक लेख हो ।

नेपाली समालोचनाको सुरूवात नै प्रभाववादी धाराबाट भएको हो । नेपाली समालोचनाको प्रभाववादी धारा पहिलो र दोस्रो चरणमा बढी उर्वर रह्यो भने तेस्रो चरणमा केही मत्थर भयो । चौथो चरणमा पनि प्रभाववादको अंश रहिरह्यो र त्यो

हालसम्म पनि रहिरहेकै छ । यसै प्रभाववादी समालोचनापरम्परामा सक्रिय राममणि रिसाल नेपाली समालोचनाको चौथो चरणमा आफ्नो स्थान कायम गर्न सफल समालोचक हुन् । सम्बद्ध लेखक र उनीहरूका कृतिले पारेका प्रभावका आधारमा व्याख्यात्मक र विवेचनात्मक किसिमले आफ्ना विचार र मूल्याङ्कनहरू प्रस्तुत गर्न रिसाल सफल देखिन्छन् । उनका 'नेपाली काव्य र कवि' (२०३१), 'माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना' (२०६३) जस्ता दुई पुस्तकाकार कृति र विभिन्न पत्रपत्रिकामा समालोचनात्मक लेखहरू प्रकाशित छन् । यिनै समालोचनात्मक कृति तथा लेखले रिसाललाई सन्तुलित रूपमा समालोचना लेख्ने बौद्धिक समालोचकका रूपमा चिनाएका छन् ।

## ३.३ राममणि रिसालको समालोचनायात्रा

निबन्धका क्षेत्रमा समेत सफलता हासिल गरेका राममणि रिसालले समालोचनाको क्षेत्रमा भने वि.सं. २०२५ सालमा पदार्पण गरेका हुन् । रिसालको समालोचना यात्रा २०२५ देखि प्रारम्भ भइ वर्तमानसम्म अर्थात् २०६३ सम्म आइपुगेको देखिन्छ । तीन दशकभन्दा लामो समयावधिमा उनका 'नेपाली काव्य र कवि' (२०३१) र 'माध्यमिककालीन कवि वैद्यनाथ न्यौपाने' (२०६३) गरी दुईवटा मात्र पुस्तकाकार समालोचनात्मक कृति प्रकाशित छन् । उनको पहिलो पुस्तकाकार कृति 'नेपाली काव्य र कवि' (२०३१) हो । यो उनको पहिलो समालोचनात्मक पुस्तकाकार कृति पनि हो । यो कृति प्रकाशित भएको तीन दशकसम्म उनी समालोचनाक्षेत्रमा देखिएनन् यसको प्रमुख कारण उनले जीवनमा गर्नुपरेको पेशागत परिवर्तन हो । प्राध्यापन पेसालाई छाडेर निजामती कर्मचारीका रूपमा अनेक अड्डाखानामा प्रशासनिक उत्तरदायित्व सम्हाल्नुपर्ने परिस्थितिले पनि उनको समालोचना लेखनकार्यले निरन्तरता नपाउनु स्वभाविकै हो । त्यसपछि एकैचोटि २०६३ मा उनको 'माध्यमिकालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना' दोस्रो समालोचनात्मक पुस्तकाकार कृति प्रकाशित भएको देखिन्छ ।

वि.सं. २०२५ सालको जमरा वर्ष १ अङ्क १ मा प्रकाशित 'रङ्गमञ्चः दुई शब्द' नै राममणि रिसालको पहिलो समालोचनात्मक लेख हो । यसलाई उनको सैद्धान्तिक समालोचना मान्न सकिन्छ । यसमा रिसालले रङ्गमञ्चका बारेमा आफ्ना धारणाहरू व्यक्त गरेका छन् । यसमा उनले रङ्गमञ्च के हो ? भन्ने कुरालाई स्पष्टताका साथ व्याख्या गरेका छन् ।

वि.सं. २०२६ सालको ललिता वर्ष २ अङ्क २ मा रिसालको 'वैजनाथ न्यौपाने- जो हिजोसम्म बहुचर्चित थिएनन' नै राममणि रिसालको दोस्रो समालोचनात्मक लेख हो । यो उनको शोधखोजपरक समालोचनात्मक लेख हो । रिसालको यो अन्वेषण मूलतः एक व्यक्ति केन्द्री देखिन्छ । यस लेखमा नेपाली साहित्यको माध्यमिक कालमा लुकेर बसेका एक कवि वैजनाथ न्यौपानेको खोज गरी तिनका बारेमा प्रकाश पार्ने काम गरिएको छ । यसै लेखका आधारमा वैजनाथ न्यौपानेलाई कमल दिक्षितको 'बुईगल' मा माध्यमिककालीन कविका रूपमा स्थान मिलेको थियो ।[११२]

राममणि रिसालको तेस्रो समालोचनात्मक लेख वि.सं. २०२७ सालको जमरा वर्ष २ अङ्कर २ मा प्रकाशित 'सुलोचना क्रान्तिकारी प्रयोग' हो । यसमा रिसालले लक्ष्मीप्रसाद देवकोटाको संक्षिप्त जीवनीको चर्चा गर्दै देवकोटाद्वारा रचित 'सुलोचना' महाकाल्यको समीक्षा गरेका छन् । यो लेख प्रकाशित भएको चार वर्षपछि अर्थात् वि.सं. २०३१ सालमा राममणि रिसालको पुस्तकाकार रूपमा समालोचनात्मक कृति 'नेपाली काव्य र कवि' प्रकाशित भएको छ । पुगनपुग चार दशक लामो समालोचना यात्रामा यो नै उनको महत्त्वपूर्ण समालोचनात्मक कृति हो । यो कृति एक्लैले रिसाललाई समालोचकका रूपमा चिनाउन सफल भएको छ । त्यसपछि राममणि रिसाल समालोचनालाई छोडेर निबन्ध लेखनमा अग्रसर रहन्छन् । 'नेपाली काव्य र कवि' प्रकाशित भएको ३२ वर्षसम्म उनले समालोचनालाई चटक्के छोडेर निबन्ध लेखनमा मात्र आफूलाई सक्रिय तुल्याएका छन् र वि.सं. २०६३ सालमा

[११२] राममणि रिसाल (सम्पा.), **माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना** (भक्तपुरः श्रीमती तीर्थकुमारी न्यौपाने, २०६३), पृ. ४ ।

‘माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना’ शीर्षकको सम्पादित कृति लिएर रिसाल पुनः समालोचनाका क्षेत्रमा देखापरेका छन् । यो कृति उनको दोस्रो समालोचनात्मक लेख ‘वैजनाथ न्यौपाने- जो हिजोसम्म बहुचर्चित थिएनन’ कै विस्तृत रूप हो ।

यसरी मौलिक र सम्पादित गरी दुईवटा पुस्तकाकार कृति र दुईवटा लेख लेखेर नेपाली समालोचनामा राममणि रिसालले योगदान दिएका छन् । रिसालका यी सबै समालोचनामा मुख्यतः एकै प्रवृत्ति ‘प्रभाववाद पाइन्छ’ ।

# चौथो परिच्छेद

# राममणि रिसालका समालोचनात्मक कृतिहरुको विश्लेषण

## ४.१ कृतिविवरण

राममणि रिसालले आफ्नो सृजनायात्रामा गद्य तथा पद्य दुवै विधा तर्फ कलम चलाएको पाइन्छ । गद्यकारका रूपमा उनी प्रथमतः समालोचना लेखनमा सक्रिय रहे भने त्यसपछि उनी मूलतः निबन्ध लेखनमा तल्लीन रहे । हालसम्म उनका दुईवटा समालोचनात्मक ग्रन्थ र आठवटा निबन्ध सङ्ग्रह प्रकाशित भइसकेका छन् । यसैगरी राममणि रिसालले आफ्नो साहित्यिकयात्रामा बेलाबखत गीत तथा भजनहर पनि रचना गर्दै आएका छन् । राममणि रिसालका हालसम्म (२०६३ चैत्र मसान्तसम्म) प्रकाशित सम्पूर्ण रचनाहरूको विवरण यसप्रकार छः–

### (१) पुस्तकाकार कृतिहरू

(क) नेपाली काव्य र कवि (समालोचनाः २०३१)

(ख) अक्षरपछि अक्षर (निबन्ध सङ्ग्रह : २०४१)

(ग) भिजेका पलपल (निबन्ध सङ्ग्रह : २०४५)

(घ) मेरो चेतनाको अन्तर्यात्रा (निबन्ध सङ्ग्रह : २०५२)

(ङ) अन्यथा (निबन्ध सङ्ग्रह : २०५८)

(च) कलकताको कथा (यात्रा संस्मरण : २०५९)

(छ) म एकः म अनेक (निबन्ध सङ्ग्रह : २०६०)

(ज) क्षण प्रतिक्षण (निबन्ध सङ्ग्रह : २०६१)

(झ) नेपालका मन्त्रीहरू (सहलेखन : २०६१)

(ञ) भूमिका (निबन्ध सङ्ग्रह : २०६२)

(ट) माटो भित्रैको कथा (यात्रा संस्मरण : २०६२)

(ठ) माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना (सम्पा.) २०६३

(ड) पत्रम पुण्यम (निबन्ध सङ्ग्रह : २०६३)

**२. फुटकर लेखहरू**

(क) रङ्गमञ्च दुई शब्द (समालोचनाः जमराः २०२५)

(ख) सुलोचना क्रान्तिकारी प्रयोग (समालोचनाः जमरा २०२७)

(ग) वैजनाथ न्यौपाने - जो हिजोसम्म बहुचर्चित थिएनन (समालोचना, ललिता २०२६)

(घ) मलाई यस्तै लाग्छ (कविता, अरूणोदय, २०२०)

(ङ) सङ्गीतको सुनौलो हस्ताक्षर (निबन्ध झङ्कारः २०३९)

**३. भजन**

(क) जीवन ममता (भजन सङ्ग्रहः २०६० क्यासेट)

**४. आधुनिक गीत**

(क) बलेसी त्यो साउनको

(ख) चाहिँदैन बासुरी

(ग) भेटेदेखि कस्तो

(घ) गीत झरिगएछ

(ङ) रात ढल्यो काखमाथि

(च) सौन्दर्यको कचौरीमा पानी परेछ

(छ) कल्पी कल्पी रुन्छ

**५. बालगीत**

(क) सानी छोरी हास्छे मेरी

(ख) गीत यै हो प्रित यै हो ।

## ४.२ समालोचनात्मक कृतिको अध्ययनक्रम

यस परिच्छेदमा राममणि रिसालका सम्पूर्ण समालोचनात्मक कृतिहरूको अध्ययन गरिएको छ । यस क्रममा प्रथमतः उनको पहिलो पुस्तकाकार समालोचनात्मक ग्रन्थ 'नेपाली काव्य र कवि' को अध्ययन गरिएको छ । त्यसपछि उनको दोस्रो समालोचनात्मक पुस्तकाकार कृति 'माध्यमिककालीन कति बैजनाथ न्यौपाने र उनका सिर्जना' को अध्ययन गरिएको छ । त्यसपछि रिसालका फुटकर समालोचनात्मक लेख 'रङ्गमञ्च दुई शब्द' र सुलोचना क्रान्तिकारी प्रयोगको अध्ययन गरिएको छ । रिसालका समालोचनात्मक कृतिको अध्ययन गरिसके पश्चात् समालोचनात्मक चेत भएका उनका निबन्धहरूको पनि अध्ययन गरिएको छ ।

## ४.३ पुस्तकाकार समालोचनात्मक कृतिको अध्ययन

### ४.२.१ 'नेपाली काव्य र कवि' को अध्ययन

### (क) पृष्ठभूमि

राममणि रिसालले आफ्नो साहित्ययात्राका प्रारम्भिक समयदेखि नै समालोचना लेखनमा कलम चलाउँदै आएका छन् । रिसालले समालोचनाबाटै आफ्नो साहित्य यात्रा सुरु गरेका हुन् । उनको पहिलो समालोचना २०२५ सालमा जमरा पत्रिकामा प्रकाशित 'रङ्गमञ्च दुई शब्द' हो । 'नेपाली काव्य र कवि' उनको पहिलो पुस्तकाकार समालोचनात्मक ग्रन्थ हो । वस्तुतः 'नेपाली काव्य र कवि' नेपाली विषयमा अध्ययन गर्ने विद्यार्थीहरूका निम्ति पाठ्यपुस्तक तयार पार्ने साझा प्रकाशनको २०२६ सालको योजना मुताविक लेखिएको र २०३१ सालमा प्रकाशित भएको थियो ।[११३] राममणि रिसाल वि.सं. २०२३ र २०२४ सालमा दुई वर्ष 'रोयल नेपाल एकेडेमी' का सिफारिसमा 'मदनपुरस्कार विद्वतवृत्ति' अन्तर्गत 'नेपाली भाषाका पुस्तकहरू' भन्ने

---

[११३] राममणि रिसाल, **नेपाली काव्य र कवि,** पाँ.सं., (काठमाडौं: साझा प्रकाशन, २०३१), पृ. छ ।

विषयमा अनुसन्धानार्थ छानिएका थिए ।[११४] त्यसै समयदेखि 'मदन पुरस्कार गुठी' र 'मदन पुरस्कार पुस्तकालय' को सानिध्य उनको लागि एक अविस्मरणीय सार्थकता बन्न पुगेको थियो ।[११५] त्यस क्रममा उनले मदन पुरस्कार पुस्तकालयमा नेपाली भाषा साहित्यका अनेक कृतिहरूको अध्ययन गर्ने अवसर पाएका थिए । उक्त मदन पुरस्कार पुस्तकालयको अध्ययन र सहृदयी कार्यकर्ता श्री गजेन्द्र रेग्मी तथा पुस्तकालयध्यक्ष कमल दीक्षितबाट मिलेको हौसला र हार्दिकताले यस ग्रन्थको लेखनमा निक्कै सघाउ पुऱ्याएको कुरा पनि उनले यहाँ उल्लेख गरेका छन् ।[११६]

प्रस्तुत 'नेपाली काव्य र कवि' नामक समालोचनात्मक ग्रन्थको लेखनकार्य २०२३-२४ सालतिरै थालिएको भए तापनि यसको प्रकाशन चाहिँ २०३१ सालमा आएर मात्र भएको थियो । साझा प्रकाशनको २०२६ सालको योजनाभित्र परेका दस विषयका ग्रन्थहरूमध्ये प्रकाशित हुनेमा चाहीँ यो तेस्रो ग्रन्थ हो ।[११७] यो सुरुदेखि नै साझा प्रकाशनबाट प्रकाशित हुँदै आएको छ र हालसम्म यस ग्रन्थका पाँचवटा संस्करणहरू प्रकाशित भइसकेका छन् । ती पाँचैवटा संस्करणहरूमा प्रशस्त थपघट गर्ने इच्छा हुँदाहुँदै पनि व्यवधानवश रिसालले सामान्य थपघट गरी उपर्युक्त संस्करणहरू प्रकाशित गराएको पाइन्छ ।[११८]

## (२) **शीर्षक**

यस ग्रन्थको शीर्षक 'नेपाली काव्य र कवि' रहेबाट नेपाली काव्य (महाकाव्य र खण्डकाव्य) को चर्चा गर्नु नै यसको उद्देश्य रहेको पाइन्छ । स्वयम् लेखकले यस पुस्तकको मूल उद्देश्यभित्र फुटकर कविता पर्दैन भनेका छन् ।[११९] यसको नामाकरण

---

[११४] ऐजन, पृ. ङ ।
[११५] ऐजन, पृ. च ।
[११६] ऐजन ।
[११७] ऐजन, पृ. छ ।
[११८] ऐजन, पृ. ठ ।
[११९] ऐजन, पृ. क ।

एकछिनका लागि 'केही नेपालीका महाकाव्य र खण्डकाव्यहरू' किंवा 'काव्य र काव्यकार' राखे पनि आकाश पातालको अन्तर पर्दैन ।[१२०] यस ग्रन्थको उद्देश्य नेपाली काव्यको विश्लेषण गर्नु भए तापनि यसको अन्तिम खण्डमा फुटकर कविताको पनि संक्षिप्त चर्चा गरिएको छ । अतः यस ग्रन्थको शीर्षक 'नेपाली काव्य र कवि' सार्थक रहेको छ ।

## (३) संरचना

राममणि रिसालको 'नेपाली काव्य र कवि' नामक समालोचनात्मक ग्रन्थ मूलतः नेपाली कविता विधाको विवेचनामा केन्द्रित ग्रन्थ हो । जम्मा ३४४ भएको यस ग्रन्थमा लेखकले नेपाली महाकाव्य, खण्डकाव्य, गीतिकाव्य तथा फुटकर कविताको विवेचना गरेका छन् । यसमा लेखकले स्पष्ट रूपमा अध्याय/परिच्छेद विभाजन गरेका छैनन्, तापनि यसमा समेटिएको विषयवस्तुका आधारमा हेर्दा प्रस्तुत ग्रन्थ मोटामोटी रूपमा निम्न लिखित चार खण्डमा विभाजित भएको देखिन्छ–

१. महाकाव्य
२. खण्डकाव्य
३. गीतिकाव्य
४. आधुनिक कविता

(१) **प्रथम खण्डः** प्रस्तुत ग्रन्थको प्रथम खण्डमा महाकाव्यको विवेचना गरिएको छ । यस अन्तर्गत निम्नलिखित नौ वटा शीर्षक रहेका छन् ।

(क) नेपाली काव्यमा संस्कृत काव्यपरम्पराको प्रभाव
(ख) नेपालीका अन्य काव्यपरम्परा
(ग) नेपाली महाकाव्य र महाकाव्यकार
(घ) महाकाव्यकार पण्डितराज श्री सोमनाथ सिग्देल

---
[१२०] ऐजन ।

(ङ) कवि शिरोमणी प. श्री लेखनाथ पौड्याल

(च) महाकाव्यकार श्री बालकृष्ण सम

(छ) महाकवि श्री लक्ष्मीप्रसाद देवकोटा

(ज) महाकाव्यकार श्री मोदनाथ प्रश्रित

(झ) नेपालीका अन्य महाकाव्य

यस प्रथम खण्डमा महाकाव्यको विस्तृत विवेचना गरिएको छ । यस ग्रन्थका चार खण्डहरूमध्ये यो नै सबभन्दा ठूलो खण्ड हो ।

(२) **दोस्रो खण्डः** प्रस्तुत ग्रन्थको दोस्रो खण्डमा खण्डकाव्यको विवेचना गरिएको छ । यस अन्तर्गत निम्नलिखित दुईवटा शीर्षक रहेका छन्–

(क) खण्डकाव्य र खण्डकाव्यकार

(ख) नेपालीका अन्य खण्डकाव्य र खण्डकाव्यकार

यस ग्रन्थका चारखण्डमध्ये यो दोस्रो ठूलो खण्ड हो ।

(३) **तेस्रो खण्डः** प्रस्तुत ग्रन्थको तेस्रो खण्डमा गीतिकाव्यको विवेचना गरिएको छ । यस अन्तर्गत निम्नलिखित दुईवटा शीर्षक रहेका छन्–

(क) गीतिकाव्य र गीतिकाव्यकार

(ख) गीतिकवि र काव्य

यस ग्रन्थका चार खण्डहरूमध्ये यो तेस्रो ठूलो खण्ड हो ।

(४) **चौथो खण्डः** प्रस्तुत ग्रन्थको चौथो अर्थात् अन्तिम खण्डमा आधुनिक कविताको विवेचना गरिएको छ । यसमा निम्नलिखित एउटा मात्र शीर्षक रहेको छः–

(क) आधुनिक कविता र कवि

यस ग्रन्थका चार खण्डहरूमध्ये यो सबैभन्दा सानो खण्ड हो ।

यसरी प्रस्तुत ग्न्थ मूलतः चार खण्ड तथा ती अन्तर्गतका अनेक शीर्षक र उपशीर्षकहरूमा संरचित भएको छ ।

## (४) विवेच्य विषय

प्रस्तुत समालोचनात्मक ग्रन्थ मूलतः नेपाली काव्यपरम्परा र यसका प्रमुख कविहरुका काव्यकृतिको विवेचनामा केन्द्रित रहेको छ । यस ग्रन्थमा नेपाली साहित्यको कविता विधाको ऐतिहासिक रूपरेखा प्रष्ट्याउँदै नेपालीका प्रमुख काव्यकार र तिनका प्रमुख कृतिहरूको समालोचना गरिएको छ । रिसालले यस ग्रन्थमा नेपाली भाषाको उत्पतिदेखि लिएर क्रमशः संस्कृत भाषामा देखिँदै आएका साहित्यिक कृति र महाकाव्य जन्मको इतिहास उल्लेख गरेका छन् । रिसालले महाकाव्य खण्डको सुरुमा 'नेपाली काव्यमा संस्कृत काव्यपरम्पराको प्रभाव' शीर्षक अन्तर्गत (क) संस्कृत साहित्य (ख) संस्कृत साहित्यमा विभिन्न काव्य सम्प्रदाय (ग) संस्कृत काव्यमा महाकाव्य परिभाषाको जन्म (घ) प्राचीन महाकाव्य परिभाषाको तुलनात्मक विवेचना (ङ) संस्कृत काव्य परम्परामा महाकाव्य (च) प्राच्य काव्यसम्प्रदाय र पाश्चात्य काव्यवस्तु तथा (छ) नेपाली भक्तिकविता र काव्य उपशीर्षकहरूमा सम्बद्ध विषयको विवेचना गरेका छन् ।

यस क्रममा उनले नेपाली भाषा र साहित्यको वाग्द्वार मानिने संस्कृत भाषाबाटै नेपाली भाषाको जन्म भएको कुरालाई स्वीकार्दै विश्व साहित्यमै संस्कृत भाषा र साहित्यको अपरिहार्य भूमिका रहेको कुरा उल्लेख गरेका छन् । उपनिषद र पुराणबाट परिपूर्ण संस्कृत साहित्य नेपाली कविका लागि अक्षय्य भण्डार बनेको चर्चा गर्दै विश्वका समृद्ध भाषाहरूमध्ये दर्शन, ब्याकरण र साहित्यको त्रिवेणी बनेको संस्कृत भाषाको छुट्टै स्थान रहेको बताएका छन् । संस्कृत काव्यमा रामायण र महाभारतको उपजव्यि काव्यका रूपमा ठूलो प्रतिष्ठा छ भन्दै उनले संस्कृत साहित्यका आचार्यहरूको काव्यशास्त्रीय चिन्तन परम्पराको चर्चा गर्नुका साथै उनीहरूका महाकाव्य सम्बनधी अवधारणालाई पनि प्रस्तुत गरेका छन् । त्यस्तै उनले पाश्चात्य काव्यशास्त्रका प्रणेता एरिस्टोटल तथा पाश्चात्य काव्यसिद्धान्तका बारेमा पनि छलफल

गरेका छन् र यस पहिलो शीर्षकको अन्त्यमा नेपाली साहित्यका भक्ति कविता र काव्यको चिनारी दिएका छन् ।

यस ग्रन्थको उठान 'नेपाली काव्यमा संस्कृत काव्य परम्पराको प्रभाव' शीर्षकदेखि गर्नुबाट रिसालको साहित्येहासिक सचेतता प्रकट हुन्छ ।

उपर्युक्त शास्त्रीय चर्चापछि महाकाव्य खण्डको 'नेपालीका अन्य काव्यपरम्परा' शीर्षक अन्तर्गत (क) वीर कविता (ख) लोक कविता र काव्य (ग) गद्यकविता र काव्य (घ) महाकाव्य पूर्व र पश्चिमका दृष्टिमा तथा (ङ) तुलनात्मक काव्यविवेचना समेतका पाँचवटा उपशीर्षकहरू रहेका छन् । यहाँ रिसालले वीररसबाट नेपाली कविताको उठान भएको कुराको चर्चा गर्दै नेपालीको वीरचरित्र नै वीर कविताका मूल हुन भनेका छन् । यस्तै उनले लोककाव्यपरम्परा गजल, गद्यकाव्यपरम्परा, पाश्चात्य काव्य परम्परा र पूर्व पश्चिममा प्रचलित महाकाव्य सम्बन्धी चिन्तनको विवेचना गरेका छन् ।

महाकाव्य खण्डको 'नेपाली महाकाव्य र महाकाव्यकार' शीर्षक अन्तर्गतका (क) आदिकाव्यकार श्री भानुभक्त आचार्य तथा (ख) भानुभक्तोत्तर नेपाली महाकाव्य उपशीर्षक अन्तर्गत भानुभक्तलाई आदिमहाकाव्यकारका रूपमा चिनाउँदै भानुभक्त पछिका नेपाली महाकाव्यको स्थितिको चर्चा गरेका छन् । यसमा भानुभक्त अनुवादक हुन्, तापनि नेपाली काव्यको मुहान पहिलोपटक उनले नै खोलेका हुन् र नेपाली काव्यकारका पङ्क्तिमा उनको स्थान पहिलो नै रहन्छ भन्ने टिप्पणी गरेका छन् । नेपालीको धार्मिक संस्कार र भक्तिभावना भित्र घुसेको रामचरित्रलाई सरल भाषामा सर्वसुलभ बनाई प्रस्तुत गर्ने हिम्मती मान्छे भानुभक्त आचार्य पहिलो नेपालपीका जातीय काव्यकार हुन् भनिएको छ । भानुभक्तपछि नेपाली साहित्यमा माध्यमिक कालका कृतिहरूको साहित्यिक योगदान अविस्मरणीय रहेको चर्चा पनि रिसालले यहाँ गरेका छन् ।

महाकाव्य खण्डको चौथो शीर्षक 'महाकाव्यकार पण्डितराज श्री सोमनाथ सिग्देल' अन्तर्गतका (क) संक्षिप्त जीवनी (ख) शास्त्रकवि पण्डितराज श्री सोमनाथ सिग्देल (ग) लाक्षणिकता (घ) आदर्श राघव र पूर्वीय, काव्यलक्षण तथा ङ) काव्यात्मकता जस्ता उपशीर्षकहरूमा सोमनाथ सिग्देलको संक्षिप्त जीवनी प्रस्तुत गर्दे उनको 'आदर्शराघव' महाकाव्यको विवेचना गरेका छन् । रिसालका विचारमा 'आदर्शराघव' संस्कृत साहित्यबाट प्रभावित भएर लेखिएको उत्कृष्ट महाकाव्य हो । 'आदर्शराघव' पूर्वीय काव्यदर्शनलाई पूर्णरूपमा परिपालन गरी लेखिएको काव्य हो भन्ने निष्कर्ष यसमा प्रस्तुत गरिएको छ । राम र सीताको मङ्गलमय गाथा गाउने यस महाकाव्यले प्राचीन महाकाव्यीय लाक्षणिकताको एक इन्च पनि यताउती नपारी पूर्ण पालना गरेको छ भन्दै रिसालले नेपाली साहित्यमा महाकाव्यको पूर्वीय नमूना प्रस्तुत गर्न सोमनाथ धेरै हदसम्म सफल रहेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । महाकाव्य लक्षणका आधारमा रिसालले महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र लेखनाथ पौड्यालसित सोमनाथ सिग्देलको यसरी तुलना गरेका छन्–

'महाकाव्य प्रसङ्गमा महाकवि देवकोटा प्रतिभाको छालले यताउति पर्न गएका छन् । आधुनिकताको रहरले यदाकदा उनका काव्य खजमजिएका पाइन्छन् । यद्यपि उनले सारस्वत प्रतिभाको जोडले महाकाव्यलाई सजिलै हाँकेका छन् । किन्तु सोमनाथ काव्यलक्षणबाट कतै विचलित छैनन । बालकृष्ण समको महाकाव्य 'चिसो चुह्लो' पूर्वीय लाक्षणिकताको दृष्टिले चिप्लिएको देखिन्छ । प्रतिकात्मक आधुनिक महाकाव्य रचना गर्ने महाकवि लेखनाथ पनि तरुणपसीमा प्राचीन महाकाव्यीय लक्षणको दृष्टिले समृद्धशाली छैनन् । बरु नव्यकारकार लेखनाथ लाक्षणिक घेरोबाट फुत्केका छन् । यी सबैको परिप्रेक्ष्यमा 'आदर्शराघव' शुद्ध लाक्षणिक महाकाव्य हो ।[१२१]

आदर्शराघव महाकाव्यको विवेचना गर्ने क्रममा रिसालले यो महाकाव्य रामायणकै प्रतिरूप हो भनेका छन् साथै आदर्श राघवमा यमक अलङ्कार र अनुप्रासको

[१२१] ऐजन, पृ. ३३-३४ ।

बाहुल्यता रहेको कुरा प्रष्ट्याएका छन् । यसबाट कृतिको सही मूल्याङ्कन गर्ने र कृतिको कलापक्षप्रति पनि सूक्ष्मदृष्टि राख्ने रिसालको समालोचकीय प्रवृत्ति प्रकटिएको छ ।

महाकाव्य खण्डकै कविशिरोमणि पं. श्री लेखनाथ पौड्याल शीर्षक अन्तर्गतका (क) संक्षिप्त जीवनी (ख) लेखनाथ र उनको सामाजिक काव्यधारा (ग) लेखनाथ र उनको अध्यात्मदर्शन (घ) लेखनाथ र उनका काव्य (ङ) लेखनाथ र उनको अग्रगामिता (च) तरुणतपसी नव्यकाव्य कथानक (छ) तरुणतपसीको नव्यकाव्यकारिता र महाकाव्यकारिता (ज) तरुणतपसी र काव्यात्मकता (झ) तरुणतपसीका दार्शनिक कवि पं. लेखनाथ पौड्याल तथा (ञ) तरुणतपसी र लेखनाथको काव्यकारिता जस्ता उपशीर्षकहरुमा राममणि रिसालले कवि लेखनाथ पौड्यालको संक्षिप्त परिचय दिँदै उनको महाकाव्यकारिताको चर्चा गरेका छन् । यस क्रममा रिसालले लेखनाथलाई नेपाली साहित्यका एक अग्रगण्य प्रतिभा र बृद्ध तपसीका रूपमा चिनाउँदै उनले जीवनका अन्तिम समयसम्म पनि नेपाली साहित्यलाई धनि बनाउने प्रयासमा अनवरत सेवा गरेका हुन् र व्याकरण सम्मत भाषा, काव्यगत सचेतता र सुललित पदरचनाबाट नेपाली वाङ्मयको अभिबृद्धिमा लेखनाथको अपूर्व योगदान र सर्वोपरी प्रसिद्धि छ भन्ने विचार व्यक्त गरेका छन् । लेखनाथका काव्यवैशिष्ट्यको निरुपणपछि रिसालले लेखनाथको ‘तरुणतपसी’ नब्यकाव्यको विवेचना गरेका छन् । उनका दृष्टिमा ‘तरुणतपसी’ प्रतीकात्मक काव्य हो । काव्यात्मकता र प्रतीकात्मकताका दृष्टिले ‘तरुणतपसी’ नव्यकाव्यलाई उनले नेपाली साहित्यको एक अनुपम र अद्बितीय नमूना मानेका छन् । छन्द र अलङ्कारको उचित समायोजना गरिएको ‘तरुणतपसी’ नब्यकाव्य भाव, छन्द र विचारको त्रिवेणी हो र भावपक्ष र कलापक्षको मधुरो मिश्रणले गर्दा काव्य अत्युच्य रहेको छ साथै यस काव्यमा दार्शनिक पक्ष पनि प्रशस्त सगबगाएको पाइन्छ भन्ने विचार यहाँ अभिव्यक्त भएको छ ।

महाकाव्य खण्डको महाकाव्यकार ‘श्री बालकृष्ण सम’ शीर्षक अन्तर्गतका (क) संक्षिप्त जीवनी (ख) सम र उनको काव्यकारिता (ग) महाकाव्यकारका रूपमा सम (घ)

चिसो चूह्लो (ङ) कथानक (च) चिसो चुह्लोको लाक्षणिक वक्रता (ट) अन्तर्प्रेम (ज) महाकाव्यकार सम र उनको चिसो चुह्लो उपशीर्षकहरूमा रिसालले प्रथमतः वि.सं. १९५९ साल माघ २४ गतेका दिन ज्ञानेश्वरको संभ्रान्त राणापरिवारमा जन्मिएका बालकृष्णसमलाई नेपाली साहित्यका एक बौद्धिक दार्शनिक तथा परिष्कारवादी कविका रूपमा चिनाएका छन् । नेपाली साहित्यका विविध विधामा राष्ट्रियता, मानवता र वैदिक बौद्धिकताले सिँगारी कलात्मक भाषा, अपूर्व परिष्कार र विशिष्ट चिन्तन प्रदान गर्ने सम नेपाली वाङ्मयका अद्वितीय साधक, आधुनिक नेपाली नाटकका प्रवर्तक तथा नेपाली जनजीवन र संस्कृतिका उद्घोषक हुन भनिएको छ । रिसालले बालकृष्ण समलाई नेपालीका लक्ष्मीप्रसाद देवकोटा र पाश्चात्य साहित्यकार तल्सतोइसँग यसरी तुलना गरेका छन् –

"देवकोटामा हार्दिकता र सममा बौद्धिकता यी दुईका कवितात्मक भिन्नता हुन् । देवकोटाले हृदयको निश्छल प्राकृत परिणामको रूपमा कविता पोखेका छन् । अभिव्यक्तिको स्वातन्त्र्यमाथि संशोधन भएको समेत उनी देख्न चाहँदैनन् । देवकोटाको केवल बर्सिनुसँग मात्र सम्बन्ध छ किन्तु सम पर्याप्त संयम र सावधानी अँगाल्दछन् । सम संयमी काव्यकार हुन् । तल्सतोइका झैं अनेक बार संशोधन गरी आधिकारिक ढङ्गले उनी प्रकाशन गर्दछन् ।[१२२]

यसक्रममा उनले समका महाकाव्यमा प्रयोगधर्मितालाई अँगालिएको वस्तुतथ्यको चर्चा गर्दै समले महाकाव्य प्रयोगमा नौलो चिन्तन र नौलो शैली अँगालेर नयाँ मोड ल्याएका छन् भन्ने धारणा प्रस्तुत गरेका छन् । यसैगरी 'चिसो चुह्लो' महाकाव्यको समीक्षा गर्दै यो महाकाव्य प्रतीकात्मक तथा अनेकार्थी शीर्षक भएको काव्य हो र यो महाकाव्य सन्ते र गौरीको प्रेमकहानी मात्र नभएर सम्पूर्ण नेपाली समाजको चिसिएको चुह्लोको प्रतिकात्मक कथा हो भन्ने विचार उनले व्यक्त गरेका छन् । अन्त्यमा रिसालले समलाई नेपाली काव्यक्षेत्रका उत्कृष्ट उपलब्धि हुन् भन्ने ठहर गरेका छन् ।

[१२२] ऐजन, पृ. ६२ ।

महाकाव्य खण्डकै 'महाकवि श्री लक्ष्मीप्रसाद देवकोटा' शीर्षक अन्तर्गतका (क) संक्षिप्त जीवनी (ख) देवकोटा महाकाव्यकारका रूपमा (ग) नेपाली शाकुन्तल महाकाव्य (घ०) लाक्षणिकता (ङ) महाकवि देवकोटा र उनको शाकुन्तल महाकाव्य (च) सुलोचना महाकाव्य (छ) वनकुसुम महाकाव्य (ज) महाराणाप्रताप महाकाव्य (झ) प्रमिथस महाकाव्य उपशीर्षकहरूमा राममणि रिसालले महाकवि देवकोटाको संक्षिप्त जीवनी, उनको महाकाव्यकारिता र उनका पाँचवटा महाकाव्यहरूको विवेचना गरेका छन् । यसक्रममा रिसालले प्रथमत वि.सं. १९६६ सालको लक्ष्मीपूजाको दिन काठमाडौंको धोबिधारामा जन्मिएका लक्ष्मीप्रसाद देवकोटाको पूरै जीवन दुःखमा चुर्लुम्म डुबेको थियो भनेका छन् । राममणि रिसालका विचारमा कवितामा असिम गतिले उड्ने, भावना र कल्पनाका अनन्त राशी पोखेर कहिल्यै नथाक्ने देवकोटा नेपाली काव्य जगतका विशिष्टतम उपलब्धि र अनन्यतम प्रतिभा हुन् । भावको मौलिकता, कल्पनाको सशक्तता, विचारको आधुनिकता, छन्दको अनेकता, श्लोकको स्वच्छन्दता, भावुकता, सिर्जनाको उन्मुकता र विचारको तीक्ष्णता महाकाव्यकार देवकोटाका प्रमुख विशेषता हुन भन्दै रिसालले देवकोटाका पाँचवटा महाकाव्य शाकुन्तल, सुलोचना, बनकुसुम, महाराणाप्रताप र प्रमिथसको विभिन्न कोणबाट व्याख्या विवेचना र समीक्षा गरेका छन् । यस क्रममा उनले 'शाकुन्तल' महाकाव्य सर्वप्रथम प्रकाशित मौलिक महाकाव्य हो भनेका छन् । उनले 'शाकुन्तल' प्राचीन कथालाई मौलिकताले सिंगारेर प्राचीन लक्षणानुसार लेखिएको महाकाव्य हो भन्ने धारणा व्यक्त गरेका छन् । 'शाकुन्तल' मा भाव र कल्पनाको अपूर्व समिश्रण छ र आलङ्कारिक प्रयोगका दृष्टिले पनि शाकुन्तल महाकाव्य सफल छ भन्ने दृष्टिकोण समालोचक रिसालको रहेको छ । यसैगरी प्रस्तुत महाकाव्यमा छन्द लय, विषयवस्तु जस्ता सम्पूर्ण तत्त्वहरूको उचित समायोजन भएको पाइन्छ भन्दै रिसालले नेपाली साहित्यमा शाकुन्तल महाकाव्यले एउटा विशिष्ट काव्यपरम्पराको श्रीगणेश गरेको कुरालाई पनि स्वीकारेका छन् ।

यसैगरी 'सुलोचना' महाकाव्यको विवेचना गर्दै रिसालले यो देवकोटाको सामाजिक प्रतिच्छाँया भएको प्रतिकात्मक महाकाव्य हो भन्ने धारणा व्यक्त गरेका

छन् । सुलोचना महाकाव्यको समालोचना गर्ने क्रममा रिसालले प्राचीन कथा र प्राचीन लक्षणको पूर्ण पालना शाकुन्तलमा गरिसकेपछि आधुनिकतातिर लहसिएको कविको चिनारी यस 'सुलोचना' बाट पाइन्छ भनेका छन् । महाकवि देवकोटा सुलोचनाबाट निक्कै प्रसिद्ध भएका हुन भन्दै सुलोचनाभित्र धेरैजसो प्राचीन लक्षणहरूको समावेश गरिए तापनि सोमनाथको आदर्शराघवका सामुन्ने यसलाई लाक्षणिकताको अनुगामी महाकाव्य भन्न सुहाउँदैन भन्ने धारणा रिसालले व्यक्त गरेका छन् ।

बनकुसुम महाकाव्यको समीक्षा गर्दै रिसालले यस महाकाव्यलाई औपन्यासिक र प्राकृतिक महाकाव्य भनेका छन् । रिसालले उक्त महाकाव्यको विषयवस्तुका साथै यसमा प्रस्तुत गरिएको प्रकृति चित्रणको मुक्तकण्ठले प्रशंसा गरेका छन् । 'वनकुसुम' महाकाव्य ऐतिहासिक पृष्ठभूमिमा लेखिएको भए तापनि मौलिकताको पाइन देखाउन ज्यादै सफल हुनुका साथै हृदयको विस्तार र आनन्दको प्रसारगर्ने काव्यको मूल हेतु हो भन्ने विचार रिसालले व्यक्त गरेका छन् ।

यसै क्रममा ऐतिहासिक पृष्ठभूमिमा लेखिएको 'महाराणा प्रताप' महाकाव्यको समीक्षा गर्दै रिसालले वीरता, धीरता र राष्ट्रियताको पाठ पढाउने यस काव्यले यमक, अनुप्रास, उपमा आदि आलङ्कारिक सामाग्री जुटाइ काव्यशोभालाई दोब्बर बढाएको छ भन्ने विचार व्यक्त गरेका छन् । वीर चरित्रको आदर्श गाइएको उक्त महाकाव्यको समीक्षा गर्ने क्रममा उनले महाकवि देवकोटाका क्रान्तिदर्शी प्रज्ञा चक्षुले राजनैतिक सिमाना काटेर भावनात्मक अनि ऐतिहासिक आधारलाई पक्डन पुगेको बुझिन्छ भनेका छन् । आफ्नो देशको लागि छाती फुकाएर गोली थाप्ने कुनै पनि बहादुर सिपाहीको प्रशंसा गरेर देवकोटा कहिल्यै थाकदैनन् भन्ने निष्कर्ष रिसालले प्रस्तुत गरेका छन् ।

यस शीर्षकको अन्त्यमा रिसालले देवकोटाको 'प्रमिथस' महाकावयको समालोचना गरेका छन् । देवकोटाले प्रमिथस लेखेर अंग्रेजी साहित्यमाथिको दखल मात्र नदेखाई त्यसको नेपालीमा मौलिक रपान्तर गरेर आफ्नो अपूर्व सामर्थ्य समेत दर्शाएको चर्चा रिसालले  यहाँ गरेका छन् । देवकोटाको काव्यिक परिधि नेपाल र

भारतमा मात्र सीमित नरही पाश्चात्य मुलुकमा पनि प्रवेश गरेको कुरालाई रिसालले काब्यिक शैलीमा यसरी प्रस्तुत गरेका छन्ः–

"देवकोटाको आँखामा बसेको युनानी कथाले टाढा समुन्द्र पार गरेकोमा केही आश्चर्य छैन । बरु धेरै स्वागतयोग्य छ । समृद्ध साहित्यको अन्तस्तलदेखि अमृत झिकेर आफ्ना प्रिय पाठकलाई खुवाउने देवकोटा पाश्चात्य साहित्यबाट एउटा जुहार झिकेर पर्वात्य जगत् किंवा नेपाली साहित्यलाई अनमोल उपहार प्रदान गर्छन् । यसका लागि सर्वतन्त्र स्वतन्त्र प्रतिभाशाली महाकावि देवकोटा बन्ध छन् ।"[१२३]

देवकोटा आफ्ना अन्य महाकाव्यमा झैं यसमा पनि भाव र कल्पनाको सहस्रकर फिंजाएर प्रदिप्त बनेका छन् भन्ने निष्कर्ष रिसालले प्रस्तुत गरेका छन् ।

यसरी देवकोटाका पाँचवटा महाकाव्यहरू र उनको महाकाव्यकारिताको विवेचनाका अन्त्यमा रिसालले देवकोटालाई नेपाली साहित्यके अग्रपङ्क्तिका महाकविका रूपमा स्थापित गरेका छन् ।

महाकाव्य खण्डमै 'महाकाव्यकार श्री मोदनाथ प्रश्रित' शीर्षक अन्तर्गतका (क) संक्षिप्त जीवनी (ख) मानवको कथादृष्टि तथा (ग) प्रश्रित र उनको मानव महाकाव्य जस्ता उपशीर्षकहरूमा मोदनाथ प्रश्रितको संक्षिप्त जीवनी प्रस्तुत गर्दै उनको 'मानव' महाकाव्यको समालोचना गरिएको छ । २०२३ सालको पद्यतर्फको 'मदन पुरस्कार' प्राप्त गर्न सफल 'मानव' महाकाव्यमा मानवताका पक्षमा बेसरी चिच्याउने जमर्को गरिएको छ र सामाजिक विषमतामाथि हमला गरिएको छ भन्ने विचार रिसालले प्रकट गरेका छन् ।[१२४] यसैगरी सामाजिक असमानताका विरुद्ध बुलन्द आवाज उठाउने 'मानव' महाकाव्य नेपाली साहित्यमा क्रान्तिकारी काव्यको उत्कृष्ट नमूना हो भन्नेठहर रिसालले प्रस्तुत गरेका छन् । यस महाकाव्यको सबभन्दा ठूलो चिज, मान्छे छ,

---

[१२३] ऐजन, पृ. १२२ ।

[१२४] ऐजन, पृ. १३३ ।

विषयवस्तुको पूरा सम्पर्क मान्छेसँग नै टाँसिएको छ भन्दै यस महाकाव्यले युगबोध र शोषित विश्वको चित्कारलाई विस्तारमा समेटेको छ भन्ने धारणा पनि यहाँ प्रकट भएको छ ।

महाकाव्य खण्डकै नेपालीका अन्य महाकाव्यकार शीर्षक अन्तर्गतका (क) महाकाव्यकार श्री हरिहर शास्त्री (ख) महाकाव्यकार प्रा. श्री गोविन्दप्रसाद भट्टराई (ग) महाकाव्यकार श्री कृष्णप्रसाद घिमिरे 'भागवत' (घ) महाकाव्यकार श्री गुणराज उपाध्याय खनाल 'रामदास' (ङ) महाकाव्यकार श्री नीरबिक्रम 'प्यासी' (च) महाकाव्यकार पं. श्री उमानाथ शास्त्री सिन्धुलीय तथा (छ) निष्कर्ष जस्ता उपशीर्षकहरूमा नेपाली साहित्यमा महाकाव्य विधालाई पुष्पित तथा पल्लवित तुल्याउन सक्रिय उपर्युक्त महाकाव्यकारहरूको परिचय तथा उनीहरूका कृतिहरूको समालोचना गरेका छन् ।

यस क्रममा उनले सर्वप्रथम महाकाव्यकार हरिहर शास्त्रीको परिचय प्रस्तुत गर्दै उनका दुई महाकाव्य 'उषाविनोद' र 'रम्भा' को समीक्षा गरेका छन् । 'उषाविनोद' महाकाव्य भित्र शास्त्रीले केही आधुनिकताको प्रवेश गराएका छन् साथे महाकाव्यमा उच्चकुलीन नायकको खारेजी गरेका छन् भन्ने चर्चा रिसालले गरेका छन् । यसैगरी अर्का महाकाव्यकार प्रा. गोविन्दप्रसाद भट्टराईको 'पृथ्वीमहेन्द्र' र 'भावना' महाकाव्यको समालोचना गरेका छन् । यस क्रममा रिसालले 'पृथ्वीमहेन्द्र' र 'भावना' महाकाव्य इतिहास र पुराणको आधार लिएर रचिएका नेपालीका महाकाव्य हुन भनेका छन् ।

श्री ५ पृथ्वीनारायण शाहदेखि लिएर श्री ५ महेन्द्रविक्रम शाहदेवसम्मको वयान भएको 'पृथ्वीमहेन्द्र' महाकाव्यलाई देख्दा संस्कृत महाकाव्य रघुवंशको झन्यास सम्झना आउने कुरा रिसालले बताएका छन् । यस्तै भावना महाकाव्यमा कवितात्मकता र भावनाको समावेश भएको छ । साथै एउटा पुरातन खोजी र इतिहासको नयाँ सङ्कलनले गर्दा यसमा विस्तृतता कवितात्मकता र भावनाको समावेश भएको छ भन्ने विचार रिसालले प्रस्तुत गरेका छन् । यस्तै रिसालले महाकाव्यकार कृष्णप्रसाद घिमिरे

'भागवत' का 'राष्ट्रिय चरित्र' र 'देश नरेश' जस्ता दुई महाकाव्यको समालोचना गरेका छन् । यस्तै नेपाली वाङमयको विकासमा महाकाव्यकार पं. गुणराज उपाध्याय खनाल 'रामदास' को साहित्यिक योगदान अविस्मरणीय छ भन्दै उनले 'भरतमिलन', 'शाहवंश' र 'कृष्ण सन्देश' समेत तीनवटा महाकाव्यको रचना गरेको कुरा रिसालले व्यक्त गरेका छन् । त्यस्तै महाकाव्यकार नीरविक्रम 'प्यासी' र महाकाव्यकार पं. उमानाथ शास्त्री 'सिन्धुलीय' को महाकावयकारिताका बारेमा चर्चा गर्दै नीरविक्रम प्यासीको 'दबला' र उमानाथशास्त्री 'सिन्धुलीय' को 'मकवानीवाला' महाकाव्यको समालोचना गरेका छन् । अन्त्यमा पुन एकपटक लक्ष्मीप्रसाद देवकोटादेखिका महाकाव्यकारहरूको स्मरण गर्दै यिनै महाकाव्यकारहरूको आ-आफ्नै शैली र प्रयासले आज नेपाली साहित्यमा महाकाव्य विधा हराभरा हुन पुगेको तथ्य समालोचक रिसालले व्यक्त गरेका छन् ।

प्रस्तुत ग्रन्थको दोस्रो खण्डमा नेपाली खण्डकाव्य साहित्यको विवेचना गरिएको छ । यस खण्डको 'खण्डकाव्य र खण्डकाव्यकार' शीर्षक अन्तर्गत (क) खण्डकाव्यकार श्री वसन्तपाध्या लुइँटेल (ख) काव्यकार श्री यदुनाथ पोखरेल र श्री रघुनाथ भट्ट (ग) आदिकवि भानुभक्त र युवाकवि मोतीराम भट्टको काव्यकारिता (घ) खण्डकाव्यकार कवि शिरोमणि पं. लेखनाथ पौड्याल (ङ) खण्डकाव्यकार श्री बालकृष्ण सम (च) खण्डकाव्यकार पं. माधवप्रसाद देवकोटा (छ) खण्डकाव्यकार श्री लक्ष्मीप्रसाद देवकोटा (ज) खण्डकाव्यकार श्री भीमनीधि तिवारी (झ) खण्डकाव्यकार श्री सिद्धिचरण श्रेष्ठ (ञ) खण्डकाव्यकार श्री माधव घिमिरे र (ट) खण्डकाव्यकार श्री अगमसिंह गिरी जस्ता उपशीर्षकहरूमा नेपाली खण्डकाव्य परम्पराका एक दर्जन भन्दा बढी खण्डकाव्यकारहरू र उनीहरूको खण्डकाव्यकारिताको विवेचना गरिएको छ ।

यस दोस्रो खण्डको प्रारम्भमा उनले खण्डकाव्य सम्बन्धी पूर्वीय र पाश्चात्य अवधारणाहरूबारे छलफल गरेका छन् र नेपाली खण्डकाव्य परम्पराको पनि चर्चा गरेका छन् । खण्डकाव्य सम्बन्धी पूर्वीय अवधारणाको चर्चा गर्ने क्रममा उनले आचार्य विश्वनाथ र राजशेखरको परिभाषा प्रस्तुत गरेका छन् भने पाश्चात्य साहित्यमा

खण्डकाव्य आत्मपरक काव्य र वस्तुपरक काव्यका रूपमा विभाजन भएको कुरा प्रष्ट पारेका छन् । आत्मपरक काव्यभित्र भक्तिकाव्य र दार्शनिक ओड, शोककाव्य र गीत पर्दछन् भने वस्तुपरक काव्यभित्र एपीक, ब्यालेड पास्टोरल र मेट्रिकल रोमान्स पर्छन् भन्ने धारणा रिसालले व्यक्त गरेका छन् । यसपछि उनले प्राथमिक तथा माध्यमिक कालका अवधिमा देखापरेका वसन्त शर्मा यदुनाथ, रघुनाथ, भानुभक्त, मोतीराम जस्ता कविहरूका खण्डकाव्य रचनाका प्रयासहरूबारे चर्चा गरेका छन् । खण्डकाव्यकार वसन्त शर्माको समालोचना गर्ने क्रममा रिसालले वसन्त शर्मा जेठा खण्डकाव्यकार हुन् भनेका छन् । उनको 'श्रीकृष्णचरित्र' खण्डकाव्य अनुवाद भए पनि मौलिकता ग्रहण गर्दछ भन्दै काव्यकारिताको सफलताले वसन्त शर्माको स्थान प्राथमिक कालका कविहरूमध्ये विशेष उत्कृष्ट छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यसैगरी यदुनाथ पोखरेल र रघुनाथ भट्टको काव्यकारिताको चर्चा गर्ने क्रममा पोखरेलका राष्ट्रिय भावना भएको 'कम्पूवर्णन' र भक्तिभावप्रधान 'कृष्णचरित्र' को संक्षिप्त चर्चा गरेका छन् भने रघुनाथ भट्टको 'सुन्दरकाण्ड' को चर्चा गर्दै रघुनाथका कविता चपाउँदा चपाउँदा मिठा हुने उखु जस्ता भएको कुरा रिसालले प्रकट गरेका छन् । भानुभक्त आचार्य र मोतीराम भट्टको काव्यकारिताको चर्चा गर्ने क्रममा भानुभक्तका वधुशिक्षा, भक्तमाला र प्रश्नोत्तरी खण्डकाव्यमा आदर्श र यथार्थ रहेको तथा मोतीरामका पिकदूत उषाचरित्र, पंचक प्रपञ्च खण्डकाव्यमा श्रृङ्गारिकता रहेको चर्चा गरेका छन् । भानुभक्त र मोतीरामको तुलना गर्दै रिसालले भानुभक्त भक्तकवि हुन् भने मोतीराम श्रृङ्गारिक कवि हुन्, भानुभक्तको दायित्व काव्यकार हुँदैमा सकिएको छ भने मोतीरामको थप दायित्व प्रकाशन, प्रोत्साहन र संरक्षणमा रहेको छ भनेका छन् ।

त्यसपछि कविशिरोमणि लेखनाथ पौड्यालको खण्डकाव्यकारिताको विवेचना गर्दै राममणि रिसालले लेखनाथको 'ऋतुविचार' खण्डकाव्यको समीक्षा गरेका छन् । लेखनाथको ऋतुविचार प्रकृतिकाव्य हो र यसले प्राकृतिक विराटताको संक्षिप्त चिनारी दिन्छ भनेका छन् । ऋतुविचारमा प्रकृति एवं जीवन र जगत्का सूक्ष्मसूक्ष्म पाना पल्टाएर लेखनाथले काव्यचैतन्य दर्शाएका छन् भनिएको छ । अन्तमा लेखनाथको

'ऋतुविचार' खण्डकाव्य नेपाली काव्यपरम्पराको विशिष्ट प्राप्ति हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

यसैगरी बालकृष्ण समलाई दार्शनिक कविका रूपमा चिनाउँदै रिसालले समको 'आगो र पानी' खण्डकाव्यको विवेचना गरेका छन् । सम दर्शनलाई कवितामा बोलाउने, ज्ञान र विज्ञानलाई कवितामा मिलापत्र गरिदिने र इतिहासलाई कवितात्मक नयाँ संस्कार दिने कवि हुन भन्दै आगो र पानी खण्डकाव्य समको विस्तृत अध्ययनको उपलब्धि हो भन्ने धारणा पनि व्यक्त गरेका छन् । प्रागैतिहासिक कालदेखि विकसित हुँदै अगि सरेको मानवको लामो यात्रालाई 'आगो र पानी' ले विकासवाद, प्राच्य दृष्टि र मार्क्सवादका तराजुमा नियाल्दै हिंडेको धारणा रिसालले व्यक्त गरेका छन् । अन्त्यमा समको 'आगो र पानी' खण्डकाव्य नेपाली साहित्यको शिरोधार्य गहना र अनन्यतम वाग्वैभव हो भन्ने निष्कर्ष रिसालले प्रस्तुत गरेका छन् ।

यसैगरी खण्डकाव्यकार माधवप्रसाद देवकोटाको खण्डकाव्यकारिताको विवेचनाका क्रममा रिसालले उनको 'हुस्सु पथिक' खण्डकाव्यलाई संवादात्मक शैलीमा लेखिएको तथा भौतिकता र आध्यात्मिकताको बाजु बन्धनमा बाँधिन पुगेको खण्डकाव्यका रूपमा प्रस्तुत गरेका छन् ।

यस्तै रिसालले लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिताको चर्चा गर्दै उनका 'राजकुमार प्रभाकर', 'रावणजटायुयुद्ध', 'सीताहरण', 'दुष्यन्तशकुन्तला भेट' जस्ता चारवटा खण्डकाव्यहरूको विवेचना गरेका छन् । आफ्ना समस्त रचनाहरूभित्र बेगवान, वायुपङ्खी घोडा चढेर कल्पनामा हुँइकिने देवकोटाको बहुमुखी प्रतिभा र विराट काव्यव्यक्तित्व अनुरूप नै अनेक खण्डकाव्य जन्मिएका छन् भन्ने धारणा रिसालले व्यक्त गरेका छन् । 'राजकुमार प्रभाकर' खण्डकाव्यको समीक्षा गर्ने क्रममा यस खण्डकाव्यको कथानकबाट कर्तव्य परायणता, वासनामय जीवनको क्षणिकता र भोगवादको तुच्छताको आदर्शमय उपदेश मिल्दछ भन्ने विचार रिसालले प्रकट गरेका छन् । यसैगरी 'रावणजटायुयुद्ध' धार्मिक विश्वासलाई मथेर विवेचना गरिएको

प्रतीकात्मक लघुकाव्य हो भन्ने धारणा रिसालले व्यक्त गरेका छन् । यस्तै 'सीताहरण' खण्डकाव्यमा कारुणिकताका साथै अनुप्रासको मोह र शाब्दिक ध्वनिको चमत्कार राम्ररी देख्न पाइने चर्चा गरेका छन् । यसैगरी देवकोटाको 'दुष्यन्तशकुन्तला भेट' खण्डकाव्यको समीक्षा गर्दै रिसालले प्रकृति र मानवको सम्बन्ध, रागात्मक माधुर्यमयप्रवृत्ति र सुकुमारताका दृष्टिले देवकोटा र कालिदास केही हदसम्म नजिक रहेको चर्चा गरेका छन् । यो लघुकाव्य देवकोटाको काव्य सफलताको विशिष्ट उदाहरण बन्न नसकेपनि यस काव्यबाट भावुक तथा काल्पनिक देवकोटाको संक्षिप्त चिनारी चाहीँ हुन्छ ने भन्ने धारणा रिसालको रहेको छ ।

यसैगरी भीमनीधि तिवारीको खण्डकाव्यकारिताको विवेचनाका क्रममा उनले सरलता र सरसता कवि तिवारीका काव्य वैशिष्ट्य हुन् भन्ने ठहर प्रस्तुत गरेका छन् र उनका 'तर्पण' र 'यशस्वी शव' दुवै खण्डकाव्यमा पितृस्नेहको भाव पाइन्छ भन्ने धारणा प्रकट गरेका छन् ।

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको खण्डकाव्यकारिताको विवेचनाका क्रममा रिसालले सिद्धिचरण श्रेष्ठ प्रकृतिका कवि हुन भनेका छन् । सरल स्निधा, स्वभाविक प्रकृतिको चित्रण, हार्दिक स्पन्दन र जागरुकता श्रेष्ठका कवितामा पाइने विशेषता हुन भन्दै उनको 'उर्वशी' खण्डकाव्य पौराणिक विषयवस्तुमा आधारित उत्कृष्ट खण्डकाव्य हो भन्ने विचार व्यक्त गरेका छन् ।

यस्तै खण्डकाव्यकार माधव घिमिरेको कवित्वको विवेचना गर्दै रिसालले माधव घिमिरे संवेदनशीलता र वर्णनात्मकताका दृष्टिले रसकवि हुन भनेका छन् । छन्दलाई मृदुता दिन र भावलाई सलक्क कवितामा स्थापित गर्न घिमिरे अत्यन्तै सफल छन् भन्दै उनका गौरी, राजेश्वरी, राष्ट्रनिर्माता र पापिनी आमा खण्डकाव्यको विवेचना गरेका छन् र यी घिमिरेका उत्कृष्ट खण्डकाव्य कृति हुन् भन्ने ठहर गरेका छन् । रिसालले गौरी खण्डकाव्यलाई शोककाव्य भनेका छन् र यसप्रकारको सफल शोककाव्य अर्को नेपालीमा पाइँदैन भनेका छन् । रिसालले राजेश्वरी खण्डकाव्यलाई ऐतिहासिक

कथानक भएको खण्डकाव्य भनेका छन् र यो खण्डकाव्यमा रणबहादुर शाहकालीन इतिहासको एउटा पातो पल्टन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

अन्त्यमा रिसालले खण्डकाव्यकार अगमसिंह गिरीको चर्चा गरेका छन् र उनको 'युद्ध र योद्धा' खण्डकाव्यमा विश्वविख्यात वीरत्वको सुन्दर इतिहासलाई प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष व्यक्त गरेका छन् ।

खण्डकाव्य खण्डको दोस्रो शीर्षक 'नेपालीका अन्य खण्डकाव्यकार' अन्तर्गत रिसालले नेपाली साहित्यका प्राथमिक, माध्यमिक तथा आधुनिक कालका अन्य खण्डकाव्यकारहरू र उनीहरूका खण्डकाव्यकृतिको नामसूची प्रस्तुत गेका छन् । यस क्रममा रिसालले गोपाल पाण्डे 'असिम', प्रेमराज शर्मा पौडेल, रामप्रसाद सत्याल, रेवतीप्रसाद उपाध्याय हेमवल्लभ पाँडे, राममणि आ.दि., भुवनप्रसाद ढुङ्गेल, चक्रपाणी चालिसे, तीर्थराज पाण्डेय, वैजनाथ सेढाइँ, पद्मप्रसाद उपाध्याय रुद्रप्रसाद शर्मा ढकाल, गोविन्द शर्मा, बिमल, चन्द्रेश्वर दुवे आदि खण्डकाव्यकारहरूको नाम उल्लेख गरेका छन् ।

'नेपाली काव्य र कवि' को तेस्रो खण्ड गीतिकाव्यको विवेचनामा केन्द्रित छ । यस खण्डको पहिलो शीर्षक 'गीतिकाव्य र गीतिकाव्यकार' अन्तर्गतका (क) नेपाली गीतिकविताको परम्परामा कवि श्री मोतीराम भट्ट (ख) गीतिकाव्यकार श्री लक्ष्मीप्रसाद देवकोटा (ग) गीतिकाव्यकार श्री माधव घिमिरे (घ) गीतिकाव्यकार श्री धर्मराज थापा (ङ) गीतिकाव्यकार श्री अगमसिंह गिरी (च) गीतिकाव्यकार श्री नीरविक्रम 'प्यासी' जस्ता उपशीर्षकहरूमा सम्बद्ध कविहरूका गीतिकाव्यकारिताको विवेचना गरिएको छ । यस क्रममा रिसालले साहित्यिक गीत तथा लोकगीतको संक्षिप्त सैद्धान्तिक विवेचना प्रस्तुत गरेका छन् । त्यसपछि उनले नेपाली साहित्यमा गीतिकाव्य परम्पराको थालनी गर्ने अगुवा कवि मोतीराम भट्ट तथा उनका समकालीन कविहरूले नेपाली गीतिकाव्यको सम्बर्द्धनमा खेलेको महत्वपूर्ण भूमिकाको चर्चा गरेका छन् ।

यसै क्रममा रिसालले लक्ष्मीप्रसाद देवकोटाको गीतिकाव्यकारिताको विवेचना गर्दै उनका मुनामदन, कुञ्जिनी, वसन्ती, म्हेन्दु र लुनी जस्ता पाँचवटा अत्यन्त सुन्दर गीतिकाव्यहरूको समालोचना गरेका छन् । रिसालले 'मुनामदन' को समालोचना गर्दै 'मुनामदन' नेपाली गीतिकाव्यका क्षेत्रमा उच्च छ र देवकोटाको 'मुनामदन' जस्तो सशक्त तथा संवेदनशील काव्यको दाँजोमा अर्को नेपाली गीतिकाव्य छैन भनेका छन् । देवकोटाका गीतिकाव्यहरूमा लयात्मकता, मार्मिकता, सरसता जस्ता वैशिष्ट्यहरूका साथै उनको जीवनगाथाको समेत धेरै ठाउँमा छायाँ परेको हुन्छ भन्ने धारणा पनि प्रस्तुत गरेका छन् ।

गीतिकाव्यकै चर्चाका क्रममा रिसालले माधव घिमिरेको गीतिकाव्यकारिताको पनि विवेचना गरेका छन् । उनको 'पापिनी आमा' झ्याउरे लोकलयमा लेखिएको गीतिकाव्य हो भन्दै सामान्य जनजीवनमा भिजेका यथार्थ घटनालाई काव्यको रूप दिई सरल एवं सरस शैलीमा अभिव्यक्त गर्ने घिमिरे नेपाली गीतिकाव्यकारका रूपमा विशिष्ट छन् भन्ने विचार पनि रिसालले व्यक्त गरेका छन् ।

गीतिकाव्यकार धर्मराज थापाको गीतिकवित्वको चर्चा गर्दै रिसालले उनका 'रत्न जुनेली', 'वन-चरो' र 'मङ्गली कुसुम' तीनवटा गीतिकाव्यको समीक्षा गरेका छन् । रिसालले धर्मराज थापा र लक्ष्मीप्रसाद देवकोटाको यसरी तुलना गरेका छन् ।

'लक्ष्मीप्रसाद देवकोटा गीतिकवि हुन् तर गायक होइनन् । धर्मराज थापा पहिले गीतलाई हृदयको सारङ्गीमा रेटेर उजिल्याउँछन् अनि मात्र कलमले कोरेर बाहिर प्रकाशमा ल्याउँछन् । देवकोटाको काव्यवीणा स्वतः संवादिनी र हृदयनिनादिनी छ । किन्तु थापा बीणासहित गीतलाई बेसरी चम्काउन चर्को परिश्रम र ठूलो अभ्यास गर्छन् । देवकोटाका गीत पढ्दा पाठक स्वयम् गायक बन्न थाल्दछ परन्तु, धर्मराज स्वयं गाएर पाठकको बोझ हलुका पारिदिन्छन् । थापा पहिले गायक र पछि मात्र कवि बन्छन्, तर देवकोटा पहिले नै कवि बनिसक्छन् ।'[१२५]

---

[१२५] ऐजन, पृ. २८८ ।

अन्त्यमा रिसालले लोकगीतका अन्वेषक र लोककाव्यको खोज र साधनामा तल्लीन जातीय छन्दका काव्यकार धर्मराज थापा ठूला साधक र प्रसिद्ध गायक हुन् अनि गीतिकाव्यका लागि विर्सनै नसकिने तेजिला आलोक हुन् भन्ने निष्कर्ष दिएका छन् ।

यसैगरी रिसालले गीतिकाव्यकार अगमसिंह गिरीको 'आँसु' गीतिसंग्रह तथा नीरबिक्रम प्यासीको 'चन्द्रा' र 'हिमज्योती' खण्डकाव्यको विवेचना गरेका छन् । यस क्रममा कवि अगमसिंह गिरी प्रकृति प्रेम, कल्पना र भावुकताको स्वप्निल संसारमा घुमिरहेका छन् तापनि उनको कलम यथार्थको चित्रणमा दुर्वल छैन भन्ने विचार रिसालले प्रस्तुत गरेका छन् । यस्तै नीरविक्रम 'प्यासी' सुन्दर गीत्यात्मक शैलीमा वार्णिक छन्द र लोकछन्दको सामान्य पारालाई अँगाली सान्ध्यकविता लेख्ने गीतिकवि हुन् भन्ने धारणा रिसालले प्रस्तुत गरेका छन् ।

गीतिकाव्य खण्डको दोस्रो शीर्षक 'गीतिकवि' र 'काव्य' शीर्षक अन्तर्गत आधुनिक कालमा देखापरेका गीतकार तथा उनीहरूका रचनाको चर्चा गर्दै सुरुका गीतमा भन्दा आजका गीतमा बढी भावना बोलेको निष्कर्ष प्रस्तुत गरेका छन् । रिसालले यस शीर्षकमा म.बी.वि. शाहका दुई कति 'उसैको लागि' र 'फेरि उसैको लागि' को समालोचना गरेका छन् । साहित्यिक मृदुलता र हार्दिकताले गर्दा वियोगी कविका रूपमा म.बी.वि. शाहको नेपाली काव्य धरातलमा पहिलो पदार्पण एक सुन्दर संयोग मान्न सकिन्छ भन्ने धारणा रिसालले व्यक्त गरेका छन् । रिसालले रेडियो नेपालबाट प्रसारित हुने गीतका गीतकारहरूको पनि नाम उल्लेख गरेका छन् । यस्ता गीतकारहरूमा अम्बर गुरुङ, कोइली देवी दैवज्ञराज न्यौपाने, देवीप्रसाद किसान, गोकुलप्रसाद जोशी, श्यामदास वैष्णव, जगतबहादुरसिंह बुढाथोकी, सानुमति राई, लीलाध्वज थापा, डा. भोला रिजाल, पुष्पनाथ शर्मा, लीलासिंह कर्मा, हिरण्य भोजपुरे, हरिभक्त कटुवाल, कलानाथ अधिकारी, तुलसीप्रसाद  ढुङ्गेल आदिको नाम उल्लेख गरेका छन् । उनले आधुनिक गीतमा ज्यादा जसो मानवीय जीवनका दुःख, पीडा, नैराश्य र पिरलो समेटिएका हुन्छन् भन्ने धारणा पनि प्रस्तुत गरेका छन् ।

'नेपाली काव्य र कवि' को चौथो खण्डमा आधुनिक कविताको विवेचना गरिएको छ । यस खण्डको उटै मात्र शीर्षक 'आधुनिक कविता र कवि'मा रिसालले प्रथमतः कविताको सैद्धान्तिक पक्षको संक्षिप्त चर्चा गर्दै प्राथमिक कालदेखि लिएर समसामयिक युग सम्मको नेपाली कविताको परम्परा र त्यसमा देखापर्ने प्रमुख कविहरूका मुख्य प्रवृत्तिको निर्क्यौल गरेका छन् । यस सन्दर्भमा नेपाली साहित्यमा आधुनिकता भनेको के हो भन्ने सन्दर्भमा पनि चर्चा गरेका छन् । कवितागत गद्यता, शैलीगत नवीनता, बौद्धिक वैज्ञानिकता चित्रात्मकता, व्यङ्ग्यात्मकता, युगबोधिता, दार्शनिकता, विम्व प्रतिविम्वको प्रयोगशीलता, प्रस्तुतीकरणको नब्यता र सम्प्रेषणीयता नै आधुनिकताका परिचायक हुन् भनेका छन् । आदर्शको काल्पनिक छटा, नैतिकताको शान्त छहारी तथा उपल्लो तहको मानवीय व्याख्यानदेखि अर्वाचिन काव्यधारा मानव र मानवता, जीवन र जगतको जटिलता, यथार्थता एवं विशलेषणात्मकता आदिले गर्दा अर्कैतिर बगेको देखिन्छ । यसबाट पनि नवीनता बोध हुनसक्छ भन्ने विचार रिसालले प्रकट गरेका छन् । यस सन्दर्भमा आधुनिक कालका कविहरूमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, विजय मल्ल धरणीधर कोइराला, युद्धप्रसाद मिश्र, माधव घिमिरे, भीमनिधि तिवारी, भवानी भिक्षु, हृदयचन्द्रसिंह प्रधान, म.बी.वि. शाह, श्यामदास वैष्णव, जनार्दन सम, भीमदर्शन रोका, वीरेन्द्र सुब्बा, नीरविक्रम प्यासी, भरतराज पन्त, अगमसिंह गिरी, वासुदेव त्रिपाठी, कञ्चन पुडासैनी, दैवज्ञराज न्यापाने, कुन्दन शर्मा, मोहन कोइराला, भूपि शेरचन, इश्वर वल्लभ, वैरागी काइँला, चाँदनी शाह आदि कविहरूको चर्चा गरेका छन् ।

यसै सन्दर्भमा लेखनाथ पौड्यालले शब्द र शिल्पमा मृदुता र कलात्मकता प्रदान गरी आधुनिकताको पाइलो सारेका हुन् । नयाँ राजमार्ग खोलेका हुन् भन्ने विचार रिसालले व्यक्त गरेका छन् । लक्ष्मीप्रसाद देवकोटाले कल्पनाको पखेटा फिँजाएर कविताको आकाश पाताल चहारेका छन्, बालकृष्ण सम सुचिन्तक, अध्येता र दार्शनिक कवि हुन भनेर रिसालले भनेका छन् । यस्तै गोपालप्रसाद रिमाल निर्भिक, प्रतीकवादी

कविका रूपमा सुपरिचित छन् । उनी अज्ञान र गरिबीका विरुद्ध युद्ध घोषणा गर्छन् प्रगती र अभ्युत्थानका निमित्त हाक्काहाक्की अखडामा अगि सर्छन् भन्ने धारणा प्रकट गरिएको छ । केदारमान 'व्यथित' को साहित्यिक व्यक्तित्व राजनैतिक व्यक्तित्वबाट अभिषिक्त रहेको चर्चा गर्दै उनका कविता उम्दा खालका भएको चर्चा रिसालले गरेका छन् । सिद्धिचरण श्रेष्ठ देवकोटाका सहगामी कवि हुन् भन्दै रिसालले प्रकृतिको मधुपूजामा देवकोटा र सिद्धिचरण एकैपटक लागेका हुन् भनेका छन् । विजय मल्लका कवितामा प्रगतिशील विश्वको कामना निहित छ । बिसौं शताब्दीको दैन्य र खण्डित व्यक्तित्व उनको कवितामा सल्बलाउँछ भन्ने विचार रिसालले प्रकट गरेका छन् । अन्त्यमा रिसालले पछिल्ला चरणका कविताले जटिल रूप ग्रहण गर्न थालेको कुरातर्फ पनि संकेत गरेका छन् ।

## (५) निष्कर्ष

'नेपाली काव्य र कवि' राममणि रिसालको कविता विधाको विवेचना केन्द्रित समालोचनात्मक ग्रन्थ हो । यसमा उनले नेपाली महाकाव्य, खण्डकाव्य, गीतिकाव्य र आधुनिक कविताको व्याख्या विवेचना प्रस्तुत गरेका छन् । प्रस्तुत ग्रन्थ मूलतः नेपाली काव्य साहित्यका विद्यार्थीहरूका लागि तयार पारिएको हो । तापनि यसबाट राममणि रिसालले आफूलाई नेपाली साहित्यका समालोचकहरूका पङ्क्तिमा स्थापित गर्न सफल भएका छन् ।

राममणि रिसालको यस ग्रन्थमा सम्बद्ध लेखक र उनीहरूका कृतिले पारेका प्रभावका आधारमा आफ्ना विचार र मूल्याङ्कनहरू प्रस्तुत गरेकाले नेपाली काव्य र कवि मूलतः प्रभावपरक समालोचना पद्धतिमा आधारित छ र यस ग्रन्थमा रिसाल प्रभावपरक समालोचक सावित भएका छन् । यति हुँदाहुँदै पनि उनले कतिपय ठाउँमा पूर्वीय पाश्चात्य साहित्यका सैद्धान्तिक मापदण्डलाई पनि समातेका छन् र तद्नुसार कृतिको मूल्याङ्कन पनि गरेका छन्, अनि कतिपय ठाउँमा एक लेखकलाई अरू लेखकसँग तुलना गरेर मूल्याङ्कन गरेका छन् । 'नेपाली काव्य र कवि' लाई हेर्दा

रिसालले खासगरी महाकाव्य र खण्डकाव्यको विवेचना गर्दा पूर्वीय काव्यशास्त्रका अनुशासनलाई स्वीकार गरेको पाइन्छ । नेपाली महाकाव्यकार तथा खण्डकाव्यकारहरू खासगरी पूर्वीय परम्परालाई स्वीकार गरेर सृजनामा प्रयत्नशील भएको पाइन्छ । त्यसैले पनि यस ग्रन्थमा रिसालले काव्यकृतिको विवेचना र समालोचनाको प्रमुख आधार प्राचीन काव्यलक्षण र नियमलाई नै बनाएको पाइन्छ । जस्तैः

"प्राचीन लक्षणअनुसार सर्गान्तमा भावी कथाको सूचना, धर्म, अर्थ, काम र मोक्ष मध्ये एउटा कुनैको पनि प्राप्ति महाकाव्यको प्रमुख उद्देश्य रहनुपर्छ । सज्जनको प्रश.सा र दुर्जनको निन्दा महाकाव्यमा आवश्यक ठानिन्छ । परन्तु सुलोचनामा यस कुराको पूर्ण पालन भएको देखिँदैन । बरु, सर्गान्तमा पृथक छन्द रहनुपर्ने नियमको समेत शैथिल्य पाइन्छ ।"[१२६]

यस बाहेक उनले कतिपय ठाउँमा पाश्चात्य परम्परामा प्रचलित जीवनीपरक नीतिपरक समाजपरक, मनोविज्ञानपरक, रूपपरक समालोचना सिद्धान्तको पनि आंशिक उपयोग गरेका छन् । विभिन्न कविहरूबारे समालोचना गर्नुभन्दा पहिले सम्बद्ध कविको जीवनी केलाउने रिसाल जीवनीपरक समालोचक हुन् । विभिन्न विधाहरूबारे समालोचना गर्नुभन्दा पहिले सम्बद्ध विधाको कालक्रमिक रूपरेखा केलाउने रिसाल साहित्येहासिक समालोचक पनि हुन् । कृतिमा नीतिवादी मूल्यमान्यताको प्रयोग तथा प्रतिपादत केलाउने रिसालले नीतिपरक समालोचना सिद्धान्तको पनि आंशिक उपोग यस ग्रन्थमा गरेका छन् । जस्तैः

"आदर्श राघव नेपाली काव्यमा आदर्श छ ...... प्राचीन काव्य रामायण आदर्शै आदर्शको भण्डार हो । जुनसुकै आदर्श यसमा खोजे पाइन्छ.... यस दृष्टिले आदर्श राघव रामायणकै प्रतिरूप हो । .... साधुताको रक्षा र असाधुताको परिहार गर्ने यस काव्यमा आदर्शमय उपदेश छ ।"[१२७]

---

[१२६] ऐजन, पृ. ९४ ।

[१२७] ऐजन, पृ. ३४-३५ ।

रिसाल पूर्वीय एवं पाश्चात्य साहित्यका शास्त्रीय मान्यतासित सुपरिचित समालोचक हुन् । रिसाल सैद्धान्तिक र व्यवहारिक दुवै समालोचक हुन् । 'नेपाली काव्य र कवि' कृति र कृतिकार दुवै सित सम्बन्धित छ र दुवैको बारेमा उनले व्याख्यात्मक एवं विवेचनात्मक किसिमले आफ्ना विचार व्यक्त गरेका छन् । रिसाल मूलतः कृति वा कृतिका पाठमै मात्र केन्द्रित भएर समालोचना गर्ने समालोचक होइनन् । उनका समालोचनामा कृति बाहिरका सामाजिक सन्दर्भको पनि चर्चा गरिएको पाइन्छ र त्यसमा प्रभाववादिता नै बढी देखापर्छ । जस्तैः

"विश्वका महानतम व्यक्तित्वलाई आफ्ना काव्यपरम्परामा भित्र्याएर देवकोटाले नेपाली भाषा र साहित्यको सामर्थ्य र गौरवमय सिर्जना र स्वीकृति प्रदान गरेका छन् । स्वर्गको आगो चोर प्रतिचिका प्रमिथसलाई प्राचीका महाकावि देवकोटाले चोरेका छन् – आफ्नो साहित्यिक समृद्धिका लागि । आफ्नो जीवितावस्थामा प्रकाशित हुन नसकेका महाकाव्यहरूका लागि देवकोटाले आफ्ना तर्फबाट केही शब्द लेखेर छोडेका छैनन् ।"[१२८]

'नेपाली काव्य र कवि' मा राममणि रिसालले कुनै पनि लेखक तथा कृतिप्रति कठोर प्रहार तथा आक्रमण गरेका छैनन् । आलोचनाको तीखो टुप्पो तिखारी 'मुटुछेड' आन्दोलन यसमा चलाइएको छैन ।[१२९] बरु उनले हाम्रा आदरणीय साहित्यकारहरूप्रति श्रद्धाको फूल नै चढाएका छन् । उनले प्रभावका आधारमा पुराना एवं समकालिक साहित्यकार र तिनका कृति दुवैका सम्बन्धमा आफ्ना विचार व्यक्त गरेको पाइन्छ । प्रसङ्ग अनुसार अन्य लेखक र कृतिसित तुलना समेत गर्ने उनको शैली रोचक र प्रभावकारी छ । 'नेपाली काव्य र कवि' को भाषाशैली ज्यादै कोमल र काव्यात्मक प्रवृत्तिको देखिन्छ । यस ग्रन्थमा रिसालको अभिव्यक्ति स्तरीय भइकन पनि दुरुह छैन । ज्यादै सरल र सहज शब्दावलीको प्रयोग गर्दै रिसालले सम्बद्ध लेखक र उनीहरूका

[१२८] ऐजन, पृ. १३१ ।

[१२९] ऐजन, पृ. ग ।

कृतिहरूको व्याख्या विवेचना गरेका छन् । रिसालले तत्सम शब्दहरूको प्रयोग पनि समुचित रूपमा यसमा गरेका छन् ।

अवश्यै यस ग्रन्थको अन्तिम खण्डमा 'आधुनिक कविता' शीर्षक अन्तर्गत नेपाली फुटकर कविताको पनि चर्चा गरिएको छ तापनि यसले ओगटेका मुख्य क्षेत्रहरू महाकाव्य, खण्डकाव्य र गीतिकाव्य नै हुन् । यहाँ उनले नेपाली महाकाव्य, खण्डकाव्य र गीतिकाव्यको परम्परा र तिनमा देखापरेका प्रमुख प्रतिभा तथा तिनका प्रमुख काव्यकृतिको विवेचना गरेका छन् । 'नेपाली काव्य र कवि' मा साहित्यिक कृतिको समालोचना गर्दा कृतिको कलापक्षलाई भन्दा वस्तुपक्षलाई बढी जोड दिइएको छ । साहित्यिक कृतिको कलापक्ष भन्दा वस्तुपक्षको बढी व्याख्या विवेचना गरिएको छ । यही नै प्रस्तुत समालोचना ग्रन्थको मुख्य सीमा हो ।

'नेपाली काव्य र कवि' राममणि रिसालको समालोचनातर्फको पहिलो प्रयास हो । यो ग्रन्थ तयार पार्दा पेशागत व्यस्तताले गर्दा अधिकाधिक कृतिको अध्ययन हुन नसकेको कुरालाई लेखकले हार्दिक रूपमा स्वीकार गरेका छन् । यस ग्रन्थमा कतिपय बन्दनीय कवि र काव्यकारका थुप्रै सिर्जनात्मक कृतिहरूको परिशीलन हुन बाँकी नै रहेको तथ्यलाई पनि रिसालले नम्रतापूर्वक स्वीकार गरेका छन् ।[१३०] समग्रमा भन्नुपर्दा यस ग्रन्थबाट राममणि रिसालले आफ्नो समालोचकीय क्षमताको राम्रो पहिचान दिएका छन् ।

### ४.३.२ 'माध्यमिककालीन कवि बैजनाथ न्यौपाने र उनका सिर्जना' को अध्ययन

#### (क) पृष्ठभूमि

'माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना' (२०६३) राममणि रिसालको हालसम्मको पछिल्लो समालोचनात्मक कृति हो । यो उनको सम्पादित कृति हो । वस्तु वः यो कृति नेपाली साहित्यको माध्यमिक कालका कवि वैजनाथ न्यौपानेका

---

[१३०] ऐजन, पृ. ञ ।

बारेमा खोज अन्वेषण गरी लेखिएको एक व्यक्तिकेन्द्री कृति हो । राममणि रिसाल २०२६ सालमा पाटन कलेजमा प्राध्यापक हुँदा उनलाई नेपाली साहित्यको माध्यमिक कालका एकै नामका तर दुईथरी कवि 'वैजनाथ सेढाईं' र वैजनाथ न्यौपानेका बारेमा खोज अनुसन्धान गर्ने उत्सुकता जागेको थियो ।[१३१] यसैक्रममा कवि वैजनाथ न्यौपानेका जेठा नाति हरिहर न्यौपानेका स्नेह सङ्ग्रहबाट भेटेजति सामग्री जम्मा गरी कवि वैजनाथ न्यौपानेका बारेमा २०२६ सालको ललिता पत्रिकाको वर्ष २ अङ्क २ मा 'वैजनाथ न्यौपाने- जो हिजोसम्म बहुचर्चित थिएनन" शीर्षकको लेख प्रकाशित गराएका थिए ।[१३२] प्रस्तुत कृति कवि वैजनाथ न्यौपानेका हालसम्म फेलापरेका अन्य सामग्रीहरू समेत सङ्कलन गरी प्रकाशित गरिएको पुस्तकाकार कृति हो ।[१३३]

**(२) संरचना**

राममणि रिसालको 'माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना' (२०६३) नामक समालोचनात्मक ग्रन्थ मूलतः माध्यमिक कवि वैजनाथ न्यौपानेका प्रकाशित तथा अपकाशित कृतिहरूको सङ्कलन र सम्पादन गरेर तयार पारिएको कृति हो । यो कृति निम्नलिखित चार खण्डमा विभाजित देखिन्छ –

(१) खण्ड : क – वैजनाथ न्यौपानेप्रतिका परिचयात्मक रचनाहरू

(२) खण्ड : ख - वैजनाथ न्यौपानेका प्रकाशित पुस्तिका 'भूकम्प कलम' र 'कालिका प्रार्थना'

(३) खण्ड : ग – वैजनाथ न्यौपानेका अप्रकाशित लोकछन्द र श्लोकहर

(४) खण्ड : घ – वैजनाथ न्यौपानेका अप्रकाशित गद्यहरू

[१३१] राममणि रिसाल, **माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना** (भक्तपुरः श्रीमती तीर्थकुमारी न्यौपाने, २०६३), पृ. ४ ।

[१३२] ऐजन ।

[१३३] ऐजन ।

**खण्ड : क**

प्रस्तुत ग्रन्थको प्रथम खण्डको शीर्षक 'वैजनाथ न्यौपानेप्रतिका परिचयात्मक रचनाहरू' रहेको छ । यस खण्डमा कवि वैजनाथ न्यौपानेका विषयमा परिचय दिने सामग्रीहरू राखिएका छन् । यस खण्डमा जम्मा चारवटा लेखहरू रहेका छन् । यस खण्डको प्रारम्भमा तुलसीराम पराजुलीद्वारा लोकछन्द सवाईमा लिखित कवि न्यौपानेको जीवनी राखिएको छ । २०२६ सालको 'ललिता' वर्ष २ अङ्क २ मा प्रकाशित आफ्नो समालोचनात्मक लेख 'वैजनाथ न्यौपाने- जो हिजोसम्म बहुचर्चित थिएनन' पनि रिसालले यस खण्डमा समावेश गराएका छन् । यसै खण्डमा शिव रेग्मीद्वारा वैजनाथ न्यौपानेका बारेमा लेखिएका 'भादगाउँ पाठशाला' र 'माध्यमिककालीन कवि वैजनाथ न्यौपाने' शीर्षकका दुईवटा लेखहरू पनि राखिएका छन् ।

**खण्ड : ख**

प्रस्तुत ग्रन्थको दोस्रो खण्डमा कवि वैजनाथ न्यौपानेद्वारा लिखित तथा वि.सं. १९९१ मा पण्डित नरदेव र मोतीकृष्ण शर्माको पशुपति छापाखाना काठमाडौंबाट प्रकाशित पुस्तिका 'भुकम्प फलम्' र 'कालिका प्रार्थना' समावेश गरिएको छ ।

**खण्ड : ग**

प्रस्तुत ग्रन्थको तेस्रो खण्डको शीर्षक 'वैजनाथ न्यौपानेका अप्रकाशित लोकछन्द र श्लोकहरू' राखिएको छ । यस तेस्रो खण्डमा कवि वैजनाथ न्योपानेद्वारा लिखित तथा हाल हस्तलिखित रूपमै प्राप्त भएका अप्रकाशित पद्यकविताहरू राखिएका छन् । यस खण्डमा कवि न्यौपानेका नेपालीमा लेखिएका 'रसिया राग', 'नौरङ्गे डाँफे', 'लौ लौ', 'सरकारप्रति' शीर्षकका चारवटा र संस्कृत भाषामा लेखिएकाः 'भगवतीस्तोत्र' 'नास्तिकमतम' र 'सूक्ति' शीर्षकका ३ वटा गरी जम्मा सातवटा पद्यकविता समावेश गरिएका छन् ।

**खण्ड : घ**

प्रस्तुत ग्रन्थको चौथो खण्डको शीर्षक 'वैजनाथ न्यौपानेका अप्रकाशित गद्यहरू' रहेको छ । यस खण्डमा वैजनाथ न्यौपानेद्वारा नेपाली भाषामा लिखित 'वेताल पच्चिसी' का १६ वटा अप्रकाशित कथा र संस्कृत भाषामा लेखिएका 'अथनारायणोपनिषद' र 'कलिसन्तरणोपनिषद' शीर्षकका दुईवटा ससाना गद्यलेखहरू राखिएका छन् ।

यस ग्रन्थको परिशिष्ट भागमा पं. वैजनाथ न्यौपानेलाई 'भाषा पाठशाला' का तर्फबाट पठाइएको निर्देशनसहितको नियुक्तिपत्रको मूलप्रति र त्यसको उतार तथा वैजनाथ न्यौपानेको जीवनी सवाई लेख्ने भानिज तुलसीराम पराजुलीलाई दुईजना मामाहरूले गरिदिएको 'बकसपत्र' र त्यसको उतार समेत राखिएको छ ।

यसरी प्रस्तुत कृति मूलतः चार खण्ड तथा ती अन्तर्गतका अनेक शीर्षक उपशीर्षकहरूमा संरचित भएको छ ।

**(३) विवेच्य विषय**

प्रस्तुत समालोचनात्मक ग्रन्थ माध्यमिककालीन कवि वैजनाथ न्यौपानेका प्रकाशित तथा अप्रकाशित कृतिहरूको सङ्कलन र सम्पादन गरिएको कृति हो । यस कृतिमा बैजनाथ न्यौपानेका कृतिहरू बाहेक उनका बारेमा समालोचना गरिएका जम्मा ४ वटा लेखहरू मात्र छन् । ती चारवटा लेखहरूमध्ये दुईवटा लेख शिव रेग्मीका, एउटा तुलसीराम पराजुलीको रहेको छ भने राममणि रिसालको एउटा मात्र लेख रहेको छ । यस शोधकार्यको मुख्य उद्देश्य राममणि रिसालको समालोचनाकारिता बारे विवेचना गर्नु रहेकाले यहाँ राममणि रिसालको उपर्युक्त समालोचनात्मक लेखको मात्र अध्ययन गरिएको छ ।

यस ग्रन्थको सुरुमा राममणि रिसालले 'माध्यमिककालीन कवि वैजनाथ न्यौपानेका रचना र चिनारीका सम्बन्धमा' शीर्षकको लामो भूमिका लेखेका छन् जसमा उनले २०२३ र २०२४ सालमा आफूले 'मदनपुरस्कार विद्दवृत्ति' पाएकाले नै आफ्नो अध्ययनमा ठूलो सहयोग पुगेको अनि मदनपुरस्कार पुस्तकालय भित्रका सबैजसो पुस्तक र पत्रपत्रिकाहरू पढ्ने सौभाग्य पाएको र यसैको फलस्वरूप माध्यमिककालीन कवि लेखकहरूका बारेमा जानकारी प्राप्त गरेको कुरा व्यक्त गरेका छन् । यसै भूमिकामा रिसालले कवि बैजनाथ न्यौपानेका नातामा भानिज पर्ने आफ्ना मातामह तुलसीराम पराजुलीले मीठो लयमा गुनगुनाइ रहने कवि न्यौपानेका मधुमय रचनाहरूले उनलाई मुग्ध पारी पहिलोपल्ट कवि नयौपानेका मधुमय रचनाहरूले उनलाई मुग्ध पारी पहिलो पलट कवि न्यौपानेका बारेमा कलम चलाएको कुरा पनि प्रकट गरेका छन् । यसपछि रिसालले वि.सं. १९२६ मा जन्मिएर २००३ सालमा स्वर्गवास भएका भादगाउँ पाठशालाका पण्डित वैजनाथ न्यौपानेको जीवन अधिक लेखन, शिक्षण र थोरै कर्मकाण्डी पेसामा संलग्न रहँदै बितेको थियो र उनी एक आदर्शगुरु थिए भन्ने विचार व्यक्त गरेका छन् । यसैक्रममा रिसालले 'कालिका प्रार्थना', 'भूकम्प फलम्' जस्ता पद्यसाहित्य र बेताल पच्चिसी जस्तो गद्य साहित्य अनि उपनिषदका सारगर्भित ज्ञानगुनका कुराहरू लेख्ने बैजनाथ न्यौपाने बहुमुखी प्रतिभा भएका व्यक्तित्व हुन् भन्ने धारणा व्यक्त गरेका छन् ।

प्रस्तुत ग्रन्थेको प्रथम खण्डमा राममणि रिसालको 'वैजनाथ न्यौपाने जो हिजोसम्म बहुचर्चित थिएनन्' शीर्षकको लेख रहेको छ । जसमा रिसालले नेपाली साहित्यमा केही त केहſ योगदान गरेर अल्पिएका पुराना कवि लेखकहरूलाई अन्वेषकहरूले प्रकाशमा लयाउन थालेका छन् भन्दै आफूले पनि कवि बैजनाथ न्यौपानेका बारेमा खोज-अनुसन्धान गरी चर्चामा ल्याएको कुरा व्यक्त गरेका छन् । वि.सं. १९९० सालको महाभूकम्पले गरेको जनधनको विनाशलाई 'भूकम्प फलम' र 'कालिका प्रार्थना' जस्ता कविता लेखेर वैजनाथ न्यौपाने साहित्यमा देखापरेका हुन् भन्ने विचार रिसालले प्रकट गरेका छन् । नेपाली र संस्कृत भाषाका पण्डित तथा भाषाप्रेमी

बैजनाथ न्यौपानेका सम्बन्धमा विशेष चर्चा कतै नभएको भए पनि बैजनाथ न्यौपानेका कविता गाउँले नरनारीका मुखमा कण्ठस्थ भइसकेको र त्यस्ता कविता बेला बेला आफैले सुन्न पाएको अनुभूति रिसालले व्यक्त गरेका छन् र वैजनाथ न्यौपाने चर्चित नहुनुको कारण उनका लेख रचनाहरू अव्यवस्थित र असङ्ग्रहित भएकाले नै हो भन्ने ठहर रिसालले यहाँ व्यक्त गरेका छन् । जीवनका आनन्दलाई कवितामा ढाल्ने वैजनाथमा प्रतिभाको पौल नभए पनि कवितालाई कलममा नचाउन सक्ने हिक्मत र आशुकवित्वको छनक थियो भन्दै रिसालले न्यौपानेका कवितामा अनौठो मीठास तथा सरलता र तरलता छ भनेका छन् । मोतीराम भट्टभन्दा दुई वर्ष मात्र कान्छा बैजनाथ न्यौपाने निश्चय नै मोतीराम भट्टको सम्पर्कमा आएको हुनुपर्दछ भन्ने अड्कल रिसालले काटेका छन् । नेपाली साहित्यमा माध्यमिककाल विकासकाल र प्रकाशनकालका रूपमा रहेको बताउँदै रिसालले अझ अध्ययन मनन तथा खोजी गरेको खण्डमा बैजनाथ न्यौपाने जस्ते लुकेर रहेका अन्य कविहरू पनि फेला पार्न सक्ने सम्भावनाको सङ्केत गरेका छन् ।

(४) **निष्कर्ष**

'माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना' (२०६३) राममणि रिसालको हालसम्मको पछिल्लो समालोचनात्मक कृति हो । यो कृति 'माध्यमिककालीन कवि वैजनाथ न्योपानेका बारेमा खोज अन्वेषण गरी सम्पादन गरिएको एक व्यक्तिकेन्द्री कृति हो । यस कृतिबाट राममणि रिसालले आफूलाई खोज अन्वेषणमूलक समालोचकका रूपमा चिनाउन सफल भएका छन् । यस कृतिबाट रिसालले माध्यमिक कालका लुकेर बसेका एक कवि वैजनाथ न्यौपानेको खोज गरी यिनका बारेमा प्रकाश पार्ने काम गरेका छन् । यस कृतिबाट रिसालले पूर्ववर्ती समालोचक तथा अन्वेषकहरूले स्पष्ट पार्न बाँकी रहेका केही तथ्यहरूलाई सप्रमाण स्पष्ट पारी प्रस्तुत गरेका छन् । राममणि रिसालले सङ्कलन र सम्पादन गरेर तयार पारेको प्रस्तुत कृतिलाई हेर्दा रिसाल एक कुशल अन्वेषकका रूपमा देखापर्छन् ।

राममणि रिसालको प्रस्तुत कृति प्रभावपरक समालेचना पद्धतिमा आधारित छ । यसमा उनले कृति बैजनाथ न्यौपाने र उनका कृतिले पारेका प्रभावका आधारमा आफ्ना विचार व्यक्त गरेका छन् । जस्तैः

"कवि वैजनाथ न्यौपानेका मीठा र सरस कविता सुन्दा/देख्नासाथ म उत्कण्ठित भएँ । मैले सबै पढैं, एक एक गरेर । पढिसकेपछि प्रतिभाको पौल नभए पनि कवितालाई आफ्नै कलममा ल्याएर नचाउन सक्ने हिक्मत केही मात्रामा छ भने जस्तो पहिले लाग्यो । मैले आशुकवित्वको केही छनक त्यहाँ पाएँ । उत्सुकताले डोऱ्यायो ।'[१३४]

'माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना' कृति र कृतिकार दुवै पक्षसित सम्बन्धित छ र यी दुवै पक्षका बारेमा रिसालले व्याख्यात्मक किसिमले आफ्ना विचार प्रकट गरेका छन् । रिसालले कवि न्यौपानेको जीवनीको पनि चर्चा गरेकाले यसमा जीवनीपरक समालोचनाको पनि आंशिक उपयोग गरिएको छ । यस समालोचनामा रिसालले लेखक तथा कृतिको कठोर आलोचना गरेका छैनन्, बरु उनले आदरणीय कविप्रति प्रशंसा नै गरेका छन् । यसबाट रिसाल गुणदर्शक समालोचकका रूपमा चिनिन्छन् ।

यस कृतिमा रिसालले सरल भाषाशैलीको प्रयोग गरेका छन् । उनले छोटा छोटा वाक्यको प्रयोग गरी आफ्ना समालोचकीय धारणाहरू प्रकट गरेका छन् । यसमा कवि वैजनाथ न्यौपानेका प्रत्येक लेखको छुट्टाछुट्टै विवेचना गरिएको छैन र यही नै प्रस्तुत कृतिको मुख्य सीमा पनि हो ।

## ४.४ पत्रपत्रिकामा प्रकाशित फुटकर समालोचनात्मक लेखहरूको अध्ययन

राममणि रिसालका दुईवटा पुस्तकाकार समालोचनात्मक कृति बाहेक सुरुको अवधिमा लेखिएका उनका फुटकर समालोचनात्मक लेखहरू पत्रपत्रिकामा छरिएका छन् । यस्ता फुटकर लेख दुईवटा मात्र प्राप्त रहेका छन् । यस परिच्छेदमा राममणि

---

[१३४] ऐजन, पृ. २१ ।

रिसालका पत्रपत्रिकामा प्रकाशित तिनै दुईवटा समालोचनात्मक लेखको क्रमशः विवेचना गरिएको छ ।

### (क) रङ्गमञ्च दुई शब्द

प्रस्तुत 'रङ्गमञ्च दुई शब्द' राममणि रिसालको समालोचनायात्राको प्रथम लेख हो । यो लेख 'जमरा' वर्ष १ अङ्कुर १, २०२५) पत्रिकाका प्रकाशित भएको थियो । साना ठूला गरी जम्मा पन्ध्र अनुच्छेदमा संरचित उक्त लेखमा रिसालले रङ्गमञ्चका बारेमा आफ्ना धारणाहरू व्यक्त गरेका छन् । यसमा उनले रङ्गमञ्च के हो ? भन्ने कुरालाई ज्यादै स्पष्टताका साथ विववेचना गरेका छन् । रङ्गमञ्च नाटकको एक मुखय आधार स्तम्भ हो[१३५] र रङ्गमञ्चमा दर्शकले समस्त घटनावली आफ्नै आँखाले देख्न सक्ने भएकाले श्रव्यकाव्य भन्दा दृश्यकाव्य सजीव र सशक्त हुन्छ[१३६] भन्ने धारणा रिसालले व्यक्त गरेका छन् । यस क्रममा उनले प्राचीन नाट्यसिद्धान्तका प्रणेता भरतमुनिका चिन्तनहरूलाई पनि अगाडि सारेका छन् । भरतमुनिको नाट्य सिद्धान्त व्यावहारिक मात्र नभएर यो वैज्ञानिक पनि छ भन्ने कुरा उल्लेख गर्दै रिसालले भरतको नाट् सिद्धान्तको प्रशंसा गरेका छन् । भरतमुनीको नाट्यशास्त्रभन्दा पहिले वैदिक साहित्य नाटकीय चर्चासँग परिचित भए पनि क्रमबद्ध रूपमा नाटकको विवेचना भरतमुनिले नै गरेका हुन्[१३७] र यसका लागि भरतमुनिलाई बिर्सन नहुने[१३८] कुरा रिसालले व्यक्त गरेका छन् । यसमा रिसालले पूर्वीय नाट्य साहित्य र पश्चिमी नाट्यसाहित्यको तुलना पनि गरेका छन् । पूर्वीय नाट्यसाहितय आफ्नै इतिहास बोकेर अगाडि बढिरहेको छ भने पश्चिमी नाट्यसाहित्यले निक्कै काँचुली फेरिसकेको कुरा पनि उनले व्यक्त गरेका छन् । मूलतः यस लेखमा रिसालले भरतमुनिद्वारा प्रतिपादित नाट्यसिद्धान्तलाई पूर्ण

---

[१३५] राममणि रिसाल, 'रङ्गमञ्च दुई शब्द', **जमरा** (वर्ष १, अङ्कुर १, २०२५), पृ. २८ ।

[१३६] ऐजन, पृ. २७ ।

[१३७] ऐजन, पृ. २९ ।

[१३८] ऐजन ।

आधार बनाएर रङ्गमञ्चसम्बन्धी आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । यसलाई उनको सैद्धान्तिक समालोचना मान्न सकिन्छ ।

### (ख) सुलोचना-क्रान्तिकारी प्रयोग

रिसालको 'सुलोचना क्रान्तिकारी प्रयोग' शीर्षकको समालोचनात्मक लेख 'जमरा' (वर्ष २, अङ्कुर २, २०२७) पत्रिकामा प्रकाशित भएको थियो । साना ठूला गरी जममा सत्र अनुच्छेदमा संरचित उक्त लेखका सुरुमा रिसालले साहित्यप्रतिका आफ्ना धारणाहरू व्यक्त गरेका छन् । साहित्य मानवजीवनको चिनारी दिने अर्को धरातल हो, व्यापक इतिहास हो, साँचो शिक्षक र असल पथ प्रदर्शक हो[१३९] भन्ने विचार रिसालले यहाँ व्यक्त गरेका छन् । यसै क्रममा उनले नेपाली साहित्यका अग्रगण्य प्रतिभा लक्ष्मीप्रसाद देवकोटालाई अगि सार्दै देवकोटाबाटै नेपाली साहित्यले महाकाव्यजस्तो गहन विद्या प्राप्त गरेको थियो भन्ने कुरा व्यक्त गरेका छन् । रिसालले देवकोटालाई दुवै हातले उत्तिकै गाण्डीव चलाउन सक्ने सफल काव्य महारथीका रूपमा यहाँ चिनाएका छन् । रिसालले देवकोटाको प्रतिभालाई आकाश र पातालको समवर्ती केन्द्रविन्दुको संज्ञा दिएका छन् र देवकोटाका काव्यमा साँचो जीवनको दर्शन हुन्छ भनेका छन् । यसै प्रसङ्गमा रिसालले देवकोटाको 'सुलोचना' महाकाव्यले प्रस्तुत गरेको सामाजिक कथा र कारुणिक अभिव्यक्तिको पनि विवेचना गरेका छन् । देवकोटाले केवल १० दिनमै 'सुलोचना' महाकाव्य लेखेर आफ्नो २५ वर्षे कवितात्मक तपस्याको परिचय दिएको कुरा पनि रिसालले चर्चा गरेका छन् । 'सुलोचना' शाकुन्तल भन्दा सामाजिक परिपाटीमा ढालिएको आधुनिक नयाँ महाकाव्य भएको र देवकोटाका भूमिका भित्रका पङ्क्तिहरू नै यसका साक्षी रहेको कुरा रिसालले यस लेखमा प्रकट गरेका छन् ।

सुलोचना महाकाय १० दिनमा नै रचना हुनु यसको क्रान्तिकारी रूप हो र देवकोटाको प्रतिभा हुने बित्तिकै बिजुली उत्पन्न हुने करेन्ट हो भन्ने धारणा रिसालले यहाँ व्यक्त गरेका छन् । एक्काइसौं शताब्दीको सुरुमा नै झुल्किएको सुलोचनामा

---

[१३९] राममणि रिसाल, 'सुलोचना क्रान्तिकारी प्रयोग', **जमरा** (वर्ष २, अङ्कुर २, २०२७), पृ. १२५ ।

क्रान्तिकारी लक्षणहरू थुप्रै रहेको विचार व्यक्त गर्दै रिसालले सुलोचना महाकाव्यलाई सामाजिक समस्याप्रधान क्रान्तिकारी महाकाव्य हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यो उनको प्रथम प्रायोगिक समालोचनात्मक लेख हो ।

## ४.५ समालोचनात्मक चेत भएका निबन्धहरूको अध्ययन

राममणि रिसाल एक सफल निबन्धकार पनि हुन् । २०६३ सम्ममा उनका जम्मा ८ वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनका धेरै निबन्धहरूमा समालोचनात्मक चेत पाइन्छ । यस परिच्छेदमा राममणि रिसालका समालोचनात्मक चेत भएका निबन्धहरूको पनि अध्ययन गरिएको छ । यस क्रममा उनका निम्नलिखित समालोचनात्मक चेत भएका निबन्धहरूको क्रमशः अध्ययन गरिएको छः–

(क) समलाई सम्भेर

(ख) सूचनामाथि सूचना

(ग) भोगाइका खातखातबाट भिजेका पलपल

(घ) संगीतका सुनौला हस्ताक्षर जनार्दन सम

(ङ) धानकाटी चन्द्रमालाई

(च) अपुरो टिपोट

(छ) जस्तो दृष्टिः त्यस्तो सृष्टि

(ज) गीतिधर्मीः रङ्गकर्मी

(झ) स्मृतिका रेखाहरू

(ञ) मलाई नसोध कहाँ दुख्छ घाउ

(ट) जिन्दगीका पानाहरू नसकिएसम्म च्यात्दै जान्छु

(ठ) मैले भेटेको छिन्नलता

(ड) म बिर्सू कसोरी

(ढ) निप्रपञ्ची कवि शिरोमणि लेखनाथ पौड्याल

(ण) स्मृति बन्दना

(त) पूरानो चर्चा

(थ) जो बल्यो, त्यो निभ्दैन

(द) साहित्य, संस्कृतिः त्राण वा प्राण

## (क) समलाई सम्झेर

'समलाई सम्झेर' राममणि रिसालको 'अक्षर पछि अक्षर' निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । उक्त निबन्ध प्रथमतः 'सौरभ' पत्रिकामा प्रकाशित भएको थियो । लामा छोटा गरी जम्मा आठ अनुच्छेदमा संरचित उक्त निबन्ध आत्मपरक शैलीमा रचिएको छ । नेपाली साहित्यका नाट्यसम्राट बालकृष्णसमको दुःखद निधनपछि भाव विह्वल हुन पुगेको रिसालले समको सम्झनामा प्रस्तुत निबन्धको रचना गरेका छन् । यस निबन्धमा नेपाली साहित्यका महान् स्रष्टा बालकृष्ण समको विनीत तथा मधुर व्यक्तित्वको संस्मरण गरिएको छ । समको सानिध्यबाट जीवनमा आफूले धेरै ज्ञान प्राप्त गरेको कुरा रिसालले यहाँ व्यक्त गरेका छन् । समको मृत्युपछि ज्ञान र गरिमा नै अस्ताएको अनुभव गर्दै रिसालले समको सम्झनामा आफ्ना अनुभूतिहरू अभिव्यक्त गरेका छन् । सरल, सहज तथा कवितात्मक भाषाशैली एवम् सुन्दर विम्बहरूको संयोजन गर्दै रिसालले बालकृष्ण समप्रतिका आफ्ना संस्मरणहरूलाई प्रस्तुत गरेका छन् । बालकृष्ण समलाई एउटा न्यानो घामको उपमा दिँदै समको देहावसानपछि नेपाली साहित्यबाट न्यानो घाम डुबेको मार्मिक अनुभूति यस निबन्धमा प्रकट भएका छ । यसरी प्रस्तुत निबन्ध मूलतः रिसालको संस्मरणात्मक निबन्ध हो तापनि यसमा उनले बालकृष्ण समले नेपाली साहित्यमा दिएको योगदानका बारेमा चर्चा गरेकाले यसलाई समालोचनात्मक लेखका रूपमा पनि अगाडि सार्न सकिन्छ ।

## (ख) सूचनामाथि सूचना

'सूचनामाथि सूचना' राममणि रिसालको 'अक्षरपछि अक्षर' निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । उक्त निबन्ध प्रथमतः 'गरिमा' (वर्ष २, अङ्क ४, चैत्र २०४०)

पत्रिकामा प्रकाशित भएको थियो । जम्मा नौ अनुच्छेदमा सरचित अनि अमूर्त चिन्तनमा आधारित यस निबन्धमा राममणि रिसालले भाषाको प्रवाहशीलताको चर्चा गर्दै भाषा र भावको तादात्म्य भएको साहित्य नै उच्चकोटिको साहित्य हो भन्ने विचार व्यक्त गरेका छन् । यसै गरी साहित्य एक कला हो भन्दै रिसालले साहित्य र साहित्यकारहरूप्रतिका आफ्ना दृष्टिकोणहरू यस निबन्धमा प्रस्तुत गरेका छन् । साहित्यमा मनको एक्सरे भन्दै रिसालले यहाँ साहित्यकारहरूको अमरताको वकालत पनि गरेका छन् । यसरी प्रस्तुत निबन्धमा रिसालले साहित्य तथा भाषा र साहित्यको सम्बन्ध जस्ता पक्षहरूमा पनि आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । सामान्य भाषाले साहित्य उकाली चढ्न सक्दैन भन्ने धारणा राख्ने रिसालको यस निबन्धमा आलङ्कारिक प्रस्तुति पाइन्छ र यसलाई पनि उनको सैद्धान्तिक समालोचनाको कोटिमा राख्न सकिन्छ ।

### (ग) भोगाइका खातखातबाट भिजेका पलपल

'भोगाइका खात खातबाट भिजेका पलपल' राममणि रिसालको 'भिजेकापलपल' (२०४५) निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । यो निबन्ध 'गरिमा' (वर्ष ३, अङ्क १, पूर्णाङ्क २५, पौष २०४१) पत्रिकामा प्रकाशित भएको थियो । साना ठूला गरी जम्मा एघार अनुच्छेदमा संरचित उक्त निबन्धका प्रारम्भमा रिसालले गीतसम्बन्धी आफ्ना धारणाहरू व्यक्त गरेका छन् । दुःख वा आँसु नै गीतको दोस्रो रूप हो भन्ने रिसालको विचार रहेको छ । जीवनका दुःख र आन्तरिक पीडा नै गीतका रूपमा परिणत हुने सन्दर्भ यहाँ रिसालले प्रकट गरेका छन् । रिसालले गीतलाई पीडाको संवाहक ठानेका छन् र जीवनका आन्तरिक स्वर गीतमे गुञ्जिन्छन् भन्ने विचार यहाँ व्यक्त गरेका छन् र यसलाई पनि उनको सैद्धान्तिक समालोचनासँग आबद्ध निबन्धका रूपमा हेर्न सकिन्छ ।

### (घ) संगीतका सुनौला हस्ताक्षर जनार्दन सम

सङ्गीतका सुनौला हस्ताक्षर जनार्दन सम राममणि रिसालको 'भिजेका पलपल' (२०४५) निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । साना ठूला गरी जम्मा नौ अनुच्छेदमा पूर्ण भएको उक्त निबन्ध संस्मरणात्मक शैलीमा रचिएको छ । यस निबन्धमा राममणि रिसालले नाटककार बालकृष्ण समका सुपुत्र सङ्गीतकार जनार्दन समको सम्झना प्रस्तुत गरेका छन् । जनार्दन समले रेडियो नेपालमा गरेको अनवरत सेवाको लेखाजोखा पनि यस निबन्धमा रिसालले गरेका छन् । यसका साथै जनार्दन सममा रहेको सङ्गीत प्रतिको रुचि र उनका गीत सङ्गीतले प्रत्येक जनमानसको हृदयलाई स्पर्श गरेको कुरा पनि रिसालले यहाँ अभिव्यक्त गरेका छन् । उक्त लेखमा सङ्गीत र गायनमा मात्र नभएर जनार्दन समले गद्य-पद्य दुवै विधामा कलम चलाएको तथ्यतर्फ सङ्केत गर्दै उनले गीतिनाटकमा प्राप्त गरेको सफलताको संस्मरण गरिएको छ । स्वर्गीय जनार्दन समप्रतिका यिनै संस्मरण सन्दर्भहरूलाई रिसालले आत्मपरक शैलीमा यस निबन्धमा निबन्धन गरेका छन् र रिसालको समालोचनायात्रामा यसलाई पनि अर्को एक प्रायोगिक समालोचनाका रूपमा लिन सकिन्छ ।

### (ङ) धानकाटी चन्द्रमालाई

'धानकाटी चन्द्रमालाई' राममणि रिसालको 'भिजेका पलपल' (२०४५) निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । यो निबन्ध प्रथमतः 'गरिमा' (वर्ष ५, अङ्क ४, पूर्णाङ्क ५२, चैत्र २०४३) पत्रिकामा प्रकाशित भएको थियो । साना ठूला गरी सात अनुच्छेदमा संरचित उक्त निबन्धमा पश्चिम नेपालको लोकजीवनमा प्रचलित लोकगीतको एक अंशलाई लिएर निबन्धको शीर्षक विधान गरिएको छ । यस निबन्धमा रिसालले नेपाली प्रकृति र नेपाली लोकगी प्रतिको श्रद्धा र सद्भाव प्रकट गरेका छन् । लोकगीतप्रति भावविभोर हुँदै रिसालले लोकगीत भनेका अमूल्य हीराका टुक्रा हुन् भन्ने धारणा प्रकट गरेका छन् । रिसालले देउडा, भँडा, मागल, चैत जस्ता लोकगीत र गाथाहरू नेपाली

लोकसंस्कृतिका गर्विला सम्पत्ति हुन् भन्ने धारणा यस निबन्धमा व्यक्त गरेका छन् । रिसालका विचारमा विरह, करुणा र ममता लोकगीतका कच्चापदार्थ हुन् र यिनै पदार्थहरूको सन्तुलित मिश्रणबाट नै सफल लोकगीत सृजना हुन्छन् । यसरी प्रस्तुत निबन्धमा रिसालले मुक्तकण्ठले लोकगीतको प्रशसा गरेका छन् र यसबाट उनको नेपाली लोकगीतको अध्ययनप्रतिको रुचि झल्किएको छ ।

## (च) अपुरो टिपोट

'अपुरो टिपोट' राममणि रिसालको 'भिजेका पलपल' (२०४५) निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । सानाठूला गरी जमा दश अनुच्छेदमा संरचित उक्त निबन्धमा रिसालका पूर्वस्मृतिहरू प्रस्तुत गरिएका छन् । नेपाली साहित्यका महान् नाटककार स्व. बालकृष्ण समप्रतिको श्रद्धा र प्रशंसा नै यस निबन्धको प्रमुख विषयवस्तु बनेको छ । यस निबन्धमा राममणि रिसालले बालकृष्ण समको व्यक्तित्वका विविध पाटाको वर्णन र विश्लेषण गरेका छन् । समको शारीरिक व्यक्तित्व र साहित्यिक व्यक्तित्व तथा उनको भद्रताबाट रिसाल अवाक हुन पुगेको अनुभूति यहाँ प्रकट भएको छ । बालकृष्ण समको सम्झना गर्ने क्रममा रिसालले समकी धर्मपत्नी मन्दाकिनी समका गुणको कदर गर्न पनि बिर्सेका छैनन् । श्रीमती सम बालकृष्ण समका निमित्त प्रेरणाकी प्रतिमूर्ति थिइन् भन्ने रिसालको विचार छ । स्मृति ज्यादै मीठो हुन्छ र यसले स्वजनको सम्झनालाई ताजा राख्छ भन्दै रिसालले यस निबन्धमा आफ्ना अग्रगण्य गुरु बालकृष्णसमको सम्झना गरेका छन् । नाटककार समको बहुमुखी प्रतिभाको महिमा गाउदै यस निबन्धमा रिसालले समप्रतिका आफ्ना आदरभाव प्रकट गरेका छन् । नेपाली साहित्यके युगान्तकारी व्यक्तित्व बालकृष्ण सम रिसालका आदरणीय अग्रज थिए । यसरी यस निबन्धमा रिसालले समका गुण र गरिमाको मुक्तकण्ठले प्रशंसा गरेका छन् र यसबाट पनि रिसालको समालोचनात्मक चेत प्रकट भएकै छ ।

### (छ) जस्तो दृष्टिः त्यस्तो सृष्टि

'जस्तो दृष्टिः त्यस्तो सृष्टि' राममणि रिसालको 'भिजेका पलपल' (२०४५) निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । यो निबन्ध सात अनुच्छेदमा संरचित छ । यसमा रिसालले आफ्ना वैयक्तिक अनुभूतिहरूलाई पोखेका छन् । यस क्रममा रिसालले शङ्कर लामिछानेलाई एक अध्ययनशील तथा प्रयोगधर्मी साहित्यस्रष्टाका रूपमा संस्मरण गरेका छन् र उनी राष्ट्रका एक प्रभावशाली लेखक थिए भन्ने विचार व्यक्त गरेका छन् । यसलाई पनि रिसालको व्यक्ति प्रतिभामा केन्द्रित प्रायोगिक समालोचना नै मान्न सकिन्छ ।

### (ज) गीतिधर्मीः रङ्गकर्मी

'गीतिधर्मी : रङ्गकर्मी' राममणि रिसालको 'मेरो चेतनाको अन्तर्यात्रा' (२०५२) निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । साना ठूला गरी पन्ध्र अनुच्छेदमा संरचित यस निबन्धमा राममणि रिसालले नेपाली गीत-सङ्गीतक्षेत्रका विशिष्ट व्यक्तित्व स्वर्गीय रत्नदास प्रकाश, लीलाध्वज थापा तथा नाटककार बालकृष्ण समको गुणको सम्झना गरेका छन् । रत्नदास प्रकाशका बोलीबचन र आचरणका विनम्रताबाट रिसाल निक्कै प्रभावित भएका थिए । रत्नदास प्रकाशको सङ्गीतमा नेपालीपन पाइन्छ भन्दै जतिबेला रत्नदासको गला खुलेको थियो, त्यतिबेला नेपालमा सङ्गीतज्ञको उचित सम्मान थिएन र गीत-सङ्गीतकारहरू अनेकन पीडा, अपवाद र प्रतिबन्धको प्रहार खपेर नेपाली गीत सङ्गीतको सम्बर्द्धनमा लागिपरेका थिए भन्ने धारणा राममणि रिसालले प्रकट गरेका छन् । यसैगरी नेपाली उपन्यास जगत्मा देखापरेका लीलाध्वज थापाले उपन्यास परम्परालाई बलियो बनाएको कुरालाई पनि रिसालले मुक्तकण्ठले प्रशंसा गरेका छन् । यसै सन्दर्भमा प्रसिद्ध नाटककार बालकृष्ण समको रसिलो व्यक्तित्वको गुणगान गाउँदै उनकै घर आँगनमा रत्नदास प्रकाश र लीलाध्वज थापा हुर्के बढेका कुरा रिसालले यहाँ प्रकट गरेका छन् । नेपाली सङ्गीतज्ञ रत्नदास प्रकाश तथा साहित्यकारहरू बालकृष्ण

सम र लीलाध्वज थापाका योगदान, सृजनशील व्यक्तित्वको प्रशंसा र गुणगान नै यस निबन्धको प्रमुख सन्दर्भ बन्न पुगेको छ र यसलाई पनि रिसालको व्यक्तिप्रतिभामा केन्द्रित प्रायोगिक समालोचना मान्न सकिन्छ ।

### (झ) स्मृतिका रेखाहरू

'स्मृतिका रेखाहरू' राममणि रिसालको 'अन्यथा' (२०५९) निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । उक्त निबन्ध प्रथमतः 'राष्ट्रभाषा' (वर्ष ६, २०५३) पत्रिकामा प्रकाशित भएको थियो । साना ठूला गरी जम्मा बाह्र अनुच्छेदमा संरचित यस निबन्धमा रिसालले आफ्नो जीवनयात्रामा गम्भिर रूपले मनमा बसेका स्व. बद्रीविक्रम थापाको स्मृतिचित्रलाई उतारेका छन् । प्राध्यापन पेसामा संलग्न रहँदा रिसालले स्व. थापाको सानिध्य प्राप्त गरेका थिए । सर्वप्रथम प्रा. सुरेन्द्रबहादुर श्रेष्ठले उहाँ (बद्री विक्रम थापा) सित परिचय गराउनु भएको थियो भन्दै रिसालले यस निबन्धमा बद्रीविक्रम थापाको सौम्य र शालीन व्यक्तित्वको गुणगान गरेका छन् ।

### (ञ) मलाई नसोध कहाँ दुख्छ घाउ

'मलाई नसोध कहाँ दुख्छ घाउ' राममणि रिसालको 'अन्यथा' (२०५९) निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । साना ठूला गरीजम्मा सत्र अनुच्छेदमा संरचित प्रस्तुत निबन्धको शीर्षक स्व. हरिभक्त कटुवालद्वारा रचित तथा गोयक स्व. नारायण गोपालको स्वरमा रेकर्ड गरिएको प्रसिद्ध गीतको स्थायी पङ्क्तिलाई लिएर राखिएको छ । साहित्यकार स्व. हरिभक्त कटुवालप्रतिको श्रद्धा र प्रशंसा नै यस निबन्धको प्रमुख विषयवस्तु बनेको छ । रिसाल आफू रेडियो नेपालमा कार्यरत रहँदा कवि हरिभक्त कटुवालसँग भेटघाट र परिचय भएको कुरा बताउँदै रिसालले उनको व्यक्तित्वको चित्रण यस निबन्धमा गरेका छन् । यस निबन्धमा रिसालले हरिभक्त कटुवालको दुःखपूर्ण जीवनको चर्चा गर्दै उनको प्रशंसा गरेका छन् र आज हरिभक्त कटुवाल हामीमाझ नभए पनि उनका रचना जीवन्त छन् र उनी अमर भएका छन् भन्ने

धारणा व्यक्त गरेका छन् र रिसालको समालोचनायात्रामा यसलाई पनि अर्को एक प्रायोगिक समालोचनाका रूपमा लिन सकिन्छ ।

### (ट) जिन्दगीका पानाहरू नसकिएसम्म च्यात्दै जान्छु

'जिन्दगीका पानाहरू नसकिएसम्म च्यात्दै  जान्छु' राममणि रिसालको 'अन्यथा' (२०५९) निबन्ध सङ्ग्रहमा सङ्ग्रहित छ । साना ठूला गरी जम्मा पन्ध्र अनुच्छेदमा संरचित प्रस्तुत निबन्धमा साहित्यकार कमल दीक्षितलाई विषयवस्तु बनाइएको छ । यस निबन्धमा रिसालले पहिलोपल्ट कमल दीक्षितसँग भेट्दाका सम्झनालाई प्रस्तुत गर्दै मदनपुरस्कार गुठीका अध्यक्ष कमल दीक्षितकै कृपाबाट आफू मदनपुरस्कार पुस्तकालयमा संलग्न हुन पुगेको तथ्यलाई प्रकट गरेका छन् । नेपाली भाषा र साहित्यको प्राध्यापनका क्रममा त्यस समयसम्मका प्रकाशित 'नेपाली भाषाका सम्पूर्ण पुस्तकहरु अध्ययन गर्ने सौभाग्य आफूले कमल दीक्षितकै स्नेहबाट प्रात गरेको कुरा अभिव्यक्त गर्दै रिसालले आफू समालोचक हुनुका पछाडि कमल दीक्षितको धेरै सहयोग रहेको कुरा व्यक्त गरेका छन् । यसरी प्रस्तुत निबन्धमा रिसालले कमल दीक्षितको खुलेर प्रशंसा गरेका छन् ।

### (ठ) मैले भेटेको छिन्नलता

'मैले भेटेको छिन्नलता' राममणि रिसालको 'अन्यथा' (२०५९) निबन्ध सङ्ग्रहमा, सङ्ग्रहित निबन्ध हो । साना ठूला गरी जम्मा ६ अनुच्छेदमा संरचित उक्त निबन्ध पत्रात्मक शैलीमा रचिएको छ । यस निबन्धमा राममणि रिसालले गीतिकवयित्री स्व. रमोला शाह 'छिन्नलता' का सम्बन्धमा आफ्ना पुराना सम्झनाहरू अभिव्यक्त गरेका छन् । गीतकार तथा कलाकारहरूको जमघट हुने ठाउँ 'रेडियो नेपाल' मा कार्यरत रहँदा रिसालले सर्वप्रथम रमोला शाह 'छिन्नलता' ले लेखेको 'हुँदैन टाढा मन परेपछि.......' बोलको गीत सुनेको र यो गीत लेख्ने मान्छे अति कमलो, मनको धनी अनि दुःख र पीर बोकेको तरल मानिस होला भन्ने लागेको अनि यसका गीतकारलाई एकपटक भेट्ने, देख्ने रहर जागेको कुरा व्यक्त गरेका छन् । यसै क्रममा रमोला

शाहसित आफ्नो भेट भएको र उनका बारेमा धेरै जानकारी प्राप्त गरेको कुरा रिसालले यहाँ व्यक्त गरेका छन् । रिसालले 'छिन्नलता' र 'रेडियो नेपाल' एक अर्काका परिपूरक हुन भनेका छन् । २०३९ सालमा रमोला शाह 'छिन्नलता' बाट 'छिन्नलता पुरस्कार गुठी' को स्थापना भएको र यो हालसम्म पनि सञ्चालन भइरहेको कुरा पनि रिसालले यहाँ उल्लेख गरेका छन् र यसबाट पनि रिसालको समालोचनात्मक चेत प्रकट भएकै छ ।

## (ड) म बिर्सूं कसोरी

'म बिर्सूंकसोरी' राममणि रिसालको 'म एकः म अनेक' (२०६०) । निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । जम्मा सात अनुच्छेदमा संरचित यस निबन्धमा रिसालले कमल दीक्षितको बारेमा चर्चा गरेका छन् । नेपाली भाषा र साहित्यका क्षेत्रमा कमल दीक्षितले दिएको योगदानको चर्चा गर्दै रिसालले 'कमलमणि दीक्षित' नामक ग्रन्थ प्रकाशित हुनु अत्यन्त राम्रो काम भएको जनाएका छन् । 'मदन पुरस्कार गुठी' कमल दीक्षितको पराक्रम र पहिचान हो भन्दै रिसालले सर्वप्रथम कमल दीक्षितसँग भेट हुँदाका संस्मरणलाई पनि यहाँ व्यक्त गरेका छन् ।

## (ढ) निष्प्रपञ्ची कविशिरोमणि लेखनाथ पौड्याल

'निष्प्रपञ्यी कविशिरोमणि लेखनाथ पौड्याल' राममणि रिसालको 'म एकः म अनेक' निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । यो निबन्ध स-साना सात अनुच्छेदमा संरचित छ । यस निबन्धमा रिसालले नेपाली साहित्यका त्रिमूर्ति कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाटककार बालकृष्ण समलाई आफूले छात्रजीवनमा देख्ने र भेट्ने मौका पाएको कुरा व्यक्त गर्दै यहाँ लेखनाथ पौड्यालका बारेमा चर्चा गरेका छन् । रिसालले लेखनाथ पौड्यालको शारीरिक व्यक्तित्वको चर्चा गर्दै कवि पौड्याललाई 'अरूणोदय' पत्रिकाको वार्षिक ग्राहक बनाउन कविको निवासमा गएको र कवि पौड्यालले आफू उदासिन एवं निष्प्रपञ्जी बताएको कुरा रिसालले यहाँ

प्रस्तुत गरेका छन् र यसलाई पनि रिसालको व्यक्ति प्रतिभामा केन्द्रित समालोचना मान्न सकिन्छ ।

### (ण) स्मृति वन्दना

'स्मृति वन्दना' राममणि रिसालको 'म एकः म अनेक' (२०६०) निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । साना ठूला गरी जम्मा नौ अनुच्छेदमा संरचित यस निबन्धमा राममणि रिसालले महाकाव्यकार स्व. गुणराज उपाध्याय खनाल 'रामदास' को चर्चा गरेका छन् । महाकाव्यकार गुणराज उपाध्याय खनालको उर्जस्विनी-प्रतिभाको परिचय उनैका सफल महाकाव्यले गराउँछन् भन्दै रिसालले उनका भक्तिरसपूर्ण छन्दोबद्ध काव्य र मधुर कविता नेपाली साहित्यका अमूल्य सम्पत्ति हुन् भन्ने विचार प्रकट गरेका छन् र यसलाई पनि उनको प्रायोगिक समालोचनाको कोटिमा राख्न सकिन्छ ।

### (त) पुरानो चर्चा

'पुरानो चर्चा' राममणि रिसालको 'भूमिका' (२०६२) निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । छोटाछोटा दस अनुच्छेदमा संरचित यस निबन्धमा राममणि रिसालले निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको चर्चा गरेका छन् । यस निबन्धमा रिसालले पुस्तकालयमा पहिलो पल्ट छिर्दा लक्ष्मीप्रसाद देवकोटाको 'लक्ष्मी निबन्धसङ्ग्रह' भेट्टाएको र त्यस भित्रको 'सुस्तरी श्वास फेर' निबन्धको शीर्षक अनौठो लागेको कुरा बताएका छन् । 'लक्ष्मी निबन्धसङ्ग्रह' नै पछि आफ्नो निबन्धयात्राको पहिलो आदर्श सिरानी, गुरु र गरिमा हुनपुगेको तथ्य पनि रिसालले यहाँ प्रकट गरेका छन् । लक्ष्मीप्रसाद देवकोटाले नै नेपाली निबन्ध जगतमा पहिलोपल्ट परिवर्तनको शंख फुकेको कुरा रिसालले यहाँ अभिव्यक्त गरेका छन् । अन्त्यमा रिसालले लक्ष्मीप्रसाद देवकोटालाई सरस्वतीको वरदपुत्र, सबै विधामा निर्वाध कलम चलाउने अपूर्व योद्धा ठानेका छन् र 'लक्ष्मी निबन्धसङ्ग्रहमा चातुर्दिक प्रतिभाको उल्लेख्य चमत्कार पाइन्छ

भनेका छन् । यसलाई पनि रिसालको कृति र कृतिकारमा केन्द्रित प्रायोगिक सालोचना मान्न सकिन्छ ।

### (थ) जो बल्यो, त्यो निभ्दैन

'जो बन्यो त्यो निभ्दैन' राममणि रिसालको 'भूमिका' (२०६२) निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । जम्मा सात अनुच्छेदमा संरचित उक्त निबन्धमा साहित्यकार स्व. शरद्चन्द्र भट्टराईका बारेमा चर्चा गरिएको छ । नेपाली भाषा र साहित्यका लागि मरिमेटेर लाग्ने सर्जक एवं अन्वेषक शरदचन्द्र भट्टराईको मृत्युले नेपाली साहित्य पक्षघातको चपेटामा परेको धारणा रिसालले यहाँ व्यक्त गरेका छन् र हाम्रो समाजमा विद्यमान मृत्यु पछिमात्र सम्मान गर्ने परिपाटीप्रति व्यङ्ग्य गरेका छन् र यसबाट पनि रिसालको समालोचनात्मक चेत प्रकट भएकै छ ।

### (द) साहित्य, संस्कृतिः त्राण वा प्राण

'साहित्य संस्कृतिः त्राण वा प्राण' राममणि रिसालको 'भूमिका' (२०६३) निबन्ध सङ्ग्रहमा सङ्ग्रहित साहित्य र संस्कृतिको महत्वका बारेमा विवेचना गरिएको निबन्ध हो । सात अनुच्छेदमा संरचित उक्त निबन्धमा रिसालले साहित्यका बारेमा आफ्ना विचारहरू व्यक्त गरेका छन् । रिसालले साहित्यलाई जीवन र शक्तिहरूको समष्टि दान भनेका छन् । साहित्यका बारेमा आफ्ना विचारहरू व्यक्त गर्ने क्रममा उनले साहित्य बुद्धि र भावनालाई मिलाउने एक पुण्यक्षेत्र पनि हो भनेका छन् । साहित्यको विषय समपूर्ण जीवन हो र साहित्यबाट आत्मरञ्जना मिल्छ भन्दै अन्त्यमा उनले साहित्य र संस्कृति हाम्रो त्राण हो वा प्राण ? यो बहस स्वयम पूर्ण र अपूर्ण पनि छ भन्ने निष्कर्ष दिएका छन् र यसलाई पनि उनको सैद्धान्तिक समालोचनासँग आवद्ध निबन्धका रूपमा हेर्न सकिन्छ ।

## ४.५ राममणि रिसालका समालोचकीय प्रवृत्ति

सामान्यतया प्रत्येक व्यक्ति जन्मजात रूपमा नै समालोचक हो । संसारका हरेक वस्तुहरूप्रतिको आकर्षण र विकर्षण व्यक्त गर्न मानिस कहिल्यै पनि चुक्दैन । हरेक वस्तुको असल र खराब गुणको पारख गर्न सक्ने मानवीय गुण नै समालोचनाको आद्य ब्रह्मबीज हो भन्नु अत्युक्ति नहोला । हरेक लेखकको वा समालोचकको आफ्नै पद्धति, विशेषता र क्षेत्र हुन्छ । त्यो नै उसको सम्पत्ति हो गहना हो र महानता हो । यदि कुनै लेखक केवल अनुकरणमा मात्र सीमित छ भने उसको मूल्यलाई लोकले सम्मानको पगरी पहिराउन अवश्य नै सक्दैन । त्यसैले साहित्यमा हरेक लेखकको आफ्नो पन, मौलिकता महनीय पक्ष हो । नेपाली समालोचना परम्परामा आफ्नै मौलिक पद्धति, विशेषता र क्षेत्र लिएर देखापरेका एक समालोचक हुन् - राममणि रिसाल ।

राममणि रिसाल समालोचनाका क्षेत्रबाट नै सृजनाका क्षेत्रमा प्रवेश गरेका हुन् । नेपाली समालोचना परम्पराको चौथो चरण (२०२३-२०४६) को प्रारम्भतिर नै अर्थात् २०२५ सालदेखि नेपाली समालोचनामा प्रवेश गरेका राममणि रिसालले आफ्नो समालोचनायात्राको पुग नपुग चारदशकको अवधिसम्म एउटा मौलिक र एउटा सम्पादित समालोचनात्मक कृति प्रकाशन गर्नुका साथै विभिन्न पत्रपत्रिकामा केही फुटकर समालोचनात्मक लेखहरू प्रकाशित गरिसकेका छन् । राममणि रिसालका समालोचनात्मक कृतिलाई हेर्दा उनको समालोचनाको मुख्य क्षेत्र नेपाली साहित्यको कविता विधा नै रहेको देखिन्छ । उनले कविता विधा बाहेक अन्य विधाको समालोचना गरेका छैनन् । कविता विधा अन्तर्गत पनि महाकाव्य, खण्डकाव्य र गीतिकाव्यमा नै विशेष रूपमा उनको समालोचना दृष्टि केन्द्रित रहेको छ । रिसालले जीवित तथा दिवंगत दुवैथरी प्रतिभाहरूको कृतिहरूको विवेचना गरी तिनका योगदान केलाएका छन् । राममणि रिसालको समालोचनाको क्षेत्र नेपाली कविताको प्राथमिक कालदेखि २०१९ सालसम्म सीमित रहेको छ । राममणि रिसाल कालक्रमिक रूपमा समालोचना

गर्ने समालोचक हुन् । उनले आफ्नो समालोचनात्मक ग्रन्थ 'नेपाली काव्य र कवि' (२०३१) मा सुरुमा भाषाको उत्पत्तिको चर्चा गरेका छन् त्यसपछि संस्कृत साहित्यका रामायण, महाभारत हुँदै आचार्य भामह, दण्डी, वामन, आनन्दवर्धन, कुन्तक, विश्वनाथ, भारवी, माघ, श्रीहर्षका काव्यमान्यता र सृजनात्मक योगदानको चर्चा गरेका छन्, अनिमात्र नेपाली कविताका प्राथमिककालीन इन्दीरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ पोखरेल, भानुभक्त आचार्य तथा माध्यमिककालीन मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त एवम् आधुनिककालीन चक्रपाणि चालिसे, सोमनाथ सिग्द्याल, लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका बारेमा क्रमशः चर्चा गरेका छन् ।

राममणि रिसाल मूलतः प्रायोगिक समालोचना लेख्ने समालोचक हुन् तापनि उनले आंशिक रूपमा सैद्धान्तिक समालोचना पनि लेखेका छन् । आफ्नो प्रथम पुस्तकाकार समालोचनात्मक कृति 'नेपाली काव्य र कवि' को महाकाव्य खण्डको सुरुका दुई शीर्षक 'नेपाली काव्यमा संस्कृत काव्य परम्पराको प्रभाव' र 'नेपालीका अन्य काव्यपरम्परा' मा उनले पूर्वीय र पाश्चात्य काव्य सिद्धान्तको चर्चा गरेका छन् ।

राममणि रिसाल खोज अन्वेषणमूलक समालोचक पति हुन् । 'माध्यमिककालीन कवि बैजनाथ न्यौपाने र उनका सिर्जना' (२०६३) रिसालको खोज अनुसन्धानमूलक कृति हो । यसमा उनले नेपाली कविताको माध्यमिककालका लुकेर बसेका कवि बैजनाथ न्यौपानेका बारेमा खोज अन्वेषण गरी प्रकाशमा ल्याउने काम गरेका छन् ।

राममणि रिसालका समालोचनाहरू प्रतिभा केन्द्रित छन् । उनले लेखेका अधिकांश समालोचनाहरू व्यक्ति साहित्यकारका व्यक्तित्वको वरिपरि घुमेका छन् । सोमनाथ सिग्धाल, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, मोदनाथ पश्रित, माधवप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र माधव घिमिरेको समालोचना गर्दा उनीहरूका वैयक्तिक जीवनवृत र उपलब्धिहरूका आधारमा उनले समालोचना गरेका छन् । मोतीराम भट्टको गुणदर्शन प्रधान समालोचनाबाट सुरु भएको नेपाली समालोचना रामकृष्ण शर्मामा पुगेर दोषदर्शन प्रधान बन्दछ । मोतीराम भट्टमा

स्रष्टाहरू र तिनको कृतिको प्रशंसा गर्ने प्रवृत्ति छ भने रामकृष्ण शर्मामा व्यक्ति प्रतिभाका कमजोरीहरू खोतली कडा प्रहार गर्ने प्रवृत्ति छ । यी दुई धारामध्ये राममणि रिसाल मोतीराम धाराका गुणदर्शक समालोचक हुन् र उनमा पनि व्यक्ति-कृतिको प्रशंसा गर्ने प्रवृत्ति छ । राममणि रिसाल आफूले समालोचना लेखनका निम्ति चयन गरेका साहित्यकारका जीवनका विविध पक्षहरूलाई केलाउँदै सम्बद्ध स्रष्टाका कृतिको व्याख्या गर्न रुचाउँछन् । उनको विवेचना र व्याख्यामा बौद्धिकता र रोचकता पाइन्छ र यो नै उनको महत्वपूर्ण समालोचनात्मक विशेषता हो ।

राममणि रिसालको समालोचना गर्ने अर्को पद्धति प्रभाववादी पद्धति हो । राममणि रिसाल प्रभाववादी समालोचक हुन् । साहित्यिक कृतिको अध्ययन गर्दा सम्बद्ध कृतिले आफ्ना मनमा परेको प्रभावका आधारमा कृतिको समालोचना गर्ने प्रभाववादी पद्धति एउटा प्रचलित पद्धति नै हो । जुनसुकै पद्धति अँगालेर समालोचना गरे तापनि कृतिले आफ्ना मनमा परेको प्रभावबाट मुक्त रहेर कसैले पनि समालोचना गर्न नसक्ला । राममणि रिसालको समालोचना पनि प्रभाववादबाट मुक्त छैन । उनी मूलतः प्रभाववादी समालोचक नै हुन् । सोमनाथ सिग्द्याल, बालकृष्ण सम, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, धर्मराज थापा, अगमसिंह गिरी, नीरबिक्रम प्यासी, म.बी.बि. शाह, भीमनिधि तिवारी आदिका कृतिहरूको अध्ययन गरी त्यसबाट आफूमा परेको प्रभावका आधारमा लेखकका सबल र दुर्बल पक्षलाई उभ्याउन उनी चुकेका छैनन् । समालोचकका रूपमा राममणि रिसालको अर्को विशेषता हो– स्पष्टवादिता । आफ्ना मनमा लागेका सबै कुरा उनले खुलस्त रूपमा व्यक्त गरेका छन् ।

व्यक्ति साहित्यकारको मूल्याङ्कन गर्ने राममणि रिसालको अर्को पद्धति तुलनात्मक पद्धति हो । 'नेपाली काव्य र कवि' मा राममणि रिसालले कतिपय ठाउँमा एउटा लेखकलाई अरू लेखकसँग तुलना गरेर मूल्याङ्कन गरेका छन् । महाकाव्य खण्डमा रिसालले महाकाव्य लक्षणका आधारमा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम,

लेखनाथ पौड्याल र सोमनाथ सिग्द्यालको एक अर्कासँग तुलना गरेका छन् । यसरी राममणि रिसाल तुलनात्मक पद्धतिबाट साहित्यकारका सफलता र असफलताको पहिचान गर्न पनि सक्षम छन् ।

राममणि रिसालका समालोचनामा रागाात्मक चेतना पाइन्छ । उनी कृतिको समीक्षा गर्दा त्यसको कथ्य विषयमा बढी जोड दिन्छन् । राममणि रिसाल निबन्धकार पनि भएकाले उनका समालोचनामा निबन्धात्मक चेत र उनका निबन्धमा समालोचनात्मक चेत पाइन्छ ।

रिसालको समालोचनाको भाषाशैली ज्यादै सरल, सहज, कोमल र काव्यात्मक प्रवृत्तिको देखिन्छ । उनको अभिव्यक्ति स्तरीय भईकन पनि जटिल र दुरुह हुँदैन । सरल र सहज शब्दावलीको प्रयोग गर्दै रिसालले सम्बद्ध साहित्यकार र उनीहरूका कृतिको व्याख्या-विवेचना गरेका छन् । रिसालले तत्सम शब्दहरूको प्रयोग पनि समुचित ढङ्गले गरेका छन् ।

समग्रमा पूर्वीय र पाश्चात्य दुवैथरी साहित्यशास्त्रका सिद्धान्तहरूको प्रयोग गरे तापनि उनी पूर्वीय साहित्य सिद्धान्तप्रति अलि बढी झुकाव राख्ने प्रभाववादी समालोचक हुन् ।

# पाँचौ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

समालोचक राममणि रिसालको जीवनी व्यक्तित्वको संक्षिप्त चर्चा गर्दै नेपाली साहित्यको समालोचना क्षेत्रमा उनको आगमन, योगदान तथा उनका कृतिहरूको अध्ययन र विश्लेषण गरी मूल्याङ्क गर्ने लक्ष्य लिएर यो शोधकार्य गरिएको हो ।

यस शोधपत्रको प्रथम परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा राममणि रिसालको जीवनी तथा व्यक्तित्वबारे संक्षेपमा परिचय दिने प्रयास गरिएको छ । वि.सं. १९९७ सालमा ललितपुर जिलाको सैंबु भैंसेपाटी भन्ने ठाउँमा जन्मिएका राममणि रिसाल २०२५ सालमा 'जमरा' पत्रिकामा 'रङ्गमञ्चः दुई शब्द' शीर्षकको समालोचनात्मक लेख प्रकाशित गरेर नेपाली साहित्यमा पदार्पण गरेका हुन् । सुरुमा प्राध्यापन र त्यसपछि प्रशासनका क्षेत्रमा संलग्न भएर आफ्नो क्रियाशील जीवन व्यतित गरेका रिसाल निबन्धकार र समालोचक हुन् । राममणि रिसालले २०२३ सालदेखि नेपाल नेसनल कलेजमा प्राध्यापन गर्न थालेका थिए । उनले २०२६ सालदेखि पाटन कलेजमा पनि प्राध्यापन गरेका थिए र २०३६ सालदेखि उनी श्री ५ को सरकारको प्रशासन सेवातर्फ पदार्पण गरेका हुन् । रिसालले २०४५ सालसम्म आंशिक रूपमा प्राध्यापन गरेका थिए भने २०४६ देखि प्राध्यापन कर्मलाई पूरै छाडेर प्रशासन सेवामा संलग्न भएका थिए । रिसालले २०५८ साल फागुन २२ गतेदेखि निजामति सेवाबाट औपचारिक रूपमा अवकाश प्राप्त गरेका हुन् । राममणि रिसालका एउटा मौलिक र एउटा सम्पादित पुस्तकाकार समालोचनात्मक कृति र आठवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । यी कृतिहरका साथै विभिन्न पत्रपत्रिकामा उनका थुप्रै निबन्ध तथा समालोचनात्मक लेख प्रकाशित भएका छन् ।

नेपाली समालोचना परम्परामा राममणि रिसालको आगमन र उनको समालोचनायात्राबारे प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा अध्ययन गरिएको छ । सिर्जनात्मक साहित्यको उद्‌भवपछि मात्र समालोचनाको जन्म हुने भएकाले नेपाली साहित्यमा समालोचनाको आरम्भ धेरै पछि मात्र भएको हो । मोतीराम भट्टद्वारा लेखिएको कवि भानुभक्त आचार्यको जीवनचरित्र (१९४८) लाई नै नेपाली समालोचनाको प्रस्थान विन्दुका रूपमा स्वीकार गरिएको छ । यसपछि, परवर्ती समयमा नेपाली समालोचना विविध प्रवृत्ति एवं प्राप्तिहरूलाई आत्मसात गर्दै वर्तमान अवस्थासम्म आएको हो । नेपाली समालोचनाको प्रथम चरण (१९४८-१९९८) गुणग्राही, प्रभावपरक, जीवनीमूलक पद्धतिमा आधारित चरण हो भने नेपाली समालोचनाको द्वितीय चरण (१९९९-२००६) यिनै विविध प्रवृत्तिहरूका अतिरिक्त व्याख्यात्मक, वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक, ऐतिहासिक एवं विधापरक समालोचनात्मक पद्धतिले प्रश्रय पाएको चरण हो । तेस्रो चरण (२००७-२०२२) नेपाली समालोचनाका क्षेत्रमा प्रगतिवादको प्रवेश भएको चरण हो । यसै चरणदेखि नै पूर्वीय एवं पाश्चात्य काव्यशास्त्रको अध्ययन गरी तिनका आधारमा कृति र कृतिकारको समालोचना गर्ने पद्धतिको विकास भएको देखिन्छ । नेपाली समालोचनाको चौथो चरण (२०२३-२०४६) विगतका चरणका तुलनामा अपेक्षाकृत बढी विकसित भएको चरण हो । यस चरणमा व्याख्यात्मक, बहुलवादी, अन्वेषणात्मक, शैलीवैज्ञानिक, प्रगतिवादी, मनोवैज्ञानिक आदि विविध समालोचनाहरू पनि लेखिएका छन् । नेपाली समालोचनाको पाँचौ चरण (२०४७- वर्तमान सम्म) उत्तरआधुनिकतावादी धारणाले व्यापकता पाएको चरण हो र यस चरणमा विनिर्माणवाद, नारीवाद, पाठपरक रूपवाद, संरचनावाद, नवव्यवहारवाद, नवमार्क्सवाद, शैलीवैज्ञानिक जस्ता विविध पद्धतिले नेपाली समालोचनामा वयापक प्रभाव पार्न थालेको देखिन्छ । राममणि रिसाल नेपाली समालोचनाको चौथो चरण (२०२३-२०४६) मै देखापरी यसै चरणमा आफ्नो स्थान बनाउन सफल काव्य समालोचक हुन् ।

'रङ्गमञ्चः दुईशब्द' (२०२५ 'जमरा') शीर्षक समालोचनात्मक लेखका माध्यमबाट नेपाली समालोचनाक्षेत्रमा प्रवेश गरेका समालोचक राममणि रिसालका समग्र समालोचनाहरूको अध्ययन-अनुसन्धान गर्दा उनको सिङ्गो समालोचनायात्रा (२०२५-२०६३) एकै प्रवृत्तिको देखिने भएकाले चरण विभाजन त्यति आवश्यक छैन ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा राममणि रिसालका समालोचनाहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ । २०३१ सालमा राममणि रिसालको पहिलो पुस्तकाकार समालोचनात्मक कृति 'नेपाली काव्य र कवि' प्रकाशित भयो् । पुगनपुग चार दशकसम्मको समालोचनायात्रामा यही नै उनको महत्वपूर्ण समालोचनात्मक कृति हो । यही एउटै कृति राममणि रिसाललाई समालोचकका रूपमा उभ्याउन सफल भएको छ । रिसालका विभिन्न समालोचनाहरूको अध्ययन गर्दा ती समालोचनाहरू प्रभाववादी पद्धतिमा लेखिएका हुनाले उनको मूलभूत समालोचकीय प्रवृत्ति प्रभाववाद नै ठहरिन आएको छ । यी समालोचनाहरूमा उनी व्याख्यात्मक तुलनात्मक, खोज अन्वेषणात्मक समालोचना पद्धति अवलम्बन गर्ने समालोचकका रूपमा देखिएका छन् । व्याख्यात्मक र विश्लेषणात्मक भएर पनि समालोचना सरल सरस तथा स्पष्ट र प्रभावपूर्ण हुनु रिसालका समालोचनाको भाषाशैलीगत वैशिष्ट्य हो । समग्रमा समालोचना परम्परामा आफ्नै किसिमको स्वतन्त्र पहिचान राख्ने राममणि रिसालको स्थान नेपाली समालोचनाको इतिहासमा उपलब्धिपूर्ण रहेको छ ।

# सन्दर्भग्रन्थसूची

## (क) सन्दर्भपुस्तक सूची


अधिकारी, रामलाल, नेपाली साहित्यमा निबन्ध, **नेपाली निबन्धयात्रा**, दार्जिलिङ्ः नेपाली साहित्य संचयिका, २०३२ ।

कँडेल, घनश्याम, (सम्पा.), **नेपाली समालोचना**, काठमाडौंः साझा प्रकाशन, २०५५ ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.), **साझा समालोचना,** काठमाडौंः साझा प्रकाशन, २०५५ ।

पोखरेल, केशवराज, **नेपाली समालोचना र प्रतिनिधि समालोचक**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार परिचयकोष**, काठमाडौंः नेसनल रिसर्च एशोसियट्स, २०५१ ।

भट्टराई, जयदेव (सम्पा.), **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौंः ने.रा.प्र.प्र. २०५४ ।

रावल, ललिजन र उदय निरौला (सम्पा.), **सरकारी सेवाभित्रका साहित्यिक स्रष्टा र सिर्जना**, काठमाडौंः अनुराग साहित्यिक प्रकाशन, २०५६ ।

रिसाल, राममणि, **नेपाली काव्य र कवि** (पाँ.सं.), काठमाडौंः साझा प्रकाशन, २०३१ ।

…………………, **अक्षरपछि अक्षर**, काठमाडौंः साझा प्रकाशन, २०४१ ।

…………………, **भिजेका पलपल**, काठमाडौंः साझा प्रकाशन, २०४५ ।

…………………, **मेरो चेतनाको अन्तर्यात्रा**, काठमाडौंः साझा प्रकाशन, २०५२ ।

…………………, **म एक म अनेक**, ललितपुरः श्रीमती अरुणा रिसाल, २०६० ।

…………………, **अन्यथा**, काठमाडौंः साझा प्रकाशन, २०५९ ।

…………………, **भूमिका**, ललितपुरः कुमारमणि रिसालः अम्बिका रिसाल, २०६२ ।

…………………, (सम्पा), **माध्यमिककालीन कवि वैजनाथ न्यौपाने र उनका सिर्जना**, भक्तपुरः श्रीमती तीर्थकुमारी न्यौपाने, २०६३ ।

शर्मा, गोपिकृष्ण (सम्पा), **नेपाली निबन्ध भाग २**, ललितपुरः साझा प्रकाशन, २०४८ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास** (दो.सं.), काठमाडौंः संकल्प प्रकाशन, २०३९ ।

शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रुपरेखा**, वाराणसीः कृष्णकुमारीदेवी, २००८ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको इतिहास** (चौ.सं.), काठमाडौंः साझा प्रकाशन, २०४९ ।

सुवेदी राजेन्द्र, **स्रष्टा सृष्टिः द्रष्टा दृष्टि**, काठमाडौंः साझा प्रकाशन, २०४३ ।

…………………, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, वाराणसीः भूमिका प्रकाशन, २०६१ ।

**(ख) सन्दर्भ पत्रपत्रिका सूची**

भुसाल, राजु, समालोचनाको स्वरुप र प्रकार, **कुञ्जिनी**, वर्ष १२, अङ्क ९, २०६१।२०६२ ।

रिसाल, राममणि, सुलोचना क्रान्तिकारी प्रयोग, **जमरा**, वर्ष २, अङ्कुर २, २०२७।

……………, रङ्गमञ्च दुईशब्द, **जमरा**, वर्ष १, अङ्कुर १, २०२५ ।

सुवेदी राजेन्द्र, आधुनिक नेपाली निबन्ध शिक्षण, **वाङ्मय,** वर्ष १०, पूर्णाङ्क १०, २०५७२०५८ ।

## (ग) सन्दर्भ शोधपत्रसूची

खतिवडा, पुष्पराज, **राममणि रिसालको निबन्धकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६१ ।

भट्टराई, पुनम, **राममणि रिसालः जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५४ ।